# फैसला कार्यान्वयन सम्बन्धी
## वार्षिक प्रतिवेदन

आ.ब. २०६९/०७०

नेपाल सरकार

# शिक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

२०७०

## मन्तव्य

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११६ को उपधारा (१) मा मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको । यस संवैधानिक व्यवस्था अनुसार मुद्दा मामिलाको रोहमा श्री सर्वोच्च अदालत तथा मातहतका अदालतबाट शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरुले कार्यान्वयन गर्ने गरी भएका फैसला, आदेश ( निर्देशनात्मक, परमादेश लगायत ) को हालसम्मको अध्यावधिक विवरण र सो को कार्यान्वयन स्थिति झल्किने गरी प्रस्तुत प्रतिवेदन तयार भएको छ ।

प्रस्तुत प्रतिवेदनको प्रकाशनबाट यस मन्त्रालयसंग सम्वन्धित सर्वोच्च अदालत तथा पुनरावेदन अदालतबाट जारी आदेश वा फैसला र सो को कार्यान्वयनको स्थितिका बारेमा पूर्ण जानकारी प्राप्त हुनेछ ।

अन्त्यमा, प्रस्तुत प्रतिवेदन तयार गर्न र प्रकाशनमा संलग्न शिक्षा मन्त्रालयका सम्वन्धित सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । साथै, आगामी दिनमा पनि सम्मानित सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्ने कार्यमा सकृयतापूर्वक लाग्ने अपेक्षा सहित फैसला कार्यान्वयन सम्वन्धी वार्षिक प्रतिवेदनको प्रकाशनले निरन्तरता पाओस भन्ने कामना गर्दछु ।

मिति : २०७०।३।२८

नारायणगोपाल मलेगो
सचिव

# विषय सूची


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| २. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अभिलेखमा उल्लेखित शिक्षा मन्त्रालयसंग सम्बन्धित श्री सर्वोच्च अदालतबाट भएको निर्देशनात्मक आदेश र सो को कार्यान्वयन अवस्था | ७ |
| ३. | श्री सर्वोच्च अदालतबाट भएका प्र. म. तथा मं. प.को अभिलेखमा शिक्षा मन्त्रालयसंग सम्बन्धित भनि उल्लेखित निर्देशनात्मक आदेश तथा फैसलाको कार्यान्वयन विवरण तालिका | १६ |
| ४. | श्री सर्वोच्च अदालतबाट भएको प्र. म. तथा म.प.को अभिलेख बाहेकका शिक्षा मन्त्रालयसंग सम्बन्धित अन्य फैसला निर्देशनात्मक आदेश र सो को कार्यान्वयन अवस्थाको विवरण तालिका | २४ |
| ५. | श्री सर्वोच्च अदालतबाट भएको शिक्षा मन्त्रालयसंग सम्बन्धित फैसला तथा आदेश कार्यान्वयन भैसकी लगत कट्टा हुनुपर्ने विवरण | ६३ |
| ६. | श्री सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालय बाट लगत कट्टा भएको फैसला तथा आदेशहरुको विवरण | ६९ |
| ७. | श्री पुनरावेदन अदालत, प्रशासकीय अदालत तथा आयोग बाट भएका शिक्षा मन्त्रालयसंग सम्बन्धित अन्य फैसला वा आदेश र सो को कार्यान्वयन अवस्थाको विवरण तालिका | ७१ |

श्री पुनरावेदन अदालत इलाम

श्री पुनरावेदन अदालत धनकुटा

श्री पुनरावेदन अदालत राजविराज

श्री पुनरावेदन अदालत जनकपुर

श्री पुनरावेदन अदालत तुलसीपुर, दाङ

श्री पुनरावेदन अदालत हेटौंडा,मकवानपुर

श्री पुनरावेदन अदालत बुटवल

श्री प्रशासकीय अदालत, काठमाण्डौ

श्री राष्ट्रिय सूचना आयोग

## १. परिचयः

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (१) ले यस संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएकोले वा अन्य कुनै कारणले कुनै कानून यो संविधानसँग बाझिएको हुँदा सो कानून वा त्यसको कुनै भाग बदर घोषित गरी पाउँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ र सो अनुसार कुनै कानून संविधानसँग बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ भनि व्यवस्था गरेको छ ।

सोहि धाराको उपधारा (२) ले यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरुपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ । सो प्रयोजनका लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ भनि व्यवस्था गरेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११५ मा अदालतलाई सहयोग गर्नुपर्ने र धारा ११६ मा अदालतको आदेश र निर्णयलाई मान्नुपर्ने व्यवस्था छ ।

माथी उल्लिखित संवैधानिक व्यवस्था, श्री सर्वोच्च अदालतबाट अदालतले दिएको आदेश वा गरेको फैसला कार्यान्वयन गर्न जारि भएको निर्देशनात्मक आदेश तथा श्री सर्वोच्च अदालतबाट जारी भएका आदेश, निर्णयहरूको कार्यान्वयनका सन्दर्भमा प्राप्त भएका नेपाल सरकार, मन्त्रिपरिषद्बाट गरिएका निर्णयहरूबाट समेत यस मंत्रालयले अदालतले दिएको आदेश वा गरेको फैसलाको कार्यान्वयन गर्नु अत्यावस्यक र अनिवार्य रहेको छ ।

## श्री सर्वोच्च अदालतबाट अदालतले दिएको आदेश वा गरेको फैसला कार्यान्वयन गर्न जारि भएको निर्देशनात्मक आदेशः

श्री सर्वोच्च अदालतबाट सम्बत् २०६४ सालको रिट नं. १०७४ को रिट निवेदनमा मिति २०६६।८।२२ मा "यस अदालतले संविधानको धारा १०७(१) वा (२) वा (३) वा अन्य कुनै धारा वा कानून अन्तर्गत दिएको आदेश वा निर्णय वा यस अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त वा नेपालका कुनै अदालतले दिएको आदेश वा गरेको फैसला शीघ्र कार्यान्वयन गर्न यो आदेश प्राप्त भएका मितिले १२० दिनभित्र प्रत्येक मन्त्रालयको सचिवले आ-आफ्नो मन्त्रालयको कामको सम्बन्धमा आ-आफ्ना नाममा जारी भएको आदेश कार्यान्वयन गर्न एउटा प्रभावकारी संयन्त्र गठन गरी यस अदालतलाई जानकारी दिनु । गठन गरिने त्यस्तो संयन्त्रलाई Organizational chart मा समावेश गरी कानूनी अस्तित्व स्थापना गर्नु र नेपाल सरकारले आवश्यक निर्णय गरी संयन्त्रको काम, कर्तव्य फैसला कार्यान्वयन गर्न तोक्नु" भनी प्रत्येक मन्त्रालयको सचिवको नाममा निर्देशनात्मक आदेश जारी भएको ।

**श्री सर्वोच्च अदालतबाट जारी भएका आदेश, निर्णयहरूको कार्यान्वयनका सन्दर्भमा प्राप्त भएका नेपाल सरकार, मन्त्रिपरिषद्बाट गरिएका निर्णयहरू:**

**(क) मिति २०६६।२।२२ को नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय :**

"(क) नयाँ कानून बनाउनु पर्ने वा प्रचलित कानूनमा संशोधन गर्नु पर्ने भएमा तीन महिना भित्र आवश्यक कानूनको मस्यौदा तर्जुमा गरी स्वीकृतिका लागि सम्बन्धित मन्त्रालयले पेश गर्ने,

(ख) मन्त्रालय तहबाटै कार्यान्वयन हुन सक्ने विषयहरू एक महिना भित्र कार्यान्वयन गरी मन्त्रिपरिषद्लाई जानकारी गराउने,

(ग) आर्थिक व्ययभार व्यहोर्नुपर्ने कार्यहरूको लागि अर्थ मन्त्रालयसँग समन्वय राखी आगामी आर्थिक बर्षको बजेटमा समावेश गर्ने व्यवस्था मिलाउने,

(घ) निर्देशनात्मक आदेश कार्यान्वयनका लागि नीतिगत निर्णय गर्नुपर्ने भएमा निर्णयका लागि एक महिना भित्र मन्त्रिपरिषद् समक्ष पेश गर्ने,

(ङ) उल्लिखित निर्णय मनासिव माफिकको कारण भई कार्यान्वयन हुन नसकेको अवस्थामा बाहेक तोकिएका समयमा कार्यान्वयन नभएमा सम्बन्धित सचिवलाई जिम्मेवार बनाउने,

(च) माथि उल्लिखित कार्यहरू भए नभएको अनुगमन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून तथा मानव अधिकार महाशाखा हेर्ने सचिवले गर्ने"

**(ख) मिति २०६७।११।१७ को नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय :**

"(क) सम्मानित सर्वोच्च अदालतबाट २०६४ सालको रि.नं. १०७४ को रिट निवेदनमा मिति २०६६।८।२२ मा भएको आदेश बमोजिम सर्वोच्च अदालतको आदेश, निर्णय वा फैसला कार्यान्वयन गर्न नेपाल सरकारका सबै मन्त्रालयहरूमा कानून तथा फैसला कार्यान्वयन शाखा/महाशाखा गठन गरी सो शाखा/महाशाखालाई सम्बन्धित मन्त्रालयको संगठन तालिकामा समेत समावेश गर्ने ।

(ख) प्रकरण नं.(क) बमोजिम गठन हुने शाखा/महाशाखाको काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धी व्यवस्था अनुसूचि-१ मा उल्लेख भए बमोजिम हुने ।"

अनुसूची १

**<u>अदालतको आदेश, निर्णय वा फैसला कार्यान्वयन संयन्त्र गठन सम्बन्धमा ।</u>**

अधिवक्ता मीरा ढुङ्गाना निवेदक विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत विपक्षी भएको सम्वत् २०६४ सालको रिट नं. १०७४ को रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट "यस अदालतले संविधानको धारा १०७(१)

वा (२) वा (३) वा अन्य कुनै धारा वा कानून अन्तर्गत दिएको आदेश वा निर्णय वा यस अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्दान्त वा नेपालका कुनै अदालतले दिएको आदेश वा गरेको फैसला शीघ्र कार्यान्वयन गर्न यो आदेश प्राप्त भएका मितिले १२० दिनभित्र प्रत्येक मन्त्रालयको सचिवले आ-आफ्नो मन्त्रालयको कामको सम्बन्धमा आ-आफ्ना नाममा जारी भएको आदेश कार्यान्वयन गर्न एउटा प्रभावकारी संयन्त्र गठन गरी यस अदालतलाई जानकारी दिनु। गठन गरिने त्यस्तो संयन्त्रलाई Organizational chart मा समावेश गरी कानूनी अस्तित्व स्थापना गर्नु र नेपाल सरकारले आवश्यक निर्णय गरी संयन्त्रको काम, कर्तव्य फैसला कार्यान्वयन गर्न तोक्नु" भनी प्रत्येक मन्त्रालयको सचिवको नाममा निर्देशनात्मक आदेश जारी भएको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको आदेश कार्यान्वयनका लागि नेपाल सरकार, मन्त्रिपरिषद्ले सबै मन्त्रालयहरूमा फैसला कार्यान्वयन शाखा/महाशाखाको गठन गरी सो शाखा/महाशाखाको काम, कर्तव्य र अधिकार र कार्यविधि देहाय बमोजिम हुने गरी तोकेको छ।

**(१) <u>कानून तथा फैसला कार्यान्वयन शाखा/महाशाखाको गठन:</u>** नेपाल सरकारका सबै मन्त्रालयहरूमा एक कानून तथा फैसला कार्यान्वयन शाखा/महाशाखा (यसपछि " शाखा/महाशाखा" भनिएको) रहने छ।

**(२) <u>शाखा/महाशाखाको काम र कर्तव्य:</u>** (१) नेपाल सरकारका विभिन्न मन्त्रालयहरूमा कायम रहेका कानून शाखा/महाशाखाहरूबाट सम्पादन हुँदै आएका काम र कर्तव्यका अतिरिक्त शाखा/महाशाखाको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) आफ्नो मन्त्रालय वा सो मन्त्रालयसंग सम्बन्धित संवैधानिक निकाय वा अन्तर्गत विभाग वा कार्यालयका नाममा जारी भएको वा आफ्नो मन्त्रालय वा सो मन्त्रालयसंग सम्बन्धित संवैधानिक निकाय वा अन्तर्गत विभाग वा कार्यालयबाट कार्यान्वयन हुनु पर्ने सर्वोच्च अदालत वा अन्य अदालतबाट जारी भएको आदेश, निर्णय वा फैसलाहरूको संकलन गरी अद्यावधिक अभिलेख तयार गर्ने।

(ख) आदेश वा फैसला प्राप्त भएको ७ (सात) दिनभित्र आदेश वा फैसला कार्यान्वयन कार्ययोजना तयार गरी स्वीकृत गर्ने, गराउने र सो कार्ययोजनाको १ प्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

(ग) मनासिव कारण भएमा बाहेक आदेशमा उल्लेखित मिति वा कानूनका म्यादभित्रै आदेश वा फैसलाको कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाउने।

(घ) कुनै मनासिव कारणले गर्दा आदेश वा फैसलामा उल्लेखित म्यादभित्र आदेश वा फैसला कार्यान्वयन हुन नसक्ने भएमा मनासिव समय थपका लागि महान्यायाधीवक्ताको कार्यालय मार्फत सर्वोच्च अदालतमा म्याद थप सम्बन्धमा निवेदन वा पुरक निवेदन पेश गरी भएको आदेशानुसार गर्ने र सो को जानकारी दफा ५ बमोजिमको अनुगमन समितिलाई गराउने।

(ङ) आफ्नो मन्त्रालयसंग सम्बन्धित कुनै वा सबै आदेशका सम्बन्धमा सम्बन्धित निकायहरूबाट आवश्यक विवरण माग भएमा यथाशीघ्र सो बमोजिमको विवरणहरू पठाउने।

(च) आफ्नो मन्त्रालयसंग सम्बन्धित आदेश वा फैसलाको अद्यावधिक विवरण तयार गरी मन्त्रालयको website मा राख्ने र समय, समयमा अद्यावधिक गर्ने, गराउने व्यवस्था मिलाउने ।

(छ) आदेश वा फैसला कार्यान्वयन सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्षको श्रावण १५ गतेभित्र महान्यायाधीवक्ताको कार्यालय मार्फत सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयमा पठाउने र सो को १ प्रति प्रतिलिपि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने । वार्षिक प्रतिवेदनमा अन्य कुराहरूका अतिरिक्त देहाय बमोजिमका कुराहरू अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्ने छ :

- मन्त्रालयका नाममा जारी वा मन्त्रालयबाट कार्यान्वयन हुनुपर्ने आदेश वा फैसलाको संख्या,
- आदेशको प्रकृति (निर्देशनात्मक, परमादेश वा अन्य कुनै),
- रिट/मुद्दा नं. र दर्ता भएको साल,
- निवेदक/वादी र प्रत्यर्थी वा प्रतिवादीको नाम र थर,
- आदेश वा फैसला गर्ने अदालतको नाम,
- आदेश वा फैसला मिति,
- आदेश वा फैसलाको संक्षिप्त विवरण,
- कार्यान्वयन अवस्था,
- कार्यान्वयन सम्पन्न आदेशहरूको संख्या,
- बांकी आदेशको संख्या,
- आदेश कार्यान्वयन सम्पन्न हुने अनुमानित मिति वा समय,
- बांकी रहेका आदेश कार्यान्वयनका लागि गरिएका प्रयास र भईरहेको कार्य,
- आदेश वा फैसला कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरू ।

(२) दफा २ बमोजिम आदेश वा फैसलाको कार्यान्वयन गर्ने, गराउने सिलसिलामा आवश्यक देखिएका अन्य कुनै कार्य शाखा वा महाशाखाले गर्न सक्नेछ ।

(३) दफा २ बमोजिम अदालतको आदेश वा फैसला कार्यान्वयन गर्ने, गराउने सिलसिलामा नीति वा कानून तर्जुमा वा भईरहेको नीति वा कानूनमा संशोधन वा कुनै विषयमा अध्ययन गर्ने सिलसिलामा समिति वा कार्यदल गठन भएमा सो

समिति वा कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून तथा फैसला कार्यान्वयन शाखाको प्रतिनिधिलाई समेत समावेश गर्नुपर्ने छ ।

**(३) <u>सम्बन्धित मन्त्रालयका सचिवको काम, कर्तव्य र अधिकार :</u>** (१) आफ्नो मन्त्रालयमा दफा १ बमोजिमको शाखा/महाशाखा गठन गर्ने, गठित शाखा/महाशाखालाई मन्त्रालयको संगठन तालिकामा समावेश गर्ने, मन्त्रालयको मौजुदा दरबन्दीबाट जनशक्ति व्यवस्थापन गर्ने, शाखा/महाशाखाका लागि आवश्यक भौतिक, वित्तिय एवं अन्य सहयोग उपलव्ध गराउने दायित्व सम्बन्धित मन्त्रालयको सचिवमा रहने छ ।

(२) दफा २ बमोजिमको कार्यका लागि सम्बन्धित मन्त्रालयको सचिव जिम्मेवार हुनेछ ।

(३) दफा २ बमोजिमको कार्य संचालनका सिलसिलामा आवश्यक निर्णय गर्ने अधिकार सचिवमा रहने छ ।

(४) अदालतको आदेश वा फैसला कार्यान्वयनका सिलसिलामा कुनै द्विविधा आएमा सचिवले सम्पूर्ण विवरण खोली निकासाका लागि दफा ५ बमोजिमको अनुगमन समितिमा लेखि पठाई आए बमोजिम गर्नुपर्ने छ ।

**(४) <u>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा फैसला कार्यान्वयन शाखाको काम र कर्तव्यः</u>**

(१) दफा २ मा उल्लेखित काम र कर्तव्यका अतिरिक्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा फैसला कार्यान्वयन शाखाको अन्य काम र कर्तव्य देहाय बमोजिम हुनेछः

(क) सर्वोच्च अदालत वा महान्यायाधीवक्ताको कार्यालयबाट प्राप्त हुन आएका नेपाल सरकारका नाममा जारी भएका आदेश वा फैसलाहरू नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६४ अन्तर्गत रही सम्बन्धित मन्त्रालयमा कार्यान्वयनका लागि लेखि पठाउने ।

(ख) नेपाल सरकारका सबै मन्त्रालयका नाममा जारी भएका आदेश वा फैसलाहरूको एकिकृत विवरण तयार गरी अद्यावधिक गर्ने, गराउने ।

(ग) दफा ५ बमोजिमको अनुगमन समितिबाट भएको निर्णय वा सिफारिश कार्यान्वयनका लागि लेखि पठाउने ।

(घ) दफा २ बमोजिम सम्बन्धित मन्त्रालयहरूबाट कार्यान्वयन भएका आदेश वा फैसलाहरूको नियमित अनुगमन गर्ने ।

(ङ) अदालतको आदेश वा फैसला कार्यान्वयनको वार्षीक प्रतिवेदन तयार गर्ने ।

(च) अदालतको आदेश कार्यान्वयनका सम्बन्धमा छलफल, गोष्ठि वा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने ।

(छ) आदेश वा फैसला कार्यान्वयनका सन्दर्भमा नेपाल सरकारबाट भएका निर्णय वा आदेशहरू नेपाल सरकारका सबै मन्त्रालयहरूलाई कार्यान्वयनका लागि लेखि पठाउने र सो को अभिलेख राख्ने ।

(ज) आदेश वा फैसला कार्यान्वयनका सिलसिलामा आवश्यक कुनै विषय निर्णयका लागि पेश गरी भएको आदेश वा निर्णयानुसार गर्न नेपाल सरकारका सबै मन्त्रालयहरूमा लेखि पठाउने ।

(झ) नेपाल सरकारका विभिन्न मन्त्रालय एवं अन्य निकायहरूबाट सम्पादन हुने कार्यलाई कानूनी राज्यको अवधारणा अनुरुप सम्पादन गर्न सहयोग पुऱ्याउने किसिमका न्याय र कानूनका विषयमा विभिन्न तालिम, प्रशिक्षण र अन्तरक्रिया संचालन गर्ने ।

**(५) <u>अनुगमन समितिः</u>** (१) देहाय बमोजिमको एक आदेश/फैसला कार्यान्वयन अनुगमन समिति रहनेछ :

(क) सचिव,कानून, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय..............................................संयोजक

(ख) महान्यायाधीवक्ताको कार्यालयका कम्तीमा सहसचिव स्तरका एकजना प्रतिनिधि..................सदस्य

(ग) कानून तथा न्याय मन्त्रालयका कम्तीमा सहसचिव स्तरका एकजना प्रतिनिधि ....................सदस्य

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्र.मं.तथा मं.प.को कार्यालयमा प्राप्त हुन आएका आदेश कार्यान्वयनका लागि नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६४ बमोजिम सम्बन्धित मन्त्रालयमा पठाउने,

(ख) कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन प्रकृयालाई प्रभावकारी र सहज वनाउन जिम्मेवार निकायलाइ अभिप्ररित गर्ने,

(ग) कार्यान्वयनको स्थिति वारेमा नियमित अनुगमन गर्ने, गराउने,

(घ) कार्यान्वयन भईसकेका आदेशको लगत कट्टा गर्न महान्यायाधिवक्ताको कार्यालय मार्फत् सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयमा पठाउने,

(ङ) दफा ३ को उपदफा (४) बमोजिम समितिमा प्राप्त हुन आएको विषयमा आवश्यक निकासा दिने,

(च) आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत निर्णय गर्ने ।

(३) समितिको बैठक आवश्यकतानुसार बस्न सक्ने छ ।

(४) समितिको बैठकमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयका प्रमुख वा प्रतिनिधिलाई आमन्त्रण गर्न सकिने छ ।

**(६) <u>आदेश वा फैसला कार्यान्वयनमा आवश्यक सहयोग</u> :** (१) अदालतको आदेश वा फैसला कार्यान्वयनमा दफा २ बमोजिमको शाखा/महाशाखालाई नेपाल सरकारका सबै निकाय एवं पदाधिकारीहरूले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(२) दफा २ बमोजिम अदालतको आदेश वा फैसला कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयबाट आवश्यक बजेट निकासाका लागि नेपाल सरकार, अर्थ मन्त्रालयमा

लेखि पठाएमा नेपाल सरकार, अर्थ मन्त्रालयले प्राथमिकताका साथ बजेट निकासा गर्नेछ ।

सम्मानित सर्वोच्च अदालतबाट सम्बत् २०६४ सालको रिट नं. १०७४ को रिट निवेदनमा मिति २०६६।८।२२ मा प्रत्येक मन्त्रालयको सचिवको नाममा निर्देशनात्मक आदेश जारी भएको सन्दर्भमा म.प बैठक संख्या ४२/०६७ मिति २०६७।११।१७ मा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट भएको निर्णय र च.नं. १८५ मिति २०६७।११।२७ को पत्रको अनुसूची-१, अदालतको आदेश, निर्णय वा फैसला कार्यान्वयन संयन्त्र गठन सम्बन्धी व्यवस्थाको प्रकरण २ को खण्ड (६) मा भएको व्यवस्था अनुसार आदेश वा फैसला कार्यान्वयन सम्बन्धी प्रस्तुत वार्षिक प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अभिलेखमा शिक्षा मन्त्रालयसंग सम्बन्धित भनि उल्लेखित निर्देशनात्मक आदेशको कार्यान्वयन अवस्था, सो को विवरण तालिका, श्री सर्वोच्च अदालतबाट भएको प्र.म. तथा म.प.को अभिलेख बाहेकका यस मन्त्रालयसंग सम्बन्धित अन्य फैसला निर्देशनात्मक आदेश र सो को कार्यान्वयन अवस्थाको, श्री पुनरावेदन अदालत, प्रशासकीय अदालत तथा आयोगबाट भएका यस मन्त्रालयसंग सम्बन्धित अन्य फैसला वा आदेश र सो को कार्यान्वयन अवस्थाको विवरण तालिका, लगत कट्टा हुनुपर्ने विवरण तालिका र श्री सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयबाट लगत कट्टा भएको फैसला तथा आदेशहरुको विवरण तालिकालाई समावेश गरीएको छ ।

## २. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अभिलेखमा उल्लेखित शिक्षा मन्त्रालयसंग सम्बन्धित श्री सर्वोच्च अदालतबाट भएको निर्देशनात्मक आदेश र सो को कार्यान्वयन अवस्था :

### (क) रिट नं. २३४६ (२०५१) योगी नरहरी नाथ समेत वि. प्रधानमन्त्रि गिरिजा प्रसाद कोइराला समेत:

**आदेशको छोटो व्यहेरा :**

नेपाल सरकारको मिति ०५०।११।१६ को निर्णय स्वेच्छाचारीतापूर्ण मान्नुपर्ने हुंदा नेपाल सरकारले अन्तर्राष्ट्रिय चिकित्साशास्त्र अध्ययन केन्द्र चितवन भरतपुर नारायणघाट उत्तरतर्फका ४२ विगाहा जग्गा दिने गरेको उक्त निर्णय उत्पेषणको आदेशद्धारा बदर हुने ठहर्छ ।

**कार्यान्वयनको अवस्था :**

सो विषयमा मन्त्रीपरिषदको निर्णयबाट समिति गठन भइ सो समितिको बैठक बोलाउन यस मन्त्रालयबाट वन तथा भूसंरक्षण मन्त्रालय एवं प्रतिवेदन पेश गर्न गठित समितिका संयोजकलाई अनुरोध गरिए अनुरुप सो समितिको बैठक २०६४।९।२५ मा बसी निम्न निर्णय गरि मिति २०६४।९।२७ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा जानकारी गराएको :

(क) श्री सत्यसाई केन्द्रिय ट्रष्टलाई उपलब्ध गराउने भनिएको पांच विगाहा जग्गा पनि मेडिकल कलेजलाई उपलब्ध गराइएको जग्गा मध्येवाट दिने भन्ने म.प. को निर्णय सर्वोच्च अदालतले नै उत्प्रेषणको आदेशबाट बदर गरिसकेको हुदां उक्त जग्गा उपलब्ध गराउन नसकिने जानकारी गराउने ।

(ख) हालसम्म मेडिकल कलेज भरतपुरले सर्वोच्च अदालतलको आदेश वर्खिलाप आफ्नो संरचनाहरु नहटाएकोले वन विभाग, वन कार्यालय चितवनलाई अविलम्ब खाली गराउन र गृह मन्त्रालयलाई हटाउने सम्बन्धमा आवश्यक सहयोग गर्न अनुरोध गर्ने ।

उपरोक्त निर्णय बारे यस मन्त्रालयबाट कलेज अफ मेडिकल साइनसेज भरतपुर लाई सो अनुसारको आवश्यक व्यवस्था गरी मन्त्रालयलाई जानकारी गराउन मिति २०६४।१०।१० र सो पछि समेत पटक पटक लेखि पठाइएकोमा उक्त कलेजले जानकारी उपलब्ध गराएको नदेखिएको । सम्मानित सर्वोच्च अदालत मिति २०६६।९।५ मा आदेशको कार्यान्वयन सम्बन्धमा माग गरेको जानकारी यस मन्त्रालयको मिति २०६६।९।२६ को पत्र अनुसार लेखि पठाइएको र मिति २०६७।८।६ को यस मन्त्रालयको पत्रानुसार उक्त कलेजलाई फैसलाको कार्यान्वयन तथा सो सम्बन्धमा भएको कार्यान्वयनको प्रगति विवरण उपलब्ध गराइदिनु भनि लेखिएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको । उक्त फैसला कार्यान्वयनका लागि गरिएको कार्वाही निम्नानुसार रहेको ।

१. अगष्ट ८,१९९३ मा शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्रालय र अन्तर्राष्ट्रिय चिकित्सा केन्द (***International Society for Medical Education*** ) को वीचमा ४ वर्षका लागि संझौता भएको ।

२. २०५०।११।१६ मा म.प.मा प्रेषित प्रस्तावमा भरतपुर न.पा. -१ क्षृ वागेश्वरी मन्दिर स्थित क्षेत्रको वन क्षेत्र भित्रपर्ने सरकारको स्वामिन्वमा रहेको २८०००० वर्ग मिटर जग्गाको स्वामित्व तत्कालिन श्री ५ को सरकारमा नै कायम हुने गरी मेडिकल कलेजलाई उपलब्ध गराउने ***Shigeko Qatanave Award*** प्रेषित प्रस्ताव अनुसार प्रस्तावित सप्तगण्डकी वहुउद्धेश्यीय आयोजना क्षेत्रलाई असर नपार्ने,भैरहेको रुखहरु नकाट्ने र जग्गा भोगचलन गरे वापत मन्त्रालयले तोके बमोजिम भाडा तिर्ने शर्तमा प्रस्तावमा उल्लेखित जग्गा मेडिकल कलेजलाई उपलब्ध गराउने म.प.बाट मिति २०५०।११।१६ मा निर्णय भएको ।

३ २०५३।११।१७ को सर्वोच्च अदालतको उत्प्रेषणको आदेश द्वारा मन्त्रिपरिषदको उक्त निर्णय बदर ।

४. वन विभाग तथाश्री सत्य साई ट्रष्ट नेपाल वीचको २०५७।११।१८ को संझौता अनुसार उक्त ४२ विगाहा जग्गा मध्ये म.प. का २०५७।८।१५ को निर्णयानुसार ५ विगाहा जग्गा सत्य साइ ट्रष्टलाई दिने गरी २०५७।११।१८ मा निर्णय भएको ।

५. उक्त संस्थाले २९ मे २००२ सन्मा सर्वोच्च अदालतलाई लेखेको बोधार्थ पत्रमा विवादित जमिनमा मेडिकल कलेज रहिरहने कुनै मनसाय नरहेको ,निर्मित भौतिक संरचना निर्माणक्रममा करोडौंको आर्थिक लगानी भइसकेको हुदा सो वापत उचित क्षतिपूर्ति र वैकल्पिक व्यवस्था समेत हुनु पर्ने भनि सरकारी निकायसंग माग गरेको, आवश्यक भौतिक संरचना निर्माण गर्न समय र आर्थिक लगानी निकै लाग्ने र वैकल्पिक व्यवस्थागर्न समय लाग्ने हुंदा तत्काल सार्न नसकिएको, ***Departments of Bio – chemistry*** सार्ने प्रक्रिया शुरु भैसकेको र अन्य ***Department*** पनि वैकल्पिक व्यवस्था हुन साथ सारिने र सर्वोच्चको आदेश पालना गर्न सधै सचेत रहेको भन्ने उल्लेख भएको ।

६. मिति १०।०४।२००४ को पत्रमा सर्वोच्चको आदेशको सम्मान र पालन गर्ने मनसाय हुँदाहुँदै पनि स्थानको अभाव, आर्थिक कठिनाई, भौतिक संरचना निर्माणका लागि समय लाग्ने कारणले मेडिकल कलेज तत्काल सार्न सम्भव नभएको, वनिसकेका भौतिक संरचनाहरु निर्माण गर्नको लागि लागत वापत क्षतिपूर्ति समेत पाउनु पर्ने उल्लेख भएको ।

७ . मिति २५।४।२००४ मा सर्वोच्च अदालतलाई पत्र लेखि यस मन्त्रालयलाई दिएको बोधार्थ पत्रमा ***Basic Science Department*** वागेश्वरी वाट अस्पताल परिसरमा सारिसकेको तर छात्रावास,भान्छा र पुस्तकालयहरु उपयुक्त जग्गाको उपलब्ध हुन नसकेको,आर्थिक कठिनाइ र समयको अभावले सार्न बाँकी रहेको,उपयुक्त स्थानमा आवश्यक पर्ने जग्गा र बनिसकेका भौतिक संरचनाको जायजरुपमा क्षतिपूर्ति उपलब्ध हुन सरकारको सम्वन्धित निकायमा अनुरोध गरिसकेको र सरकारी निकायबाट तत्सम्बन्धमा हालसम्म कुनै प्रतिक्रिया उपलब्ध भई नसकेको,२०० जनाको लागि आवश्यक पर्ने छात्रावास बनाउन केही समय लाग्ने,आवश्यक जग्गा र स्रोतको वैकल्पिक व्यवस्था हुनासाथ विवादित स्थानमा मेडिकल कलेज राखिराख्ने धारणा नरहेको ।

८. मिति ३०।०४।२००४ को पत्रमा धार्मिक रुपमा विवादित जग्गामा मेडिकल कलेज राख्ने सोचाई नरहेको, बनिसकेका संरचनाको क्षतिपूर्ति र मेडिकल कलेज सार्न आवश्यक पर्ने वैकल्पिक ***Site*** उपलब्ध हुन सर्वोच्च ,वन विभाग, शिक्षा मन्त्रालयमा जानकारी गराइ सकिएको, प्राप्त ४२ विगाह जग्गा मध्ये मेडिकल कलेजले ५-६ विगाह जति संरचना निर्माण र ५-६ विगाह जग्गा खेलमैदानका लागि उपयोग भए बाहेक अन्य जमिन खालीको रहेको सत्य साई ट्रष्टको समेत सहअस्तित्व कायम रहने गरी जमिन उपयोग गर्न सक्ने धारणा मेडिकल कलेजले उक्त ट्रष्टसंग छलफलका क्रममा व्यक्त भएको ।

९. उक्त विषयमा म.प. को निर्णय बमोजिम गठन भएको समितिको बैठक वोलाई आवश्यक कारवाही अगाडी बढाउन शिक्षा तथा खेलकुद मन्त्रालयले २०६४।८।१२ मा वन तथा भूसंरक्षण मन्त्रालयका सचिव एवं प्रतिवेदन पेश गर्न गठित समितिका संयोजकलाई समितिको बैठक बोलाउन अनुरोध गरिएको ।

१०. वन तथा भूसंरक्षण मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा मिति २०६४।९।२५ मा शिक्षा तथा खेलकुद मन्त्रालय,रक्षा मन्त्रालय , संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय गृह मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवज्यूहरुको वैठक वसी भएको निर्णय वन तथा भूसंरक्षण मन्त्रालयको मिति २०६४।९।२६ को पत्रानुसार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई जग्गा उपलब्ध गराउने सम्बन्धी विषयमा जानकारी गराइएको उक्त निर्णयमा,

(क) श्री सत्यसाई केन्द्रिय ट्रष्टलाई उपलब्ध गराउने भनिएको पांच विगाहा जग्गा पनि मेडिकल कलेजलाई उपलब्ध गराइएको जग्गा मध्येवाट दिने भन्ने म.प. को निर्णय सर्वोच्च अदालतले नै उत्प्रेषणको आदेशबाट बदर गरिसकेको हुदां उक्त जग्गा उपलब्ध गराउन नसकिने जानकारी गराउने ।

(ख) हालसम्म मेडिकल कलेज भरतपुरले सर्वोच्च अदालतलको आदेशको वर्खिलाप आफ्नो संरचनाहरु नहटाएकोले वन विभाग वन कार्यालय चितवनलाई अविलम्ब खाली गराउन र गृह मन्त्रालयलाई हटाउने सम्बन्धमा आवश्यक सहयोग गर्न अनुरोध गर्ने ।

११. उक्त निर्णयको जानकारीका आधारमा यस मन्त्रालयबाट मिति २०६४।१०।१० मा इन्टरनेशनल सोसाइटी फर मेडिकल एजुकेशन प्रा.लि. कलेज अफ मेडिकल साइनसेज भरतपुरलाई सो अनुसारको आवश्यक व्यवस्थापन गरी शिघ्र यस मन्त्रालयलाई जानकारी उपलब्ध गराउनु भनि लेखिएको ।

१२. मिति २०६६।९।५ को पत्रानुसार सर्वोच्च अदालतबाट आदेश कार्यान्वयनको अवस्था बारे जानकारी माग गरिएकोमा यस मन्त्रालयबाट मिति २०६६।९।२६ को पत्रानुसार हाल सम्म फैसला कार्यान्वयन बारे भएका काम कारवाहीको जानकारी गराईएको ।

१३. मिति २०६६।६।८ मा श्री कलेज अफ मेडिकल साइन्सेज भरतपुरलाई सर्वोच्च अदालतको छाया संलग्न राखी सो फैसलाको कार्यान्वयन तथा सो सम्बन्धमा भएको प्रगतिको विवरण उपलब्ध गराइ दिनु हुन लेखि पठाएको ।

१४. मिति २०६७।९।१७ मा श्री सचिव, वन तथा भू-संरक्षण मन्त्रालय र श्री सचिव, गृह मन्त्रालयलाई सम्मानित अदालतको आदेश कार्यान्वयन गर्न आवस्यक सहयोगका लागि लेखि पठाईएको ।

१५. मिति २०६७।९।१७ को पत्रबाट सम्मानित अदालतको आदेशको कार्यान्वयनमा हालसम्म भएको प्रगति विवरण तुरुन्त पठाई दिनहुन लागि पुनःपत्राचार गरिएको ।

१६. मिति २०६८।३।३१ को पत्रबाट सम्मानित अदालतको आदेश कार्यान्वयनका लागि पटक पटक आदेशको कार्यान्वयनमा हालसम्म भएको प्रगति विवरण तुरुन्त पठाईदिनहुन भनि पत्राचार गरिएकोमा हालसम्म पनि कुनै किसिमको जवाफ प्राप्त नभएकोले आदेशको कार्यान्वयनमा हालसम्म भएको प्रगति विवरण तुरुन्त पठाईदिनु भनि पत्राचार गरिएको ।

१७. सो पस्चात पनि पटक पटक पत्राचार गरीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको । वन तथा भूसंरक्षण मन्त्रालयको आ.ब. २०६९।०७० को वार्षिक प्रतिवेदनमा उल्लेख भए अनुसार यसबारेमा वन तथा भूसंरक्षण मन्त्रालयले हेरी रहेको ।

**(ख) रिट नं. १२१/०६० टेक ताम्राकार विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत**

**आदेशको छोटो व्यहोरा :**

वादी समुदायका बालबालिकाहरु लगायत बाबुको ठेगान नलागेका सबै बालबालिकाहरु लाई बाबुको ठेगान नभएको भन्ने कारणले निजहरुको जन्मदर्ता गर्न इन्कार नगर्नु तथा त्यस्तो बालबालिकालाई तत्कालिन नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ९ को उपधारा (२) तथा नेपाल नागरिकता ऐन ,२०२० को दफा ३ को उपदफा (४) बमोजिम नागरिकता प्रदान गर्न अविलम्ब आवश्यक व्यवस्था गरी त्यस्ता व्यक्तिहरुलाई नेपालको नागरिकता प्रदान गर्न विपक्षीहरुको नाममा परमादेश तथा वादी समुदायका समस्याको बारेमा अध्ययन गर्न यस अदालतको आदेश बमोजिम नेपाल सरकारका सम्वन्धित निकाय तथा वादी समुदायका व्यक्ति तथा निजहरुको समस्याको बारेमा अध्ययन अनुसन्धान गरिरहेका निवेदक,जनहित संरक्षण मञ्च जस्ता संस्था समेतको प्रतिनिधिहरु सहभागी भइ वादी समुदायका व्यक्तिहरुका विद्यमान समस्या र त्यसको समाधानको लागि अपनाउनु पर्ने भनि सर्वसम्मत रुपमा पेश गरिएको प्रतिवेदन मा उल्लेख गरिए अनुरुपका उपायहरुलाई प्राथमिकताको आधारमा क्रमशः लागु गर्दै जानु र त्यसको जानकारी यस अदातललाई समेत दिनु भनि नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश समेत जारी ।

**कार्यान्वयनको अवस्था :**

वादी समुदायका बालबालिकाहरु लगायत शिक्षामा सबैको पहुँचलाई सुनिश्चित गर्नसबैका लागि शिक्षा कार्यक्रम लगायत विद्यालय क्षेत्र सुधार कार्यक्रम लागु गरिएको र आधारभूत शिक्षालाई निशुल्क रुपमा उपलब्ध गराउने गरी शिक्षा ऐनमा नै व्यवस्था गर्न शिक्षा ऐन

२०२८ को आठौ संशोधनको विधेयक  संविधानसभा व्यवस्थापिका संसद समक्ष प्रस्तुत भएकोमा संविधानसभाको विघटन पस्चात शिक्षा (आठौ संशोधन ) अध्यादेश २०६९ जारि हुनका लागि नेपाल सरकार मन्त्रिपरिषद मार्फत सम्माननिय राष्ट्रपती ज्यू समक्ष प्रस्तुत् गरीएको ।

**(ग) <u>२०६३ सालको रिट नं. ३४१६ अधिवक्ता मोहन शंकर विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिपदको कार्यालय समेत :</u>**

**आदेशको छोटो व्यहोरा :**

नेपाल वेद विद्याश्रमबाट संचालन हुने शैक्षिक कार्यक्रमहरुमा जातजातिको आधारमा भेदभाव नगरी समानताको सिद्धान्त र आवश्यक योग्यताको आधारमा स्वच्छ तरिकाले छनौट गरी प्रवेश दिनु भनि पशुपति क्षेत्र विकास कोष नेपाल वेद विद्याश्रमका नाममा परमादेश जारी एवम् नेपाल वेद विद्याश्रमका विद्यार्थीको हितलाई सम्वोधन गर्ने गरी निश्चित नीति नियम तर्जूमा गरी सेवालाई व्यापक र संस्थागत गर्न जो चाहिने आवश्यक व्यवस्था गर्नु भनि पशुपति क्षेत्र विकास कोष र शिक्षा मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी ।

**कार्यान्वयनको अवस्था :**

नेपाल वेद विद्याश्रम विद्यार्थीको हितलाई सम्वोधन गर्ने गरी आवश्यक नीति तर्जुमा गर्न शिक्षा विभागमा लेखि पठाईएको र  यस मन्त्रालयबाट आदेश कार्यान्वयनका लागि पशुपती क्षेत्र विकास कोषलाई पत्राचार गरिएकोमा श्री पशुपती क्षेत्र विकास कोष श्री पशुपति नाथ भण्डार तहविल कार्यालयबाट संशोधनका लागि प्रस्ताव पेश गर्न बेद विध्याश्रममा पत्राचार भएको । विद्यार्थिको हित एवं गुणस्तरिय शिक्षालाई सम्बोधन गर्ने समेतका विषयमा नेपाल वेद् विद्याश्रम संस्कृत मा.वि. वनकालीलाई पत्राचार गरीएकोमा सो विध्यालयबाट विध्यालय व्यवस्थापन समिति गठन हुने वित्तिकै यस सम्वन्धी आवस्यक कार्य अघि बढाउने भनि जानकारी प्राप्त भएको ।

**(घ) <u>रिट नं. ११५२ (२०६३) लेखनाथ न्यौपाने विपक्षी शिक्षा मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रीपरिषदको   कार्यालय समेत :</u>**

**आदेशको छोटो व्यहोरा :**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७(२) को नि:शुल्क शिक्षा सम्बन्धी मौलिक हक र International Covenant on Economic, Social and Cultural Right (ICESCR), 1966 को धारा १३(२)(b) को व्यवस्था अनुसार निजी लगानी र व्यवस्थापनबाट सञ्चालित विद्यालय बाहेक सरकारी तथा सामूदायिक विद्यालयहरुमा माध्यमिक विद्यालय तहसम्म नि:शुल्क शिक्षाको व्यवस्था गर्नु र सोको लागि आवश्यक पर्ने तत्ससम्बन्धी कानून समेत बनाउनु ।

**कार्यान्वयनको अवस्था :**

माध्यमिक विद्यालय तहसम्मको शिक्षा नि:शुल्क रुपमा पाउने संविधान प्रदत्त मौलिक हकलाई कार्यान्वयन गर्न प्रत्येक बालबालिकालाई नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षाको अधिकार हुनेछ र नेपाल सरकारले सामुदायिक माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई चरणबद्ध रुपमा नि:शुल्क शिक्षा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ । तर अपाङ्गता भएका व्यक्तिलाई माध्यमिक शिक्षा समेत नि:शुल्क हुनेछ भन्ने सारवान व्यवस्थाहरु प्रस्ताव गरी शिक्षा

ऐन, २०२८ लाई संशोधन गर्न शिक्षा (आठौ संशोधन)विधेयक, २०६९,व्यवस्थापिका-संसद समक्ष प्रस्तुत भै संविधानसभाको विघटन पस्चात् शिक्षा (आठौ संशोधन) अध्यादेश जारि हुनका लागि नेपाल सरकार मन्त्रिपरिषदबाट सम्माननिय राष्ट्रपती ज्यू समक्ष प्रस्तुत् भएको र कक्षा १० सम्मको पाठ्यपुस्तक निःशुल्क वितरण गर्ने गरिएको ।

उल्लिखित व्यवस्थाबारे विधेयकको प्रति सहित राखी लगतकट्टाका लागि श्री सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयलाई अनुरोध गरिएको ।

(ङ) **रिट नं. ०१३९/०६४ अमृता थापा समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रि परिषदको कार्यालय,कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय ,शिक्षा संस्कृति तथा खेलकुद मन्त्रालय र जनसंख्या तथा स्वास्थ मन्त्रालय :**

**आदेशको छोटो व्यहोरा :**

नेपालको अन्तरिम संविधान, २०६३को मौलिक हक अर्न्तगत राखिएका नागरिकहरुका आधारभूत स्वास्थ्य सेवा, माध्यमिक तहसम्म निशुल्क शिक्षा पाउने हक खाद्य सम्प्रभुता सम्बन्धी हकको साथै सामाजिक सुरक्षा सम्बन्धी हक लगायत भाग ३ मा समावेश गरिएका कतिपय मौलिक हक प्रचलनको लागि कानून निर्माण गरी लागु गर्ने भनि संविधान द्वारा प्रष्ट रुपमा राज्यको तर्फबाट प्रतिवद्धता जनाएको अवस्थामा उक्त संविधान जारी भई लागु भएको यति धेरै समय व्यतित भई सक्दा पनि उल्लेखित मौलिक हकको प्रत्याभूति गर्नका लागि राज्यको तर्फबाट हालसम्म सरकारले कुनै चासो नदेखाउनु वा कानून निर्माण गर्ने तर्फ कुनै पहल नगर्नु लोक कल्याणकारी राज्य स्थापना गर्ने जिम्मेवारी लिएको सरकारको लागि आफैमा सुहाउने कुरा होइन । लोक कल्याणकारी राज्य स्थापना गर्ने उद्देश्यले जनताको अभिमत प्राप्त जनउत्तरदायी सरकारले कानूनी राज्य कायम गरी समतामूलक समाज स्थापना गरी सवै नागरिकहरुलाई संविधान प्रदत्त मौलिक हकको प्रत्याभूति दिनको लागि समेत संविधानमा उल्लेखित व्यवस्था कार्यान्वयनको लागि तत्काल कानून निर्माण गर्नु आवश्यक हुन आउछ । अतः संविधानमा उल्लेखित नागरिकहरुको आधारभूत हकको रुपमा रहेको निशुल्क शिक्षा स्वास्थ्य,रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक सुनिश्चित गर्न निवेदन माग दावी बमोजिम आवश्यक कानून निर्माण गर्नु भनि विपक्षी नेपाल सरकार,प्रधानमन्त्री तथा मन्त्रिपरिषद को कार्यालय समेतको नाउंमा निर्देशनात्मक आदेश जारी ।

**कार्यान्वयनको अवस्था :**

माध्यमिक विद्यालय तहसम्मको शिक्षा निःशुल्क रुपमा पाउने संविधान प्रदत्त मौलिक हकलाई कार्यान्वयन गर्न प्रत्येक बालबालिकालाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको अधिकार हुनेछ र नेपाल सरकारले सामुदायिक माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई चरणबद्ध रुपमा निःशुल्क शिक्षा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ । तर अपाङ्गता भएका व्यक्तिलाई माध्यमिक शिक्षा समेत निःशुल्क हुनेछ भन्ने सारवान व्यवस्थाहरु प्रस्ताव गरी शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न शिक्षा (आठौ संशोधन)विधेयक, २०६९,व्यवस्थापिका-संसद समक्ष प्रस्तुत भै संविधानसभाको विघटन पस्चात् शिक्षा (आठौ संशोधन) अध्यादेश जारि हुनका लागि नेपाल सरकार मन्त्रिपरिषदबाट सम्माननिय राष्ट्रपती ज्यू समक्ष प्रस्तुत् भएको र कक्षा १० सम्मको पाठ्यपुस्तक निःशुल्क वितरण गर्ने गरिएको ।

उल्लिखित व्यवस्थाबारे विधेयकको प्रति सहित राखी लगतकट्टाका लागि श्री सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयलाई अनुरोध गरिएको ।

**(च) <u>रिट नं. ००२३ (०६६) मीना खडका समेत वि. प्र.मं तथा मं.प.को कार्यालय समेत :</u>**

**आदेशको छोटो व्यहोरा :**

निवेदनमा उल्लेख गरिएका विषयवस्तुलाई गम्भिरतापूर्वक ध्यान दिई सरकारी अनुदान प्राप्त भौतिक पूर्वाधार नभएका विद्यालयको भौतिक पूर्वाधार एवं गुणस्तरीय शिक्षाको स्तरोन्नतीका लागि प्रभावकारी योजना बनाई कार्यान्वयन गर्नु भनी निर्देशनात्मक आदेश जारी ।

**कार्यान्वयनको अवस्था :**

सरकारी अनुदान प्राप्त भौतिक पूर्वाधार नभएका विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि शिक्षा विभागबाट विद्यालय छनौटका आधारहरु निर्धारण गरी विभागको च. नं. ८७ मिति २०६८।७।७ को पत्रबाट ७५ वटै जिल्ला शिक्षा कार्यालयहरुमा परिपत्र गरीएको र गुणस्तरीय शिक्षाको स्तरोन्नतीका लागि भयमुक्त सिकाइ वातावरणका निमित्त नीतिगत व्यवस्था, बालमैत्री विध्यालय राष्ट्रिय प्रारुप, शिक्षक तालिम , शिक्षक विध्यार्थी आचारसंहिता लगायतका कुराहरुको व्यवस्था गरीएको ।

**(छ) ०७०३ (०६७) सविना दमाई समेत वि. प्र.मं तथा मं.प.को कार्यालय समेत :**

**आदेशको छोटो व्यहोरा :**

(क) निवेदीकालाई आमाको नामबाट कानून बमोजिम नेपालको नागरिकता प्रदान गर्नु,

(ख) नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीको रित र कार्यविधि पुरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलव्ध गराउन देशव्यापी रुपमा सबै प्र.जि.अ.को नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु,

(ग) समाजमा अझै बांकी रहेका त्यस्ता खराब परम्परा, प्रचलन, प्रथा उन्मूलन गर्ने आवश्यक र प्रभावकारी कदम चाल्नु भनी गृह मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी ।

(घ) रुढीगत प्रथा, संस्कृति र प्रचलनलाई उन्मुलन गर्नको लागि आवश्यक जनचेतना जगाउन आवश्यक शिक्षा तथा जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गर्नु, गराउनु भनी प्र.मं तथा मं.प.को कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी ।

**कार्यान्वयनको अवस्था :**

प्र.म.तथा म.प.को कार्यालयबाट प्राप्त च.न.२८९ मिति २०६८।३।६ को पत्र अनुसार आदेश कार्यान्वनका सम्बन्धमा बिभिन्न निकायमा लेखि पठाए अनुरुप शिक्षा विभागबाट लैङ्गिक सचेतना प्याकेज, २०६९, लैङ्गिक समविकास शिक्षा, लैङ्गिक सचृतना पुस्तिका, बालिकाका लागि मनोपरामर्श सेवा पुस्तिका लगायतका सामाग्रीहरु प्रकाशित गरी जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गरीएको ।

**(ज) रिट नं. ०२८३(०६३) प्रकाशमणी शर्मा समेत विरुद्द प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय , शिक्षा मंत्रालय :**

**आदेशको छोटो व्यहोरा :**

अपाङ्गका शैक्षिक हकको व्यवस्थाको आवश्यकताको पृष्ठभूमिमा खास गरेर निवेदनमा उल्लेखित विषयमा माथि उल्लेख भए बमोजिम खास कार्ययोजना तर्जुमा गरी अविलम्ब लागु गर्नु पर्ने हुनाले सो व्यवस्थागर्न पर्ने कुरामा ध्यानाकर्षण गराउँदै निवेदकहरु मध्ये तत्कालै देखि विद्यालय वा महाविद्यालयमा शिक्षा प्राप्त गर्न चाहने वहिरोपनको असर परेको व्यक्तिहरुको आवश्यकतालाई सम्बोधन गर्न चालु शैक्षिक सत्र भित्र सांकेतिक भाषाको माध्यमद्वारा शिक्षामा अवसर पाउने विद्यालय वा महाविद्यालय किटान गरी उक्त भाषामा प्रशिक्षित दोभाषे वा शिक्षकहरुको व्यवस्था गर्नु, त्यहा प्रयोग हुने पाठ्यसामग्रीहरु सांकेतिक भाषामा अनुवाद गर्ने प्रकृया शुरु गरी त्यहाँका विद्यार्थीहरुलाई आवश्यक पाठ्य सामाग्री यथाशिघ्र उपलब्ध गराउनु, सांकेतिक भाषामा शिक्षण गर्न सक्ने जनशक्तिको तालिमको व्यवस्था अविलम्ब शुरु गर्नु भनी विपक्षीहरु प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र शिक्षा तथा खेलकूद मन्त्रालय समेतका नाउँमा परमादेशको आदेश जारी गरी दिएको छ ।

**कार्यान्वयनको अवस्था :**

सम्मानित अदालतको आदेश अनुसार बहिरा बालबालिकाका लागि विशेष विद्मालय उच्च माध्यमिक विध्यालय तोकिएको, अपाङ्ग छात्रवृत्रिको व्यवस्था , निशुल्क पाठ्यापुस्तक, शिक्षकलाई सांकेतिक भाषाको तालिम , सांकेतिक भाषाको शब्दकोश निर्माणको क्रममा राष्ट्रिय बहिरा महासंघसंग सहकार्य भएको र शिक्षक नियूक्तिमा बहिरा अपाङ्ग कोटा निर्धारण गरिएकोले उक्त फैसला कार्यान्वयन भै लगत कट्टाका लागि लेखि पठाईएको ।

**(झ) रिट नं. ३५६८(०५७) सुदर्शन सुवेदी वि. मन्त्रिपरिषद् समेत :**

**आदेशको छोटो व्यहोरा :**

अन्धा, अपाङ्ग, बहिरा तथा सुस्त मनस्थिति भएका व्यक्तिहरुलाई नेपाल राज्य भरीका सम्पूर्ण सार्वजनिक विद्यालय, विश्वविद्यालय तथा तालिम केन्द्रहरुमा निःशुल्क भर्ना गरी गराई निजहरुबाट भर्ना भएपछि कुनै पनि किसिमको सेवा शुल्क नलिनु, लिन नलगाउनु भन्ने विपक्षिहरुका नाउँमा निर्देशात्मक आदेश जारी भएको ।

**कार्यान्वयनको अवस्था :**

शिक्षा विभागको च.नं. २२६ मिति २०६५।३।२५ को पत्र अनुसार अपाङ्गता भएका विद्यार्थीहरुलाई निःशुल्क दिन क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय एवं सम्पूर्ण विद्यालयहरुलाई अत्यन्त जरुरी सूचना प्रकाशित गरिएको, क्षेत्रीय शिक्षा निर्देशनालयबाट सबै जिल्ला शिक्षा कार्यालयहरुलाई आदेश कार्यान्वयनका लागि परिपत्र पठाइएको र हाल कक्षा १० सम्म अपाङ्ग विद्यार्थीहरुलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराएकोले सम्मानित अदालतको आदेश कार्यान्वयन भइसकेको हुँदा उक्त पत्रहरुको प्रतिलिपि संलग्न गरी लगत कट्टा गर्नका लागि अनुरोध ।

**(ञ) <u>रिट नं.५७ (२०६१) देवेन्द्र आले वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत :</u>**

**आदेशको छोटो व्यहोरा :**

बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ७ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेखित बाबु,आमा,परिवारका सदस्य,संरक्षक वा शिक्षकले बालकको हितको लागि हप्काएको वा सामान्य पिटाई गरेकोमा यस दफाको उल्लंघन गरेको मानिने छैन भनी उल्लेख गरेको प्रावधान मध्ये .......वा सामान्य पिटाई गरेको ....." अंश अनुचित एवं नेपाल अधिराज्यको संविधान,२०४७ को धारा १४(४) र २५(८) को भावना प्रतिकुल हुंदा सो अंश आजका मितिदेखि लागु हुने गरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम अमान्य र बदर घोषित गरिदिएको छ । बालबालिका माथि भइरहेका र हुनसक्ने शारीरिक सजांय एवं क्रुर,अमानवीय वा अपमानजनक व्यवहार वा सजांय वा दुर्व्यवहार रोक्न उपयुक्त र प्रभावकारी उपाय अवलम्बन गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी ।

**कार्यान्वयनको अवस्था :**

विध्यालय शिक्षाको पाठ्यपुस्तकहरुमा बाल अधिकार, मानव अधिकार, नागरिक अधिकार जस्ता विषय समावेश गरिएकोले उक्त पत्रको प्रतिलिपि संलग्न राखी लगत कट्टा गरिदिनु हुन अनुरोध गरीएको ।

**<u>(ट) ३२१५(०६१) सोम प्रसाद पनेरु वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत :</u>**

**आदेशको छोटो व्यहोरा :**

कमलरी प्रथाले नेपालले हरुताक्षर गरेको CRC को धारा ९, १४, १५, १६, १८, १९, २८, २९, ३१ र ३२ समेतका धाराहरुले प्रदान गरेको अधिकारहरुको समेत हनन् हुने हुँदा कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को प्रभावकारी कार्यान्वयनको लागि विपक्षी नेपाल सरकारको नाममा परमादेशको आदेश जारी एवं नेपालले हस्ताक्षर गरी अनुमोदन गरेका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीहरु खासगरी CRC, ICCTR र ICESCR जस्ता मानव जीवनका सबै अवस्थालाई समेट्ने अत्यावश्यकीय convention हरु बालबालिकाको पाठ्यक्रममा नै समावेश गर्न उपयुक्त हुने तर्फ विपक्षी मन्त्रिपरिषद् र शिक्षा मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी ।

**कार्यान्वयनको अवस्था :**

पाठ्यक्रम विकास केन्द्रको च.नं ११८१ मिति २०६५।३।२३ को पत्रानुसार शिक्षाको राष्ट्रिय उदेश्यमा मानव अधिकारलाई विशेष स्थान दिइएको, कक्षा १ देखि १० सम्मको पाठ्य पुस्तकमा बाल अधिकार, मानव अधिकार, नागरिक अधिकार जस्ता विषय समावेश गरिएको देखिएकाले उक्त पत्रको प्रतिलिपि संलग्न राखी लगत कट्टा गरिदिनु हुन अनुरोध ।

## (ठ) रिट नं. ४४(०६२) डिल बहादुर विश्वकर्मा विरुद्द मन्त्रिपरिषद :

**आदेशको छोटो व्यहोरा :**

तीनधारा संस्कृत छात्रावास सम्बन्धी विनियम २०४८ को विनियम १४.८.६ को खण्ड (ख) मा उक्त छात्रावासप्रवेश गर्नका लागि व्रतवन्ध गरेको र २४ वर्ष नाघेको वटुक हुनु पर्ने व्यवस्था नेपाल अधिराज्य को संविधान,२०४७ को धारा ११ तथा महेन्द्र संस्कृत विश्व विद्यालयको ऐन२०४३ को दफा १२ संग समेत बाझिएको देखिएकोले तीनधारा संस्कृत छात्रावास सम्बन्धी विनियम २०४८ को विवादित विनियम १४.८.६ को (ख)को व्यवस्था संविधानको धारा ८८ को उपधारा १ अनुसार आजका मितिले अमान्य घोषित गरिएको छ । साथै तीनधारा संस्कृत छात्रावासमा प्रवेशका लागि तत्कालिन नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ११ को उपधारा २ मा व्यवस्थित समानताको हक सम्बन्धी व्यवस्थाको प्रतिकूल नहुने गरी आवश्यक कानुनी व्यवस्था गर्नु भनि विपक्षी महेन्द्र संस्कृत विश्वविद्यालयको नाममा निर्देशनात्मक आदेश जारी ।

**कार्यान्वयनको अवस्था :**

उक्त तीनधारा संस्कृत छात्रावास सम्बन्धी विनियम २०४८ लाई सम्मानित अदालतबाट भएको निर्देशनात्मक आदेश अनुसार संशोधन एवं आवश्यक कानूनी व्यवस्था गरी उक्त फैसलाको कार्यान्वयन भै लगत कट्टा गरि दिन लेखि पठाईएको ।

## ३. श्री सर्वोच्च अदालतबाट भएका प्र.म.तथा मं.प.को अभिलेखमा शिक्षा मन्त्रालयसंग सम्बन्धित भनि उल्लेखित निर्देशनात्मक आदेश तथा फैसलाको कार्यान्वयन विवरण तालिका :

| क्र.सं | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>कार्यान्वयनका<br>लागि जिम्मेवार<br>निकायहरु | आदेशको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | २३४६<br>(०५१)<br>योगी नरहरीनाथ समेत<br>वि.<br>प्रधानमन्त्री गिरीजाप्रसाद कोईराला समेत | २०५३।१।१७<br>शिक्षा मन्त्रालय, वन तथा भूसंरक्षण मन्त्रालय | नेपाल सरकारको मिति: ०५०।११।१६ को निर्णय स्वेच्छाचारीतापूर्ण मान्नुपर्ने हुंदा नेपाल सरकारले अन्तर्राष्ट्रिय चिकित्साशास्त्र अध्ययन केन्द्र चितवन भरतपुर नारायणघाट उत्तरतर्फका ४२ विगाहा जग्गा दिने गरेको उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ भन्ने उत्प्रेषणको आदेश जारी । | सम्मानित सर्वोच्च अदालत मिति २०६६।९।५ मा आदेशको कार्यान्वयन सम्बन्धमा माग गरेको जानकारी यस मन्त्रालयको मिति २०६६।९।२६ को पत्र अनुसार लेखि पठाइएको र मिति २०६७।८।६ को यस मन्त्रालयको पत्रानुसार उक्त कलेजलाई फैसलाको कार्यान्वयन तथा सो सम्बन्धमा भएको कार्यान्वयनको प्रगति विवरण उपलब्ध गराइदिनु भनि लेखिएको र सो पस्चात पनि पटक पटक पत्राचार गरीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको |

| | | | | |
|---|---|---|---|---|
| | | | | । वन तथा भूसंरक्षण मन्त्रालयको आ.ब. २०६९।०७० को वार्षिक प्रतिवेदनमा उल्लेख भए अनुसार यसबारेमा वन तथा भूसंरक्षण मन्त्रालयले हेरी रहेको । |
| २. | १२१ (२०६०) टेक ताम्राकार वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत | २०६२।५।३० गृह मन्त्रालय, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, शिक्षा मन्त्रालय, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय र श्रम तथा रोजगार मन्त्रालय । | वादी समुदायका बालबालिकाहरु लगायत बाबुको ठेगान नलागेका सबै बालबालिकाहरुलाई बाबुको ठेगान नभएको भन्ने कारणले निजहरुको जन्म दर्ता गर्न इन्कार नगर्नु तथा त्यस्तो बालबालिकालाई नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ९ को उपधारा (२) तथा नेपाल नागरिकता ऐन,२०२० को दफा ३ को उपदफा (४) बमोजिम नागरिकता प्रदान गर्न अविलम्ब आवश्यक व्यवस्था गरी त्यस्ता व्यक्तिहरुलाई नेपालको नागरिकता प्रदान गर्न विपक्षीहरुको नाममा परमादेश जारी ।<br>वादी समुदायका समस्याको बारेमा अध्ययन गर्न यस अदालतको आदेश बमोजिम नेपाल सरकारका सम्बन्धित निकाय तथा वादी समुदायका व्यक्ति तथा निजहरुको समस्याको बारेमा अध्ययन अनुसन्धान गरिरहेका निवेदक जनहित संरक्षण मन्च जस्ता संस्था समेतको प्रतिनिधिहरु सहभागी भै वादी समुदायका व्यक्तिहरुका विद्यमान समस्या र त्यसको समाधानका लागि अपनाउनुपर्ने भनी सर्वसम्मत रुपमा पेश गरिएको प्रतिवेदनमा उल्लेख गरिए अनुरुपका उपायहरुलाई प्राथमिकताको आधारमा क्रमश: लागु गर्दै जानु र त्यसको जानकारी यस अदालतलाई समेत | सबैका लागि शिक्षा कार्यक्रम लगायत विद्यालय क्षेत्र सुधार कार्यक्रम लागु गरिएको र आधारभूत शिक्षालाई निशुल्क रुपमा उपलब्ध गराउने गरी शिक्षा ऐनमा नै व्यवस्था गर्न शिक्षा ऐन २०२८ को आठौ संशोधनको विधेयक संविधानसभा व्यवस्थापिका संसद समक्ष प्रस्तुत भएकोमा संविधानसभाको विघटन पस्चात शिक्षा (आठौ संशोधन ) अध्यादेश २०६९ जारि हुनका लागि नेपाल सरकार मन्त्रिपरिषद मार्फत सम्मानिनय राष्ट्रपती ज्यू समक्ष प्रस्तुत् गरीएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | दिनु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश समेत जारी । | |
| ३. | ३४१६ (०६३) अधिवक्ता मोहन साशंकर वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६६ असार ३ गते पशुपति क्षेत्र विकास कोष नेपाल विद्याश्रमका नाममा परमादेश र पशुपति क्षेत्र विकास कोष र शिक्षा मन्त्रालयको नाममानिर्देशनात्मक आदेश जारी | नेपाल वेद विद्याश्रमबाट संचालन हुने शैक्षिक कार्यक्रमहरुमा जातजातिको आधारमा भेदभाव नगरी समानताको सिद्धान्त र आवश्यक योग्यताको आधारमा स्वच्छ तरिकाले छनौट गरी प्रवेश दिनु भनि पशुपति क्षेत्र विकास कोष नेपाल वेद विद्याश्रमका नाममा परमादेश जारी एवम् नेपाल वेद विद्याश्रमका विद्यार्थीको हितलाई सम्वोधन गर्ने गरी निश्चित नीति नियम तर्जूमा गरी सेवालाई व्यापक र संस्थागत गर्न जो चाहिने आवश्यक व्यवस्था गर्नु भनि पशुपति क्षेत्र विकास कोष र शिक्षा मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी । | नेपाल वेद् विद्याश्रम विद्यार्थिको हितलाई सम्बोधन गर्ने गरी आवश्यक नीति तजुमा गर्न शिक्षा विभागमा लेखि पठाइएकोमा सो सम्बन्धी कार्य भईरहेको तथा विद्यार्थिको हित एवं गुणस्तरिय शिक्षालाई सम्बोधन गर्ने समेतका विषयमा नेपाल वेद् विद्याश्रम संस्कृत मा.वि. वनकालीलाई पत्राचार गरीएकोमा सो विध्यालयबाट विध्यालय व्यवस्थापन समिति गठन हुने वित्तिकै यस सम्वन्धी आवस्यक कार्य अघि बढाउने भनि जानकारी प्राप्त भएको । |
| ४. | ११५२ ( २०६३) लेखनाथ न्यौपाने विपक्षी शिक्षा मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेतसमेत | २०६।१।४ शिक्षा मन्त्रालय, | नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७(२) को निःशुल्क शिक्षा सम्बन्धी मौलिक हक र International Covenant on Economic, Social and Cultural Right (ICESCR), 1966 को धारा १३(२)(b) को व्यवस्था अनुसार निजी लगानी र व्यवस्थापनबाट सञ्चालित विद्यालय बाहेक सरकारी तथा सामूदायिक विद्यालयहरुमा माध्यमिक विद्यालय तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गर्नु र सोको लागि आवश्यक पर्ने तत्ससम्बन्धी कानून समेत बनाउनु । | माध्यमिक विद्यालय तहसम्मको शिक्षा निःशुल्क रुपमा पाउने संविधान प्रदत्त मौलिक हकलाई कार्यान्वयन गर्न प्रत्येक बालबालिकालाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको अधिकार हुनेछ र नेपाल सरकारले सामुदायिक माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई चरणबद्ध रुपमा निःशुल्क शिक्षा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ । तर अपाङ्गता भएका व्यक्तिलाई माध्यमिक शिक्षा समेत निःशुल्क हुनेछ भन्ने सारवान व्यवस्थाहरु प्रस्ताव गरी शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न शिक्षा (आठौ संशोधन)विधेयक, २०६९,व्यवस्थापिका-संसद |

| | | | | |
|---|---|---|---|---|
| | | | | समक्ष प्रस्तुत भै संविधानसभाको विघटन पस्चात् शिक्षा (आठौ संशोधन) अध्यादेश जारि हुनका लागि नेपाल सरकार मन्त्रिपरिषदबाट सम्माननिय राष्ट्रपती ज्यू समक्ष प्रस्तुत् भएको र कक्षा १० सम्मको पाठ्यपुस्तक निःशुल्क वितरण गर्ने गरिएको ।<br>उल्लिखित व्यवस्थाबारे विधेयकको प्रति सहित राखी लगतकट्टाका लागि श्री सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयलाई अनुरोध गरिएको । |
| ५. | ०१३९<br>(०६४)<br>अमृता थापा समेत<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६५।१।४<br>अर्थ मन्त्रालय,<br>शिक्षा मन्त्रालय<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय,<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय,<br>श्रम तथा रोजगार मन्त्रालय | नेपालको अन्तरिम संविधान, २०६३ को मौलिक हक अन्तर्गत राखिएका नागरिकहरुका आधारभूत स्वास्थ्य सेवा, माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक, खाद्य सम्प्रभुता सम्वन्धी हकको साथै सामाजिक सुरक्षा सम्वन्धी हक लगायत भाग ३ मा समावेश गरिएका कतिपय मौलिक हक प्रचलनको लागि कानून निर्माण गरी लागू गर्ने भनी संविधानद्वारा प्रष्ट रुपमा राज्यको तर्फबाट प्रतिवद्धता जनाएको अवस्थामा उक्त संविधान जारी भई लागू भएको यति धेरै समय व्यतित भई सक्दा पनि उल्लेखित मौलिक हकको प्रत्याभूति गर्नको लागि राज्यको तर्फबाट हालसम्म सरकारले कुनै चासो नदेखाउनु वा कानून निर्माण गर्नेतर्फ कुनै पहल नगर्नु लोक कल्याणकारी राज्य स्थापना गर्ने जिम्मेवारी लिएको सरकारको लागि आफैमा सुहाउने कुरा होइन । लोक कल्याणकारी राज्य स्थापना गर्ने उद्देश्यले जनताको अभिमत प्राप्त | माध्यमिक विद्यालय तहसम्मको शिक्षा निःशुल्क रुपमा पाउने संविधान प्रदत्त मौलिक हकलाई कार्यान्वयन गर्न प्रत्येक बालबालिकालाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको अधिकार हुनेछ र नेपाल सरकारले सामुदायिक माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई चरणबद्ध रुपमा निःशुल्क शिक्षा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ । तर अपाङ्गता भएका व्यक्तिलाई माध्यमिक शिक्षा समेत निःशुल्क हुनेछ भन्ने सारवान व्यवस्थाहरु प्रस्ताव गरी शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न शिक्षा (आठौ संशोधन)विधेयक, २०६९,व्यवस्थापिका-संसद समक्ष प्रस्तुत भै संविधानसभाको विघटन पस्चात् शिक्षा (आठौ संशोधन) अध्यादेश जारि हुनका लागि नेपाल सरकार मन्त्रिपरिषदबाट सम्माननिय |

| | | | | |
|---|---|---|---|---|
| | | | जनउत्तरदायी सरकारले कानूनी राज कायम गरी समतामूलक समाज स्थापना गरी सवै नागरिकलाई संविधान प्रदत्त मौलिक हकको प्रत्याभूती दिनको लागि समेत संविधानमा उल्लेखित व्यवस्था कार्यान्वयनको लागि तत्काल कानून निर्माण गर्नु आवश्यक हुन आउंछ ।<br>अतः संविधानमा उल्लेखित नागरिकहरुको आधारभूत हकको रुपमा रहेको निशुल्क शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षा सम्वन्धी हक सुनिश्चित गर्न निवेदन माग दावी वमोजिम आवश्यक कानून निर्माण गर्नु भनी विपक्षी नेपाल सरकार,प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको नाउंमा निर्देशनात्मक आदेश जारी । | राष्ट्रपती ज्यू समक्ष प्रस्तुत् भएको र कक्षा १० सम्मको पाठ्यपुस्तक निःशुल्क वितरण गर्ने गरिएको ।<br>उल्लिखित व्यवस्थाबारे विधेयकको प्रति सहित राखी लगतकट्टाका लागि श्री सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयलाई अनुरोध गरिएको । |
| ६. | ००२३<br>(०६६)<br>मीना खडका समेत<br>वि.<br>प्र.मं तथा मं.प.को कार्यालय समेत | २०६७।१२।२<br>शिक्षा मन्त्रालय<br>अर्थ मन्त्रालय | निवेदनमा उल्लेख गरिएका विषयवस्तुलाई गम्भिरतापूर्वक ध्यान दिई सरकारी अनुदान प्राप्त भौतिक पूर्वाधार नभएका विद्यालयको भौतिक पूर्वाधार एवं गुणस्तरीय शिक्षाको स्तरोन्नतीका लागि प्रभावकारी योजना बनाई कार्यान्वयन गर्नु भनी निर्देशनात्मक आदेश जारी । | सरकारी अनुदान प्राप्त भौतिक पूर्वाधार नभएका विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि शिक्षा विभागबाट विद्यालय छनौटका आधारहरु निर्धारण गरी विभागको च. नं. ८७ मिति २०६८।७।७ को पत्रबाट ७५ वटै जिल्ला शिक्षा कार्यालयहरुमा परिपत्र गरीएको र गुणस्तरीय शिक्षाको स्तरोन्नतीका लागि भयमुक्त सिकाइ वातावरणका निमित्त नीतिगत व्यवस्था, बालमैत्री विध्यालय राष्ट्रिय प्रारुप, शिक्षक तालिम , शिक्षक विध्यार्थी आचारसंहिता लगायतका कुराहरुको व्यवस्था गरीएको । |

| | | | | |
|---|---|---|---|---|
| ७. | ०७०३<br>(०६७)<br>सविना दमाई समेत<br>वि.<br>प्र.मं तथा मं.प.को कार्यालय समेत | २०६७।११।१५<br>गृह मन्त्रालय,<br>शिक्षा मन्त्रालय | (क) निवेदीकालाई आमाको नामबाट कानून बमोजिम नेपालको नागरिकता प्रदान गर्नु,<br>(ख) नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीको रित र कार्यविधि पुरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलव्ध गराउन देशव्यापी रुपमा सबै प्र.जि.अ.को नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु,<br>(ग) समाजमा अझै बांकी रहेका त्यस्ता खराब परम्परा, प्रचलन, प्रथा उन्मूलन गर्न आवश्यक र प्रभावकारी कदम चाल्नु भनी गृह मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी ।<br>(घ) रुढीगत प्रथा, संस्कृति र प्रचलनलाई उन्मुलन गर्नको लागि आवश्यक जनचेतना जगाउन आवश्यक शिक्षा तथा जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गर्नु, गराउनु भनी प्र.मं तथा मं.प.को कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी । | प्र.म.तथा म.प.को कार्यालयबाट प्राप्त च.न.२८९ मिति २०६८।३।६ को पत्र अनुसार आदेश कार्यान्वनका सम्बन्धमा बिभिन्न निकायमा लेखि पठाए अनुरुप शिक्षा विभागबाट लैङ्गिक सचेतना प्याकेज, २०६९, लैङ्गिक समविकास शिक्षा, लैङ्गिक सचृतना पुस्तिका, बालिकाका लागि मनोपरामर्श सेवा पुस्तिका लगायतका सामाग्रीहरु प्रकाशित गरी जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गरीएको । |
| ८. | ०२८३<br>(०६३)<br>प्रकाशमणि शर्मा समेत वि.<br>प्र.मं.तथा मं.प.कार्यालय समेत | २०६५।१।४ मा प्र.म.तथाम.प./ शिक्षा मंत्रालयका नाममा जारि । | अपाङ्गका शैक्षिक हकको व्यवस्थाको आवश्यकताको पृष्ठभूमिमा खास गरेर निवेदनमा उल्लेखित विषयमा माथि उल्लेख भए बमोजिम खास कार्ययोजना तर्जुमा गरी अविलम्ब लागु गर्नु पर्ने हुनाले सो व्यवस्थ ागर्न पर्ने कुरामा ध्यानाकर्षण गराउँदै निवेदकहरु मध्ये तत्काले देखि विद्यालय वा महाविद्यालयमा शिक्षा प्राप्त गर्न चाहने वहिरोपनको असर परेको व्यक्तिहरुको आवश्यकतालाई सम्बोधन गर्न चालु शैक्षिक सत्र | उक्त फैसला कार्यान्वयन भै लगत कट्टाका लागि लेखि पठाईएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | भित्र सांकेतिक भाषाको माध्यमद्वारा शिक्षामा अवसर पाउने विद्यालय वा महाविद्यालय किटान गरी उक्त भाषामा प्रशिक्षित दोभाषे वा शिक्षकहरुको व्यवस्था गर्नु, त्यहा प्रयोग हुने पाठ्यसामग्रीहरु सांकेतिक भाषामा अनुवाद गर्ने प्रकृया शुरु गरी त्यहाँका विद्यार्थीहरुलाई आवश्यक पाठ्य सामाग्री यथाशिघ्र उपलब्ध गराउनु, सांकेतिक भाषामा शिक्षण गर्न सक्ने जनशक्तिको तालिमको व्यवस्थ अविलम्ब शुरु गर्नु भनी विपक्षीहरु प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र शिक्षा तथा खेलकूद मन्त्रालय समेतका नाउँमा परमादेशको आदेश जारी गरी दिएको छ । | |
| ९. | ३५८६ (२०५७) सुदर्शन सुवेदी वि. मन्त्रिपरिषद् सचिवालय | २०६०।७।२८ मा प्र.म.तथाम.प./ शिक्षा मंत्रालयका नाममा जारि । | अन्धा, अपाङ्ग, बहिरा तथा सुस्त मनस्थिति भएका व्यक्तिहरुलाई नेपाल अधिराज्य भरीका सम्पूर्ण सार्वजनिक विद्यालय, विश्वविद्यालय तथा तालिम केन्द्रहरुमा नि:शुल्क भर्ना गरी गराई निजहरुबाट भर्ना भएपछि कुनै पनि किसिमको सेवा शुल्क नलिनु, लिन नलगाउनु भन्ने विपक्षिहरुका नाउँमा निर्देशात्मक आदेश जारी भएको । | सम्मानित अदालतको आदेश कार्यान्वयन भइसकेको हुँदा लगत कट्टा गर्नका लागि अनुरोध । |
| १०. | ५७ (२०६१) देवेन्द्र आले वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०६१।९।२२ महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र शिक्षा मन्त्रालय | बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ७ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेखित बाबु,आमा,परिवारका सदस्य,संरक्षक वा शिक्षकले बालकको हितको लागि हप्काएको वा सामान्य पिटाइ गरेकोमा यस दफाको उल्लंघन गरेको मानिने छैन भनी उल्लेख गरेको प्रावधान मध्ये .......वा सामान्य पिटाई गरेको .....” अंश अनुचित एवं नेपाल अधिराज्यको संविधान,२०४७ को धारा १४(४) र २५(८) को भावना प्रतिकुल | शिक्षा नियमावली, २०५९मा मिति २०६७।१०।९ मा भएको छैटौं संशोधनबाट सो नियमावली को नियम १३३को उपनियम (२) को खण्ड (ट) मा “विध्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने ” भन्ने व्यवस्था थप गरी फैसलाको लगत कट्टाका लागि लेखि पठाईएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | हुंदा सो अंश आजका मितिदेखि लागु हुने गरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम अमान्य र बदर घोषित गरिदिएको छ । बालबालिका माथि भइरहेका र हुनसक्ने शारीरिक सजांय एवं क्रुर,अमानवीय वा अपमानजनक व्यवहार वा सजांय वा दुर्व्यवहार रोक्न उपयुक्त र प्रभावकारी उपाय अवलम्बन गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी । | |
| ११. | ३२१५<br>(२०६१)<br>सोमप्रसाद पनेरु समेत<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६३।५।२५<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय<br>शिक्षा मन्त्रालय | कमलरी प्रथाले नेपालले हस्ताक्षर गरेको CRC को धारा ९, १४, १५, १६, १८, १९, २८, २९, ३१ र ३२ समेतका धाराहरुले प्रदान गरेको अधिकारहरुको समेत हनन् हुने हुंदा कमैया श्रम (निषेध गर्ने) सम्वन्धी ऐन, २०५८ को प्रभावकारी कार्यान्वयनको लागि विपक्षी नेपाल सरकारको नाममा परमादेशको आदेश जारी एवं नेपालले हस्ताक्षर गरी अनुमोदन गरेका मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु खासगरी CRC, ICCPR, र ICESCR जस्ता मानव जीवनका सवै अवस्थालाई समेटने अत्यावश्यकीय Convention हरु वालवालिकाको पाठ्यक्रममा नै समावेश गर्न उपयुक्त हुनेतर्फ विपक्षी मन्त्रिपरिषद् र शिक्षा मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी । | विध्यालय शिक्षाको पाठ्यपुस्तकहरुमा बाल अधिकार, मानव अधिकार, नागरिक अधिकार जस्ता विषय समावेश गरिएकोले उक्त पत्रको प्रतिलिपि संलग्न राखी लगत कट्टा गरिदिनु हुन अनुरोध गरीएको । |
| १२. | ४४<br>(२०६२)<br>डिलबहादुर विश्वकर्मा | २०६२।१०।६ मा महेन्द्र संस्कृत विश्व विद्यालयको नाममा निर्देशनात्मक आदेश जारी | तीनधारा संस्कृत छात्रावास सम्बन्धी विनियम २०४८ को विनियम १४.८.६ को खण्ड (ख) मा उक्त छात्रावासप्रवेश गर्नका लागि व्रतवन्ध गरेको र २४ वर्ष | उक्त फैसलाको कार्यान्वयन भै लगत कट्टा गरि दिनकालागि लेखिपठाइएको । |

| | | | | |
|---|---|---|---|---|
| | वि. मन्त्रिपरिषद् सचिवालय | | नाघेको वटुक हुनु पर्ने व्यवस्था नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ११ तथा महेन्द्र संस्कृत विश्व विद्यालयको ऐन२०४३ को दफा १२ संग समेत बाझिएको देखिएकोले तीनधारा संस्कृत छात्रावास सम्बन्धी विनियम २०४८ को विवादित विनियम १४.८.६ को (ख)को व्यवस्था संविधानको धारा ८८ को उपधारा १ अनुसार आजका मितिले अमान्य घोषित गरिएको छ । साथै तीनधारा संस्कृत छात्रावासमा प्रवेशका लागि नेपाल अधिराज्य को संविधान,२०४७ को धारा ११ को उपधारा २ मा व्यवस्थित समानताको हक सम्बन्धी व्यवस्थाको प्रतिकुल नहुने गरी आवश्यक कानूनी व्यवस्था गर्नु भनि विपक्षी महेन्द्र संस्कृत विश्वविद्यालयको नाममा निर्देशनात्मक आदेश जारी । | |

## ४. श्री सर्वोच्च अदालतबाट भएको प्र.म. तथा म.प.को अभिलेख बाहेकका शिक्षा मन्त्रालयसंग सम्बन्धित अन्य फैसला निर्देशनात्मक आदेश र सो को कार्यान्वयन अवस्थाको विवरण तालिका :

| क्र.सं | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र कार्यान्वयनका लागि जिम्मेवार निकायहरु | आदेशको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | ०५६५(०६५)<br>हिरामणी चापागाई वि. शिक्षा मंत्रालय समेत | २०६६।१०।२४ मा शिक्षा मंत्रालय समेतका नाममा आदेश जारि । | शिक्षा ऐन, २०२८ मा भएको २०६३ सालको संसोधनले दफा ११(च) को उपदफा १(घ) मा समावेश गरेको कानूनी व्यवस्था बमोजिम सामुदायिक विद्यालयमा रिक्त हुन आएका शिक्षक पदहरू अस्थायी रुपमा पूर्ति गर्ने कार्य अबिलम्ब अन्त्य गरी प्रत्येक वर्ष विज्ञापन गरी ६ महिनाभित्र स्थायी रुपमा पदपूर्ति गर्ने व्यवस्था गर्नु गराउनु र ऐनमा भएको उपरोक्त व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु | शिक्षक सेवा आयोग नियमावली, २०५७ मा संशोधन भई शिक्षक सेवा आयोगबाट मिति २०६९।९।२० गते रिक्त शिक्षक दरवन्दीमा स्थायी शिक्षक सिफारिसका लागि विज्ञापन भै परिक्षा समेत सम्पन्न भैसकेकोले लगत कट्टाको लागि लेखि |

| | | | | |
|---|---|---|---|---|
| | | | भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरिदिएको । | पठाईएको । |
| २. | ०५६६(०६५) टिका बहादुर घर्तीक्षेत्री समेत वि. शिक्षा मंत्रालय समेत | २०६६।१०।२४ मा शिक्षा मंत्रालय समेतका नाममा आदेश जारि । | शिक्षा ऐन, २०२८ मा भएको २०६३ सालको संसोधनले उक्त ऐनको दफा ११(च) पछि थप गरिएको उपदफा १(ग) मा भएको उपदफा (१क) र (१ख) बमोजिमको प्रतियोगिताबाट स्थायी हुन नसकेका शिक्षकहरू मध्ये पाँच वर्ष भन्दा बढी अवधि अस्थायी शिक्षकको रुपमा काम गरेका शिक्षकलाई नेपाल सरकारले तोकेबमोजिमको सुविधा दिन सकिने व्यवस्था बमोजिम त्यस्ता अस्थायी शिक्षकलाई के के सुविधाहरू दिन सकिने हो शिक्षा ऐन, २०२८ को दफा ११(च) को उपदफा (१) पछि थप गरिएको उपदफा (१ग) सम्बन्धमा तुरुन्त निर्णय गरी त्यस्ता सुविधा दिने दिलाउने व्यवस्था गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारीगरिदिएको । | तोकिए बमोजिम अस्थायी शिक्षकलाई दिने सुविधा सम्बन्धमा ऐनमा नै स्पस्ट व्यवस्था गर्ने गरी शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न शिक्षा (आठौ संशोधन)विधेयक, २०६९,व्यवस्थापिका-संसद समक्ष प्रस्तुत भै संविधानसभाको विघटन पस्चात् शिक्षा (आठौ संशोधन) अध्यादेश जारि हुनका लागि नेपाल सरकार मन्त्रिपरिषदबाट सम्माननिय राष्ट्रपती ज्यू समक्ष प्रस्तुत् भएको । |
| ३. | ३६८९(०६२)मानसिंह कुंबर वि. शिक्षा मंत्रालय समेत | २०६२।९।१९ मा जि. शि. का. अर्घाखांची का नाममा आदेश जारि । | यसरी निबेदकले बढुवा सिफारिश किर्ते गरी बनाएका हुन भनि यकिन रुपमा भन्ने कुनै अख्तियारी नै नभएको विपक्षी जिल्ला शिक्षा कार्यालयले प्राकृतिक न्यायको सिद्धान्त विपरित निवेदकलाई सुनुवाईको मौका समेत नदिई विना आधार कारण निवेदकले बढुवा सिफारिश किर्ते गरेको भनी निष्कर्ष निकाली निवेदकलाई निजले माग गरेको निवृत्तीभरण लगायतका सुविधा दिन नमिल्ने भनी गरेको जिल्ला शिक्षा कार्यालय अर्घाखांचीको मिति २०५८।१०।७ को टिप्पणी निर्णय कानून संगत नहुदा उत्प्रेषणको आदेशद्वारा वदर गरि दिएको छ । निवेदकले च. न. १०८० मिति २०४२।५।१२ को बढुवा सिफारिश पत्र किर्ते गरे नगरेको सम्बन्धमा कानूनको प्रकिया अपनाई कार्यवाही किनारा गरी निवेदकले माग गरेको निवृत्तीभरण समेतका सुविधा सम्बन्धमा आवश्यक निर्णय गर्नु । | निवेदकले च. न. १०८० मिति २०४२।५।१२ को बढुवा सिफारिश पत्र किर्ते गरे नगरेको सम्बन्धमा कानूनी कार्यवाही अगाडी बढाई सो बारे मिति २०६८।२।१२ मा श्री सर्वोच्च अदालत ,फैसला कार्यान्वयन निर्देशनालयमा पत्राचार भएको र सो पस्चात शि. का. अर्घाखांचीमा उक्त विषयमा पटकपटक ताकेता भै रहेको । |
| ४. | सम्वत् २०६२ सालको रिट नं. ३२६१ | २०६७।३।१५ शिक्षा मन्त्रालय, जिल्ला शिक्षा | निवेदकले कर्तव्य ज्यान जस्तो फौजदारी कसूरमा अदालतबाट सजाय पाएको देखिएको अवस्थामा सो सजाय भुक्तान | जिल्ला शिक्षा कार्यालय खोटाङको मिति २०६९।३।२४ च.नं.३२०२ को पत्रानुसार |

| | | | | |
|---|---|---|---|---|
| | वृषबहादुर राई वि. शि.म.समेत | कार्यालय खोटाङ | गरी सके पश्चात् सो सजायलाई नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको भनी आत्मगत रुपमा व्याख्या गरी निजलाई शिक्षा ऐन २०२८ को दफा १६ड. को उपदफा (५) को खण्ड (ड.) बमोजिम शिक्षक पदबाट बर्खास्त गरेको तथा सो गर्दा शिक्षा नियमावली, २०५९ को नियम १४० बमोजिमको कार्यविधि पूरा नगरी सफाइको मौका नदिई शैक्षिक सेवाबाट बर्खास्त गर्ने गरेको देखिएकोले क्षेत्रीय शिक्षा निर्देशक धनकुटाको मिति २०६२।५।१४ को निर्णय र तत्सम्बन्धी काम कारवाही उक्त कानूनी व्यवस्था प्रतिकूल रहेकोले सो काम कारवाहीहरु उत्प्रेषणको आदेश जारी गरी बदर हुने ठहर्छ । अब निवेदकाई पूर्ववत प्रा.शि. पदमा बहाल गरी कामकाज लगाउनु भनी विपक्षीहरुका नाममा परमादेश समेत जारी गरिदिएको छ । | फैसलाको कार्यान्वयन भैसकेको । |
| ५. | सम्वत् २०६३ सालको WO०९०३ अव्दुल हफिज वि. शि.म.समेत | शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय खोटाङ | निवेदक नियुक्ती पाइ काम काज गरीरहेकै अवस्थामा जिल्लान्तर काज सरुवा गराउन भनी जिल्ला शिक्षा कार्यालय खोटाङबाट सहमती लिई सिराहा जिल्लामा काज सरुवा गराउन प्रयासरत रहिरकेको र निजले सोही अवधिमा विद्यालयमा उपस्थित हुन नसक्नुका कारण दर्शाइ निवेदनद्वारा जानकारी गराई विदासमेत माग गरी निवेदन दिइरहेको अवस्थाले निजको कार्यालयसँगको सम्बन्ध टुटेको अवस्था नभई निरन्तरता रहेकोमा परीक्षणकालमा काम सन्तोषजनक नभएको भन्ने आधारमा विभागीय प्रकृतिको भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी सफाइ पेश गर्ने मौका समेत प्रदान नगरी अधिकारविहीन निमित्त जिल्ला शिक्षा अधिकारीले पदबाट हटाएको मिति २०६२।११।२९ को निर्णय र सो निर्णयानुसार दिइएको च.नं. १३७० मिति २०६२।११।२९ को पत्र लगायतका सोसँग सम्बन्धित सम्पूर्ण निर्णय तथा पत्राचारहरु शिक्षा ऐन नियमावलीका साथै कानूनका मान्य सिद्धान्त समेत बिपरीत भई त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकलाई पूर्ववत सेवामा वहाली गर्नु गराउनु भनी | जिल्ला शिक्षा कार्यालय खोटाङको मिति २०६९।३।२४ च.नं.३२०२ को पत्रानुसार फैसलाको कार्यान्वयन भैसकेको । |

| | | | | |
|---|---|---|---|---|
| | | | विपक्षीहरु जिल्ला शिक्षा कार्यालय खोटाङ समेतका नाउँमा परामादेश जारी हुने ठहर्छ । | |
| ६. | निरक्षर दृष्टिविहीन सहयोग केन्द्रका हिमाल साउद वि.प्र.म.का. समेत | २०६७।१०।१७ शिक्षा मन्त्रालय, | "देशभरिका दृष्टिविहिन अपाङ्गहरुको छुट्टै लगत लिई खाद्य, आवास, स्वास्थ्य सीपमूलक तालीम, सुचना तथा सन्चार सहितका एकिकृत सामाजिक सुरक्षाको प्याकेज सहितका नीति निर्माणका अतिरिक्त दृष्टिविहिन संरक्षण केन्द्रको पुर्वाधार विकास गरी, दृष्टिविहिन अपाङ्गहरुका लागि कल्याणकारी व्यवस्था कार्यान्वयन गर्न आवश्यक पहल गर्नु गराउनु । सो अपाङ्ग संरक्षण तथा कल्याण ऐनको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु र अपाङ्ग सेवा कार्य योजना २०६० को राष्ट्रिय नीतिलाई थप परिमार्जन तथा समसामयिक बनाइ कार्यान्वयन गर्नु गराउनु भनी परमादेश जारी हुने ठहर्छ ।" | |
| ७. | ५७०।०६७-WO-०९९० अधिवक्ता श्रीकृष्ण सुवेदी वि.प्र.म.का.समेत | २०६८।१।१५ शिक्षा मन्त्रालय | यस रिट निवेदनको अन्तिम निर्णय नहुँदासम्म प्रचलित कानूनी प्रकृया वमोजिम आधिकारिक निकायवाट पूर्वस्वीकृत शुल्क सीमा भन्दा बढी शुल्क विद्यार्थी, अभिभावकहरुवाट विद्यालयहरुले नलिन, नउठाउन र सम्बन्धित अधिकारिक निकायबाट पूर्वस्वीकृत पाठयपुस्तक एवं सन्दर्भ पुस्तकहरु भन्दा फरक पुस्तकहरु अध्ययन अध्यापन नगर्न, नगराउनका साथै विद्यालय परिसरवाटै विद्यार्थी, अभिभावकहरुलाई पुस्तक लिन वाध्य नगर्न, नगराउन, कानून वमोजिमको आवश्यक व्यवस्था गर्नु, गराउनु भन्ने समेतको आदेश र व्यवस्था कार्यान्वयन गर्न, गराउनका साथै जिल्ला शिक्षा कार्यालयहरु लगायत आफ्ना सम्बन्धित कार्यालय र निकायहरुबाट प्रभावकारी अनुगमनको व्यवस्था समेत मिलाइ अनुगमन सम्बन्धमा गरिने व्यवस्था र अनुगमनको प्रतिवेदन यस रिट निवेदनको अन्तिम निर्णय नहुँदासम्म प्रत्येक महिनाको ७ गते भित्र यस अदालतम पठाउने समेत गर्नु भनी विपक्षी बनाइएका प्रधानमन्त्रीको कार्यालय, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र र नीजि तथा आवासीय | सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट अनुगमन व्यवस्था गरी गराइ सोको प्रतिवेदन प्रत्येक महिनाको मसान्तभित्र शिक्षा विभागमा पठाउन र शिक्षा विभागबाट हरेक महिनाको ३ गतेभित्र मन्त्रालयमा उपलब्ध गराइ सोका आधारमा मन्त्रालयले तोकिएको दिनभित्र अदालतमा पठाउने भन्ने समेतको म न्त्रालयको मिति २०६८।२।२३ र २०६९।१।२१ को निर्णयानुसार विभागमा पत्राचार गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | विद्यालय अर्गनाइजेशन नेपाल (प्याव्सन), राष्ट्रिय नीजि तथा आवासीय विद्यालय एशोसिएसन नेपाल (एनप्याव्सन) को नाउँमा समेत आदेश जारी । | |
| ८. | सम्बत् ०६४ सालको -WO-०५०१ ईश्वरी खड्का समेत | २०६७।१०।२३ शिक्षा मन्त्रालय | विद्यालय कलिला बालबालिकालाई शिक्षा प्रदान गर्ने संस्था भएको कारण विद्यालयका शिक्षक तथा कर्मचारी दुवै इमान्दार, राम्रो चरित्रको र उच्च नैतिकताको हुनु आवश्यक हुन्छ । सकभर विद्यालयका शिक्षक कर्मचारीलाई निश्चित पारिश्रमिक उल्लेख भएको आफ्नै र छुट्टै विशेष सेवाका शर्तयुक्त कानून हुनु वाञ्छनीय हुन्छ । शिक्षक र कर्मचारीले सकभर श्रम ऐनको सहारा लिनु नपर्ने व्यवस्था हुनु उपयुक्त हुन्छ । लामो समय विद्यालयमा कर्मचारी भै काम गर्ने तर सेवा शर्त सम्बन्धी कानूनको अभावमा कर्मचारीको भविष्य अनिश्चित हुनु उपयुक्त हुँदैन । शिक्षा ऐन, २०२८ को दफा १९ मा सामुदायिक विद्यालयका कर्मचारीहरूको लागि नियम बनाउने व्यवस्था नभएको कारण यस अदालतले ती कर्मचारीहरूको लागि कानून बनाउन भनी आदेश गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुन्छ । तर एउटै विद्यालयमा कार्यरत रहँदा पदका आधारमा जिम्मेवारी फरक हुनु एउटा कुरा हो तर कामकै आधारमा राज्यले प्रदान गर्ने सुरक्षा तथा सेवा सुविधामा फरक हुनु स्वभाविक देखिंदैन । यसरी समुदायिक विद्यालयमा कारत कर्मचारीको भविष्य अन्यौल र अनिश्चित हुन नदिन तिनीहरूको सेवा सुविधा तथा सर्त उल्लेख भएको service law को आवश्यकता भएको हुँदा यस सम्बन्धमा के-कस्तो सेवा, सुविधा सहितको service law आवश्यकता हुन्छ अध्ययन गरी प्रतिवेदन दिनको लागि शिक्षा मन्त्रालयको सह-सचिवस्तरको अधिकारीको संयोजकत्वमा अन्य सम्बद्ध दुई विज्ञ व्यक्ति समावेश भएको ३ सदस्यीय समिति गठन गरी उक्त समितिले दिएको प्रतिवेदन अनुसार कार्यान्वयन गर्नु भनी शिक्षा मन्त्रालयको नाउँमा निर्देशनात्मक आदेश जारी | शिक्षा मन्त्रालयको च.नं.७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालयमार्फत श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | गरिदिएको छ । यो समिति तुरुन्त गठन गरी यसले ६ महिना भित्र प्रतिवेदन बुझाइसक्नु पर्नेछ । समितिले प्रतिवेदनको एक प्रति यस अदालतलाई समेत उपलब्ध गराउनु । | |
| ९. | सम्बत् ०६४ सालको -WO-१२८६ सुशीलादेवी वि .प्र.म.का.समेत | २०६७।१०।२३ शिक्षा मन्त्रालय | वि.सं. २०२८ सालमा शिक्षा ऐन जारी भए पश्चात पटक पटक संशोधन भै आउँदा सो ऐन अन्तर्गत बनेको शिक्षा नियमावली, २०५९ ले सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको service law को रूपमा सेवासर्त उल्लेख गरेको पाइँदैन । हाल कायम शिक्षा ऐन, २०२८ को दफा १६ठ. थप भै उक्त प्रावधान २०६३ श्रावण १७ गतेबाट लागु भए पनि सो बमोजिम सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको सेवा शर्त सम्बन्धी कानून बनेको देखिंदैन । उक्त ऐनको दफा १९ मा नेपाल सरकारले नियम बनाउनको लागि तोकिएका आधारहरूमा यस प्रकृतिका कर्मचारीहरूको सेवा शर्त सम्बन्धमा नियम बनाउने सक्ने गरी अधिकार प्रत्योजना गरेको समेत देखिंदैन । यसमा कर्मचारीको सेवा सुविधा सेवा शर्त सम्बन्धमा के-कस्तो गर्न सकिन्छ, कार्यदल गठन गरी सोको सिफारिशमा आवश्यक व्यवस्था गर्नु भनी संबत २०६४ सालको ०५०१ नं. को रिट निवेदनमा निर्देशनात्मक आदेश जारी भएको हुँदा र सोही आदेशबाट प्रस्तुत रिट निवेदनमा उठाएको विषयवस्तु सम्बोधन भैसकेको यसमा निवेदक दाबी बमोजिम छुट्टै आदेश जारी गर्नु पर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुन्छ । उक्त ०५०१ नं. को रिट निवेदनमा गठित कार्यदललाई प्रस्तुत मुद्दामा उठाइएको विषयमा समेत प्रतिवेदन दिन लगाइ प्रतिवेदनको कार्यान्वयन गर्नु भनी विपक्षी मन्त्रालयका नाउँमा निर्देशानात्मक आदेश जारी हुन्छ । | शिक्षा मन्त्रालयको च.नं.७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालयमार्फत श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको । |
| १०. | ०६४-WO-०४९४ वीर ब. दमाईसमेत वि.प्र.म.का.समेत | २०६७।१०।२३ शिक्षा मन्त्रालय | यसमा शिक्षा नियमावली, २०५९ को नियम ८८ अनुसार विद्यालयका प्रत्येक तहका शिक्षकलाई श्रेणीमा विभाजन गरिएको छ । तर विद्यालयका कर्मचारीको श्रेणी विभाजन सम्बन्धमा नियमावली मौन रहेको छ । निजामती सेवा लगायतका सेवाहरूमा समेत श्रेणी विभाजन गरिएको | शिक्षा मन्त्रालयको च.नं.७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालयमार्फत श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| | | | अवस्थामा निवेदकहरूको हकमा पनि नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ को उपधारा (१) तथा धारा ३२ र १०७ को उपधारा (२) बमोजिम विद्यालयका कर्मचारीको श्रेणी विभाजन गर्ने कानूनी व्यवस्था गर्नु भन्ने परमादेशको आदेश जारी गरिपाउँ भन्ने मुख्य रिट निवेदन दावी भएको देखिन्छ । शिक्षा नियमावलीमा सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको श्रेणी विभाजन गरी सेवा शर्त समेत उल्लेख भै श्रेणी विभाजन भएको देखिंदैन । कुन विषयमा कानून बनाउने वा नबनाउने सो कार्यकारिणी वा विधायिकको स्वविवेकको विषय हो । यस्तो कुरामा अदालतको हस्तक्षेप हुनु न्यायसंगत हुँदैन । शिक्षा ऐन, २०२८ को दफा १९ मा यस सम्बन्धी नियम बनाउन सक्ने गरी नेपाल सरकारलाई अधिकार प्रदान गरेको देखिंदैन । सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको निवृत्तिभरण, सेवा, शर्त, पाउने सुविधा लगायतका यावत विषयसँग यी कर्मचारीहरूको लागि service law आवश्यक भएको हुँदा के-कस्तो कानून बनाउन उपयुक्त हुन्छ अनुसन्धान गर्न तीन सदस्यीय कार्यदल गठन गरी छ महिना भित्र प्रतिवेदन लिई सो प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा सम्बत् २०६४ सालको रि नं. ०५०१ नं. को रिट निवेदनमा आजै यस इजलासबाट निर्देशनात्मक आदेश जारी भै सकेको हुँदा सोही रिट निवेदनमा विवेचना गरिएको तथा लिइएका आधार कारणहरूका आधारमा प्रस्तुत रिट निवेदन जारी हुन सक्ने नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । उक्त ०५०१ नं. को रिट निवेदनमा गठित कार्यदललाई प्रस्तुत मुद्दामा उठाइएका विषयमा समेत प्रतिवेदन दिन लगाइ सो प्रतिवेदनको कार्यान्वयन गर्नु हुन विपक्षी शिक्षा मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुन्छ । | सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको । |
| ११. | सम्बत् ०६४ | २०६७।१०।२३ शिक्षा मन्त्रालय | हामी विद्यालयका कर्मचारीहरूले विद्यालयका शिक्षक समान जिल्ला शिक्षा | शिक्षा मन्त्रालयको च.नं.७१४ को पत्रद्वारा मिति |

| | | | | |
|---|---|---|---|---|
| | सालको -WO-०५०० राजेन्द्र श्रेष्ठ वि.प.म.का.समेत | | कोषको अनुदान रकमबाट तलब, भत्ता, ग्रेड, रकम तथा सञ्चय कोषबाट निकासा दिने रकमबाट पेन्सन उपदान वा उपचार खर्च पाउने अधिकार भएता पनि शिक्षा नियमावली, २०५९ ले उक्त अधिकारबाट बञ्चित गरेकोले कानुनको समान संरक्षणको मौलिक हकबाट हामीलाई अनुचित बन्देज लगाइएको हुँदा शिक्षक सरह विद्यालयको कर्मचारीहरूको तलब भत्ता ग्रेड, संचय कोष, उपदान, निवृत्तिभरण र उपचार खर्चको रकम संचित कोषबाट निकासा दिने व्यवस्था गर्नु भनी परमादेशको आदेश जारी गरी पाउन माग राखी रिट निवेदन दिएको देखिन्छ । कुन विषयमा कानून बनाउने वा नबाउने सो कार्यकारिणी वा विधायिकाको स्वविवेकको विषय हो । यस्तो कुरामा अदालतको हस्तक्षेप उचित एवं न्यायसंगत हुँदैन । सर्वसञ्चित कोषबाट के कस्ता शिर्षकमा खर्च गर्ने भन्ने नितान्त संवैधानिक तथा कानूनी व्यवस्था अन्तर्गतको विषय हो । यस्ता विषयमा असाधारण अधिकार क्षेत्र अन्तर्गत यस अदालतबाट हस्तक्षेप हुन सक्दैन । सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको निवृत्तिभरण, सेवा, शर्त, पाउने सुविधा लगायतका यावत विषयसँग यी कर्मचारीहरूको लागि service law आवश्यक भएको हुँदा के कस्तो कानून बनाउन उपयुक्त हुन्छ अनुसन्धान गर्न तीन सदस्यीय कार्यदल गठन गरी ६ महिना भित्र सोको प्रतिवेदन लिई कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा सम्बत् २०६४ सालको रिट नं. ०५०१ नं. को रिट निवेदनमा आजै यस इजलासबाट निर्देशनात्मक आदेश जारी भै सकेको हुँदा सोही निवेदनमा विवेचना गरिएको तथा लिइएको आधार कारणहरूका आधारमा प्रस्तुत रिट निवेदन जारी हुन सक्ने नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । उक्त ०५०१ नं. को रिट निवेदनमा गठित कार्यदललाई प्रस्तुत मुद्दामा उठाइएका विषयमा समेत प्रतिवेदन दिन लगाइ प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी | २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालयमार्फत श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | शिक्षा मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुन्छ । | |
| १२. | ०६४-WO-०५०२ गणेशप्र.थारुसमेत वि. प्र.म.का.समेत | २०६७।१०।२३ शिक्षा मन्त्रालय | शिक्षा नियमावली, २०५९ मा शिक्षकको दरवन्दीको व्यवस्था गरेको भए पनि सामुदायिक विद्यायमा कार्यरत कर्मचारीको सम्बन्धमा दरवन्दीको व्यवस्था उक्त नियमले गरेको देखिएन । शिक्षा ऐन, २०२८ को दफा १९ मा यस सम्बन्धी नियम बनाउन सक्ने गरी नेपाल सरकारलाई अधिकार प्रदान गरेको देखिंदैन । सामुदायिक विद्यालयमा कार्यरत कर्मचारहिरूको निवृत्तिभरण, सेवा, शर्त, पाउने सुविधा लगायतका यावत विषयसँग यी कर्मचारीहरूको लागि service law आवश्यक भएको हुँदा के कस्तो कानून बनाउन उपयुक्त हुन्छ अनुसन्धान गर्न ३ सदस्यीय कार्यदल गठन गरी ६ महिना भित्र सो को प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा सम्बत् २०६४ सालको रिट नं. ०५०१ नं. को रिट निवेदनमा आजै यस इजलासबाट निर्देशनात्मक आदेश जारी भै सकेको हुँदा सोही रिट निवेदनमा विवेचना गरिएको तथा लिइएका आधार कारणहरूका आधारमा प्रस्तुत रिट निवेदन जारी हुन सक्ने नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । उक्त ०५०१ नं. को रिट निवेदनमा गठित कार्यदललाई प्रस्तुत मुद्दामा उठाइएका विषयमा समेत प्रतिवेदन दिन लगाइ प्रतिवेदनका आधारमा यथोचित कार्यान्वयन हुन विपक्षी शिक्षा मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुन्छ । | शिक्षा मन्त्रालयको च.नं.७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालयमार्फत श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको । |
| १३. | ०६४-WO-०४९६ उद्धव प्र न्यौपाने वि प्र.म.का. | २०६७।१०।२३ शिक्षा मन्त्रालय | निवेदकहरू सामुदायिक विद्यालयमा कार्यरत विभिन्न पदका कर्मचारीहरू देखिन्छन् । शिक्षक र कर्मचारी भिन्ना भिन्नै वर्ग हुन । एउटै संस्थामा काम गर्ने भएपनि उनीहरूको योग्यता, कामको प्रकृति र तालिम आदिको आधारमा यिनीहरूलाई भिन्ना भिन्नै वर्गमा राख्नु पर्दछ । शिक्षक उसको योग्यताका आधारमा नियुक्त भै उसको काम वालबालिका शिक्षा प्रदान गर्नु हो तर विद्यालयका कर्मचारीको काम शिक्षा प्रदान | शिक्षा मन्त्रालयको च.नं.७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालयमार्फत श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्ने मुल काममा व्यवस्थापकीय दृष्टिकोणले सहजीकरण गर्ने हो । त्यसैले धारा १३ को प्रयोजनको लागि यी २ वर्ग भिन्नै र बेग्लै वर्ग हुन । काम कर्तव्य तथा जिम्मेवारीको आधारमा फरक किसिमले व्यवहार हुनै सक्दैन भन्न मिल्दैन । कुन विषयमा कानून बनाउने वा नबनाउने सो कार्यकारिणी वा विधायिकाको स्वविवेकको विषय हो । यस्तो कुरामा अदालतको हस्तक्षेप अपेक्षाकृत हुँदैन । शिक्षा ऐन, २०२८ को नियम १९ मा निवेदकले दावी लिएका विषय सम्बन्धमा नियम बनाउन सक्ने गरी नेपाल सरकारलाई अधिकार प्रदान गरेको देखिंदैन । सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको निवृत्तिभरण, सेवा, शर्त, पाउने सुविधा लगायतका यावत विषयसँग यी कर्मचारीहरूको लागि service law आवश्यक भएको हुँदा के-कस्तो कानून बनाउन उपयुक्त हुन्छ अनुसन्धान गर्न ३ सदस्यी कार्यदल गठन गरी ६ महिना भित्र सोको प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा सम्बत् २०६४ सालको रिट नं. ०५०१ नं. को रिट निवेदनमा आजै यस इजलासबाट निर्देशनात्मक आदेश जारी भै सकेको हुँदा सोही रिट निवेदनमा विवेचना गरिएको तथा लिइएका आधार कारणहरूका आधारमा प्रस्तुत रिट निवेदन जारी हुन सक्ने नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । उक्त ०५०१ नं. को रिट निवेदनमा गठित कार्यदललाई प्रस्तुत मुद्दामा उठाइएका विषयमा समेत प्रतिवेदन दिन लगाइ सो प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुन्छ । | |
| १४. | २०६४-WO-०४९५<br>इन्द्र ब प्रजा वि प्र.म.का.समेत | २०६७।१०।२३<br>शिक्षा मन्त्रालय | मिति २०३६।६।८ मा शिक्षा नियमावली, २०२८ मा पाँचौ संशोधन गरिसकेपछि विद्यालयका कर्मचारीहरूलाई शिक्षकबाट अलग स्थितिमा राखियो । शिक्षा नियमावली, २०४९ को नियम ५८ को उपनियम (१) मा सरकारले समय-समयमा तोके बमोजिम तलब भत्ता स्केल बृद्धि र अन्य सुविधाहरू विद्यालयका शिक्षक तथा | शिक्षा मन्त्रालयको च.नं.७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालयमार्फत श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश |

| | | | | |
|---|---|---|---|---|
| | | | कर्मचारीले पाउने छन् भन्ने व्यवस्था रहेको भए तापनि शिक्षा नियमावली, २०५९ को नियम १०० ले शिक्षकले मात्र तलब भत्ता पाउने कानूनी व्यवस्था गरेको । निवेदकले अन्य विद्यालयका कर्मचारीहरू सरह समान पारिश्रमिक पाउने अधिकार भए तापनि हामीहरूलाई उक्त अधिकारबाट बन्चित गरिएकोले समान तह तथा समान पदमा कर्मचारीलाई शिक्षक सरह समान तलब, भत्ता लगायतका पारिश्रमिकको कानूनी व्यवस्था गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्ने मुख्य रिट निवेदन दावी देखिन्छ । कुन विषयमा कानून बनाउने वा नबनाउने सो कार्यकारिणी वा विधायिकाको स्वविवेकको विषय हो । यस्तो कुरामा अदालतको हस्तक्षेप अपेक्षाकृत हुँदैन । शिक्षा ऐन, २०२८ को दफा १९ मा यस सम्बन्धी नियम बनाउन सक्ने गरी नेपाल सरकारलाई अधिकार प्रदान गरेको देखिंदैन । सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको निवृत्तिभरण, सेवा, शर्त, पाउने सुविधा लगायतका यावत विषयसँग यी कर्मचारीहरूको लागि service law आवश्यक भएको हुँदा के कस्तो कानून बनाउन उपयुक्त हुन्छ अनुसन्धान गर्न ३ सदस्यीय कार्यदल गठन गरी ६ महिना भित्र प्रतिवेदन लिई प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा सम्बत् २०६४ सालको रिट नं. ०५०१ नं. को रिट निवेदनमा आजै यस इजलासबाट निर्देशनात्मक आदेश जारी भै सकेको हुँदा सोही रिट निवेदनमा विवेचना गरिएको तथा लिइएका आधार कारणहरूका आधारमा प्रस्तुत रिट निवेदन जारी हुन सक्ने नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । उक्त ०५०१ नं. को रिट निवेदनमा गठित कार्यदललाई प्रस्तुत मुद्दामा उठाइएका विषयमा समेत प्रतिवेदन दिन लगाइ सो प्रतिवेदनको कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा निर्देशनात्मक आदश जारी हुन्छ । | हुन" पठाइएको । |

| | | | | |
|---|---|---|---|---|
| १५. | ०६४-WO-०४९९<br>रामदेव धोवी<br>वि.प्र.म.का.<br>समेत | २०६७।१०।२३<br>शिक्षा मन्त्रालय | विद्यालय कलिला बालबालिकालाई शिक्षा प्रदान गर्ने संस्था भएको कारण विद्यालयका शिक्षक तथा कर्मचारी दुवै इमान्दार, राम्रो चरित्रको र उच्च नैतिकताको हुनु आवश्यक हुन्छ । सकभर विद्यालयका शिक्षक कर्मचारीलाई निश्चित पारिश्रमिक उल्लेख भएको आफ्नै र छुट्टै विशेष सेवाका शर्तयुक्त कानून हुनु वाञ्छनीय हुन्छ । तसर्थ सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको निवृत्तिभरण, सेवा, शर्त, पाउने सुविधा लगायतका यावत विषयसँग यी कर्मचारीहरूको लागि service law आवश्यक भएको हुँदा के कस्तो कानून बनाउन उपयुक्त हुन्छ अनुसन्धान गर्न तीन सदस्यीय कार्यदल गठन गरी छ महिना भित्र सोको प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा सम्बत् २०६४ सालको रिट नं. ०५०१ नं. को रिट निवेदनमा आजै यस इजलासबाट निर्देशनात्मक आदेश जारी भै सकेको हुँदा सोही रिट निवेदनमा विवेचना गरिएको तथा लिइएका आधार कारणहरूका आधारमा प्रस्तुत रिट निवेदन माग बमोजिम आदेश जारी हुन सक्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । उक्त ०५०१ नं. को रिट निवेदनमा गठित कार्यदललाई प्रस्तुत मुद्दामा उठाइएका विषयमा समेत प्रतिवेदन दिन लगाइ प्रतिवेदनको कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुन्छ । | शिक्षा मन्त्रालयको च.नं.७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालयमार्फत श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको । |
| १६. | ०६४-WO-०४९८<br>मुखिया लक्ष्मण थारु वि प्र.म.का.<br>समेत | २०६७।१०।२३<br>शिक्षा मन्त्रालय | सामुदायिक विद्यालयमा शिक्षा सेवा आयोगबाट सिफारिश भई शुरु स्थायी नियुक्ति पाएका कर्मचारीहरू, विद्यालय व्यवस्थापन समितिले उम्मेदवार आफै छनौट गरी नियुक्ति गरेका तथा विद्यालय कै श्रोतबाट तलब भत्ता खाने गरी नियुक्त गरिएका हामी कार्यरत कर्मचारीहरूको स्थायी सेवालाई निवृत्तिभरण तथा उपदान प्रयोजनमा गणना गर्ने सम्बन्धमा हाल लागु रहेको शिक्षा नियमावली, २०५९ मा कुनै प्रावधान छैन । निजामती सेवा नियमावली, २०५० को नियम १२३ को उपनियम (१) को खण्ड (ख) मा अस्थायी | शिक्षा मन्त्रालयको च.नं.७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालयमार्फत श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | सेवा अवधि जोडिने प्रावधान रहेको, त्रि.वि. शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम, २०५० को नियम ५२ मा अस्थायी सेवा अवधि जोडिने प्रावधान रहेको, त्रि.वि. शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम, २०५० को नियम ५२ मा अस्थायी वा करार सेवा अवधि तथा सरकारी सेवा लगायत अन्य सार्वजनिक सेवामा गरेको कामको सेवा अवधिलाई समेत निवृत्तिभरण तथा उपदान प्रयोजनको लागि गणना गर्ने व्यवस्था भएको, हामी समेतका विद्यालयका कर्मचारीहरूलाई अस्थायी सेवा अवधिको गणनाको अधिकारबाट बन्चित गरिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धार १३ को उपधारा (१) मा कुनै कानूनको समान संरक्षणबाट अनुचित बन्देज लगाइएको हुँदा धारा ३२, धारा १०७(२) बमोजिम यो निवेदन गरेका छौ । विद्यालयका कार्मचारीहरूको अन्य सेवा सरह अस्थायी सेवा तथा अन्य सेवामा काम गरेको अवधिलाई उपदान, निवृत्तिभरण प्रयोजनको लागि गणना गर्ने कानूनी व्यवस्था गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरीपाउँ भन्ने मुख्य रिट निवेदन दावी देखिन्छ । शिक्षा नियमावली, २०५९ को नियम ११४ मा शिक्षकको मात्र नोकरी अवधि गणना सम्बन्धी व्यवस्था गरेको देखिन्छ भने नियम ११४क. मा नोकरी अवधि गणना सम्बन्धी कार्यविधि व्यवस्था गरेको देखिन्छ । कुन विषयमा कानून बनाउने वा नबनाउने सो कार्यकारिणी वा विधायिकाको स्वविवेकको विषय हो । यस्तो कुरामा अदालतमा हस्तक्षेप न्यायसंगत हुँदैन । शिक्षा ऐन, २०२८ को नियम १९ मा यस सम्बन्धी नियम बनाउन सक्ने गरी नेपाल सरकारलाई अधिकार प्रदान गरेको देखिँदैन । सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको निवृत्तिभरण, सेवा, शर्त, पाउने सुविधा लगायतका यावत विषयसँग यी कर्मचारीहरूको लागि service law आवश्यक भएको हुँदा के-कस्तो कानून बनाउन उपयुक्त हुन्छ अनुसन्धान गर्न तीन सदस्यीय कार्यदल गठन गरी छ | |

| | | | | |
|---|---|---|---|---|
| | | | महिना भित्र प्रतिवेदन दिइ सो प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा सम्बत २०६४ सालको रिट नं. ०५०१ नं. को रिट निवेदनमा आजै यस इजलासबाट निर्देशनात्मक आदेश जारी भै सकेको हुँदा सोही रिट निवेदनमा विवेचना गरिएको तथा लिइएका आधार कारणहरूका आधारमा प्रस्तुत रिट निवेदन जारी हुन सक्ने नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । उक्त ०५०१ नं. को रिट निवेदनमा गठित कार्यदलले प्रस्तुत मुद्दामा उठाइएका विषयमा समेत प्रतिवेदन दिन लगाइ सो प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुन्छ । | |
| १७. | २०६५-WO-०६९५<br>सुरेन्द्र प्र. कानू वि.शिक्षा मन्त्रालय समेत | २०६७।१०।२३<br>शिक्षा मन्त्रालय | तसर्थ माथि उल्लेखित आधार कारणका आधारमा निवेदन दावी बमोजिम रिट जारी हुन सक्ने नदेखिंदा रिट निवेदन खारेज हुने ठहर्छ । उक्त प्रतिवेदनमा उल्लेखित कानून सम्मत कुरा मात्र कार्यान्वयन गर्नु, कानून प्रतिकूल कुनै प्रावधान भए सोले मान्यता नपाउने हुँदा कार्यान्वयन नगर्नु भन्ने शिक्षा मन्त्रालयको नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ । आदेशको कार्यान्वयनको लागि प्रतिलिपी सहित शिक्षा मन्त्रालयमा महान्याधिवक्ताको कार्यालय मार्फत लेखी पठाई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु । | प्रतिवेदनमा उल्लेखित कानून सम्मत कुराहरु कार्यान्वयन भएकोले लगत कट्टा हुनुपर्ने । |
| १८. | संवत् २०६६ सालको रिट नं. ०१२०<br>गोविन्द प्रसाद रेग्मी वि<br>शिक्षा मन्त्रालयसमेत | २०६८।१।६<br>निजामती कितावखान | निजामति सेवा नियमावली, २०५० को नियम १२३ को उपनियम १२३ (१) बमोजिम निजामती कर्मचारीको पहिलेको सेवा अवधी गणना हुने कानूनी व्यवस्था रही यी रिट निवेदकले आफूले गरेको सेवा अवधि उल्लेखित कानूनी व्यवस्थाको आधारमा जोडाई सकेको देखिएको र ऐ. नियमावलीको नियम १२३ को उपनियम १ को खण्ड (ख) मा निवृत्तिभरण प्रयोजनको निमित्त गणना गर्न सकिने कानूनी व्यवस्था समेत रहे भएको परिप्रेक्ष्यमा यी रिट निवेदकको पहिलेको सेवा अवधी निवृत्तिभरण प्रयोजनको लागि समेत जोडिन सक्ने कुरामा कुनै दुविधा नरहेकोमा बढुवा प्रयोजनको लागि | फैसला कार्यान्वयन भई सकेकोले लगत कट्टाका लागि लेखि पठाएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | जोडिएको सेवा अवधी निवृत्तिभरणको प्रयोजनको लागि जोड्न नमिल्ने भनी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०६६।२।१२ मा गरेको निर्णय कानूनसम्मत देखिन नआएको हुँदा उल्लेखित निर्णय उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ । अब निवेदकको माग बमोजिम निजले गरेको अस्थायी सेवा अवधिलाई निजको नोकरी अवधिमा जोडी नियमानुसार सेवा अवधि कायम गरी अस्थायी तथा स्थायी सेवा अवधि पुरैको निवृत्तिभरण लगायत निजले पाउने कानून बमोजिमका रकम, सुविधा दिनु दिलाउनु भनी विपक्षीहरुको नाममा परमादेश समेत जारी हुने ठहर्छ । | |
| १९. | ०६३-WO-०९६६ डिल्लिराज खड्गी वि.शिक्षा मन्त्रालय समेत | २०६७११०!& विद्यालय व्यवस्थापन समिति लेबोरोटरी उ.मा.वि.किर्तिपुर | अब विद्यालयको भौतिक अचल सम्पत्ति देखाई विभिन्न बैंकमा धितो राखी विभिन्न व्यक्तिका नाउँबाट कर्जा लिएको भन्ने निवेदन दावीका सम्बन्धमा विचार गर्दा लेवोरेटरी उच्च मा.वि., कीर्तिपुर सार्वजनिक शैक्षिक गुठीमा दर्ता हुने गरी यसको विधान क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमाञ्चलमा मिति २०६२।९।१७ मा दर्ता भएको देखिन्छ । यो सार्वजनिक शैक्षिक गुठीमा सञ्चालित लेवोरेटरी उच्च मा.वि. एक स्वशासित स्वायत्त संगठित संस्था हो । यस्तो संगठित संस्थाले कानूनी व्यक्तित्वको मान्यता प्राप्त गर्दछ । यस्तो कानूनी व्यक्तिले आफ्नो नाममा ऋण लिने, ऋण दिने, आफ्नो नामबाट अड्डा अदालतमा फिराद गर्ने तथा प्रतिवाद गर्ने सम्मको कार्य गर्न पाउँछ । यसरी विद्यालयकै नाउँबाट ऋण लिने तथा ऋण दिन पाउने कानूनी व्यवस्था हुँदा हुँदै विद्यालयको लागि भनी विद्यालयकै सम्पत्ति धितोमा राखी विद्यालय सञ्चालक वा सार्वजनिक गुठीका गुठीयारा मध्ये वा कुनै व्यक्ति विशेषका नाउँमा ऋण लिन वा ऋण दिन कानूनत मिल्दैन । यदि विद्यालयको सम्पत्ति धितोमा राखी विद्यालयका नाउँमा कुनै व्यक्ति विशेषले ऋण लिन्छ, दिन्छ भने त्यो गैह्र कानूनी हुन्छ । त्यस्तो ऋणको दायित्व विद्यालयले व्यहोर्न पर्दैन । त्यस्तो ऋणको दायित्व ऋण लिने र दिनेले नै व्यहोर्नु पर्दछ । | श्री सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं. ४५० मिति २०७०।१।९ को पत्रानुसार ०६३ सालको रिट नं.WO-०९६६ निवेदक डिल्लिराज खड्गी भएको उत्प्रेषणयुक्त परमादेश को रिटमा मिति २०६७१०।१७ मा भएको आदेश कार्यान्वयन भइसकेको देखि मिति २०६९।१२।१५ मा लगत कट्टा भएको जानकारीप्राप्त भएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | तसर्थ विद्यालय एक स्वशासित संगठित संस्था हुने र त्यस्तो संस्थाले विद्यालयको हितको लागि विद्यालय सञ्चालनको अधिकार र कर्तव्य भएको निकायबाट निर्णय गरी विभिन्न वित्तीय संस्थाबाट ऋण लिन सक्ने भएकोले विद्यालयको हित र विकासका लागि ऋण लिनपर्दा विद्यालयका नाउँमा लिने ऋण कुनै व्यक्ति विशेषका नाउँमा नभई विद्यालय सञ्चालक समितिले निर्णय गरी नेपाल सरकारको सहमती लिएर मात्र विद्यालयकै नाउँमा ऋण लिने व्यवस्था गर्न भनी लेवोरेटरी उच्च मा.वि. कीर्तिपुरको व्यवस्थापन समितिका नाउँमा निर्देशनात्मक आदेश समेत जारी गरिएको छ । | |
| २०. | ०६२ सालको २८३० रामजी राय वि. शिक्षा मन्त्रालय समेत | २०६७।८।१४ शिक्षा मन्त्रालय | अतः उल्लिखित विवेचनाबाट आफ्नो व्यक्तिगत कारणले नभई विद्यालय व्यवस्थापन समितिको निर्णय र खटाइएको विद्यालयमा हाजिर गर्न नदिएको कारणबाट यी निवेदकले हाजिर गर्न नपाएको देखिएसमेतबाट निवेदन माग बमोजिमको निवेदकलाई अवकाश दिने गरी भएको मिति २०५४।२।३१ को निर्णयदेखि पदस्थापन भएको २०६०।९।१५ सम्मको अवधिको तलब निवेदकले पाउन सक्ने नै देखिंदा सो अवधिको तलबभत्ता नदिने भनी गरेको अर्थ मन्त्रालयको पत्र र सोको आधारमा शिक्षा तथा खेलकुद मन्त्रालयले लेखेको मिति २०६२।३।२२ को पत्र र सो पत्रको आधारमा पञ्चावती मा.वि.ले सो अवधिको तलब भत्ता नपाउने भनी लेखेको पत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदन मागबमोजिमको मिति २०५४।२।३१ देखि २०६०।९।१५ को तलबभत्ता निवेदकले नपाउने गरी भएको निर्णय र पत्र उत्प्रेषणको आदेशले बदर भएकाले निज निवेदकले विद्यालयमा हाजिर भई काम गर्न नदिएको अवधिको मागबमोजिमको तलबभत्ता समेत तत्काल प्रचलित कानूनी व्यवस्था अनुसार निज निवेदकलाई भुक्तानी दिनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ठहर्छ । | उक्त आदेश कार्यान्वयनका लागि पत्राचार भइ सो आदेश कार्यान्वया भइसकेको । |

| | | | | |
|---|---|---|---|---|
| २१. | सम्बत् २०६० रिट नं. ३३४८ | २०६७।१०।२३ शिक्षा मन्त्रालय | अतः उपरोक्त उल्लेखित आधार प्रमाणबाट यी रिट निवेदकलाई निजामती सेवा ऐन २०४९ को दफा ६१(१)(च) को कसूरमा सोही ऐनको दफा ५९(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाइएको शिक्षा तथा खेलकुद मन्त्रालयको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी प्रशासकीय अदालतबाट भएको निर्णयमा कुनै कानूनी त्रुटी विध्यमान भएको पाइएन, साथै न्यायको सिद्धान्त समेतको त्रुटी पनि देखिएन । अधिकार प्राप्त अधिकारीबाट आफ्नो अधिकार क्षेत्र भित्र रही कार्य गरेको देखिनुका अतिरिक्त ऐन नियमले दिएको अधिकार प्रयोग गरी गरिएको निर्णय निवेदकको दावी अनुरूप स्वेच्छाचारी, पूर्वाग्रही, प्राकृतिक न्यायको सिद्धान्त एवं कानून र न्यायको मान्य सिद्धान्त विपरीत भएको हो भन्न सकिने अवस्था र स्थिति नभएबाट निवेदकको माग बमोजिम आदेश जारी गरिरहनु परेन । रिट निवेदन खारेज हुने ठहर्छ । | श्री सर्वोच्च अदालतबाट रिट निवेदन खारेज हुने आदेश भएको । |
| २२. | ०८-०६६-००००८ संगीता कुमारी झा | २०६७।१०।२३ शिक्षा मन्त्रालय | प्रस्तुत निवेदन मिति २०६६।४।९ गते दर्ता भएको देखिन्छ । यो निवेदन दर्ता हुनुभन्दा पहिले मिति २०६६।३।२७ गते नै निवेदनमा उल्लेखित विज्ञापन नै रद्द गरेको भन्ने जिकिर विपक्षी नवलकिशोर चौधरीले लिए पनि यस अदालतबाट मिति २०६६।४।१९ गते अन्तरिम आदेशको सम्बन्धमा छलफलमा विपक्षीहरूलाई उपस्थित हुन सूचना जारी गर्दा सूचना बुझी छलफलमा उपस्थित नभई सकेबाट सो समयमा सो विज्ञापन रद्द भएको जानकारी अदालतलाई जानकारी गराउन नसकेकाले त्यो निर्णय नै शङ्कायुक्त देखिन्छ । यस्तो अवस्थामा विपक्षीहरूले स्वच्छ र पवित्र विचारले लिखित जवाफ नदिई अदालतलाई छलछाम गर्ने मनाशायबाट नै जवाफ दिएको मान्नु पर्ने हुन्छ ।<br><br>शिक्षा नियमावली, २०५९ को नियम २२ङ.को उपनियम (११) मा “उपनियम (१) बमोजिम नियुक्तिको लागि सिफारिस | फैसला कार्यान्वयनका लागि जिल्ला शिक्षा कार्यालय, रौतहटलाई लेखी पठाईएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | गरिएको उम्मेदवारले नियुक्तिको सूचना प्रकाशित भएको वा सूचना पाएको मितिले तीस दिनभित्र नियुक्तिपत्र लिनुपर्नेछ । सो म्यादभित्र नियुक्तिपत्र नलिएमा वा नियुक्तिपत्र लिएको तीस दिनभित्र विद्यालयमा हाजिर नभएमा वा त्यस्तो उम्मेदवारको मृत्यु भई वा अन्य कुनै कारणले एकवर्षभित्र सो पद रिक्त भएमा व्यवस्थापन समितिले वैकल्पिक सूचीमा रहेको उम्मेदवारलाई योग्यता क्रमानुसार नियुक्त गर्न सक्ने छ" भन्ने कानूनी व्यवस्था पाइन्छ ।<br><br>विपक्षी रिन्कु कुमारी जैसवालको नियुक्तिको सिफारिसले वैधता प्राप्त गर्न नसकेको तथ्यमा कुनै विवाद रहेन । नियुक्तिका लागि सिफारिस भएको रिन्कुकुमारी जैसवालको सिफारिसले मान्यता प्रापत गर्न नसकेपछि उक्त नियमावलीको व्यवस्था अनुसार वैकल्पिक सूचीमा रहेकी यी निवेदकलाई व्यवस्थापन समितिले कानून बमोजिम नियुक्ति दिई काममा लगाउनु पर्ने कानूनी दायित्व विपक्षी व्यवस्थापन समितिका अध्यक्ष, सचिव र सदस्यहरूले समेत पूरा नगरी उल्टै विज्ञापन नै रद्द गरेको भनी भ्रामक लिखित जवाफ दिएको देखिन आयो । उक्त शिक्षा नियमावलीको व्यवस्था अनुसारको काम विपक्षीहरूले गरेको देखिन आएन । यस्तो अवस्थामा निवेदकको कानूनी हकको प्रचलन गराउने दायित्व यस अदालतको न्यायिक अधिकार भएको कुरामा कसैको दुई मत हुँदैन । कानूनले तोकेको दायित्व पूरा गर्नु सबैको कर्तव्य हुन्छ ।<br><br>अतएवः उपर्युक्त विवेचित आधारबाट शिक्षा नियमावली, २०५९ को नियम २२ङ.(१) अनुसार वैकल्पिक उम्मेदवार निवेदक संगिताकुमारी झालाई शिक्षक पदमा नियुक्ति गरी समर्थनकोलागि जिल्ला शिक्षा कार्यालय, रौतहटमा लेखी पठाउनु भनी विपक्षीका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । | |

| | | | | |
|---|---|---|---|---|
| २३. | ०८-०६६-०११ रञ्जु कुमारी साह | २०६७।१०।२३ शिक्षा मन्त्रालय | यसमा निर्णय तर्फ विचार गर्दा श्री दलित कन्या सामुदायिक विद्यालयमा एक प्राथमिक शिक्षक दरवन्दीको कोटा प्राप्त भएकोमा मिति २०६६।५।२४ मा विज्ञापन गरेको भनी विज्ञापनै नगरी गुपचुप ढङ्गबाट विपक्षी प्र.अ.ले आवेदन भर्न लगाई मिति २०६६।६।९ मा लिखित परीक्षा लिने भनी विद्यालय व्यवस्थापन समितिका अध्यक्षको घरमा परीक्षा लिन लागेका छन् भनी सुनी गाउँलेहरू जम्मा भई विरोध गर्दा परीक्षा लिने काम हुन सकेन । शिक्षा नियमावली, २०५९ को नियम २२च. बमोजिमको शिक्षक छनौट समिति पनि बनाएको रहेनछ । पुनः मिति २०६६।६।१५ मा पनि लिखित परीक्षा लिने भनी निजै व्यवस्थापन समितिको अध्यक्षको घरमा सूचना टाँसेकोमा सो दिन पनि परीक्षा लिन सकेनन् । अब मिति २०६६।६।२१ मा परीक्षा लिने भनेका छन् तर सूचना प्रकाशित भएको छैन । सूचना समेत टाँस नगरी लुकाएको अवस्थामा म समेतका योग्यता पुगेका नागरिकले प्रतिस्पर्धा गर्न पाउने हकबाट बञ्चित हुनु पर्ने भएकाले सो शिक्षक पदमा शिक्षा नियमावली, २०५९ को नियम २२च. को प्रक्रिया पूरा नगरी सो शिक्षक दरवन्दी पदपूर्ति नगर्नु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी गरी पाउँ भन्ने समेत निवेदन दावी भएकोमा शिक्षा नियमावली, २०५९ को नियम २२ङ. ले शिक्षक नियुक्ति गर्ने अधिकार विद्यालय व्यवस्थापन समितिलाई भएकाले रिट निवेदन खारेज हुनु पर्छ भन्ने समेत लिखित जवाफ जिल्ला शिक्षा कार्यालय रौतहटबाट पेश भएको देखियो । यसै गरी सो विद्यालयका विद्यालय व्यवस्थापन समितिको तर्फबाट पेश हुन आएको लिखित जवाफमा शिक्षक छनौट समिति पनि गठन भएको, विज्ञापन पनि सबैका लागि खुला गरी सूचना पाटीमा टाँस पनि गरिएको र शिक्षा कार्यालयमा समेत सूचना टाँस भएको र अध्यक्षको घरमा गुपचुपमा परीक्षा लिन लागे भन्ने कुरा झुट्टा हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोरा लेखिएको देखियो । | फैसला कार्यान्वयनका लागि जिल्ला शिक्षा कार्यालय, रौतहटलाई लेखी पठाईएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | निवेदकले मूलतः गुपचुपमा विज्ञापन प्रकाशित गरेकोले आफुले समेत थाहा नपाई आफ्नो समेत शिक्षकको परीक्षामा भाग लिने मौका गुमेको भन्ने र शिक्षा नियमावली, २०५९ को नियम २२च. बमोजिमको शिक्षक छनौट समिति समेत नबनाएको भन्ने कुरालाई दावी गरेको देखिएकोमा टाँस गरेको भनिएको विज्ञापनका पछाडिपट्टि शिक्षा कार्यालयमा सूचना टाँस गरियो भनिएको मिति केरमेट गरेको देखियो भने मुनि सरस्वती उच्च मा.वि.मा टाँसिएको भनी उल्लेख भएको मिति समेत केरमेट गरी सच्चिएको देखियो । यसरी किन सच्चियो भन्ने कुरा विपक्षीको तर्फबाट जवाफ रहेको पनि देखिएन र शिक्षा नियमावली, २०५९ बमोजिमको शिक्षक छनौट समिति यसरी यो यो व्यक्ति राखी गठन भएको हो भन्ने कुरा पनि खुलेको देखिएन । विज्ञापन पनि शिक्षक छनौट समितिबाट भएको भन्ने नदेखिई विद्यालयबाट भएको भन्ने समेत देखिन आयो ।<br>तसर्थ निवेदन दावीको शिक्षक नियुक्ति सम्बन्धी कारवाही कानूनसम्मत ढङ्गले अघि बढिरहेको भन्ने नदेखिएको हुँदा शिक्षा नियमावली, २०५९ ले उल्लेख गरेका कानूनी प्रक्रिया पूरा गरेर मात्र निवेदन दावीको शिक्षक नियुक्ति गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । मिति २०६६।६।२८ मा यस अदालतबाट जारी भएको अन्तरिम आदेश कायम राखी रहनु परेन । | |
| २४. | ०८-०६६-०६६<br>संजयकुमार यादव | २०६२।११।९<br>जिल्ला शिक्षा कार्यालय, कालिकोट | अब निवेदन माग बमोजिम परमादेशको आदेश जारी हुने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने भै त्यसतर्फ विचार गर्दा राहत कोटाका शिक्षकहरूको नियुक्ति गैर कानूनी तवरले भएकाले सो नियुक्ति कानून बमोजिम भए नभएको छानवीन गरी निर्णय गर्ने अधिकार शिक्षा नियमावली, ०५९ बमोजिम जिल्ला शिक्षा अधिकारीलाई भएको देखिन्छ । निवेदकले मिति ०६६।४।१८ मा राहत कोटाको शिक्षक नियुक्ति गैर कानूनी तवरले भएकाले आवश्यक कारवाही गरी पाउँ | फैसला कार्यान्वयनका लागि जिल्ला शिक्षा कार्यालय, कालिकोटलाई लेखी पठाईएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | भनी निवेदन दिएको होइनन् भनी विपक्षीले उल्लेख गर्न सकेको नदेखिनुका साथै सो सम्बन्धमा कारवाही भए गरेको भए के कस्तो कारवाही भए गरेको छ भन्ने खुलाउन सक्नुपर्नेमा सो समेत विपक्षी जिल्ला शिक्षा कार्यालय गौर, रौतहटबाट खुलाएको नदेखिएको स्थिति हुँदा निवेदकको उक्त निवेदन थन्काई राखेको भन्ने देखिन्छ ।<br>यसबाट विपक्षीले कानूनले गर्नुपर्ने कार्य नगरी रहेको भन्ने देखिन्छ । कानूनले गर्नु पर्ने कार्य नगरेमा वा गर्न नहुने कार्य गरेमा सम्बन्धित निकायलाई कानून बमोजिम गर्न परमादेशको आदेश जारी गर्नु पर्ने हुन्छ ।<br>तसर्थ निवेदकले मिति ०६६।४।१८ मा दिएको उजुरी निवेदनको सम्बन्धमा शिक्षा नियमावली, २०५९ बमोजिम अविलम्ब आवश्यक कारवाी गर्नु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । यो आदेश उपर चित्त नबुझे ३५ दिन भित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विपक्षीलाई पुनरावेदनको म्याद दिई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु । | |
| २५. | ०८-०६६-२७१<br>रामेश्वरप्रसाद यादव | शिक्षा मंत्रालय | प्रस्तुत निवेदन पत्रका सम्बन्धमा राजनैतिक भावनाबट प्रेरित व्यक्तिगत मानसिकताको उपज भएकोले निवेदन खारेज गरी पाउँ भनी लिखित जवाफ परेको र निवेदकलाई यस्तो निवेदन पेश गर्ने हकदैया छैन भनी विपक्षी तर्फका विद्वान अधिवक्ताले बहस प्रस्तुत गर्नु भएकोमा सार्वजनिक सरोकारको विषयमा मुलुकी ऐन, अदालती बन्दोबस्तको १० नं. बमोजिम अदालतको अनुमति लिई निवेदक रामेश्वरप्रसाद यादवले सरकारबाट प्रदान गरिएको शिक्षक राहत कोटा समान वितरण होस भन्ने उद्देश्य लिई प्रस्तुत निवेदन पत्र दायर गरेको देखिन्छ । निज निवेदक शिक्षक पदमा कार्यरत नेपाली नागरिक भएको कुरामा विवाद देखिदैन र प्रचलित नेपाल कानूनको अधीनमा रही कानूनको अगाडि | फैसला कार्यान्वयनका लागि जिल्ला शिक्षा कार्यालय, रौतहटलाई लेखी पठाईएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | समानता र कानूनको समान संरक्षणबाट कुनै नागरिकलाई पनि इन्कार गरिने छैन भनी नागरिक अधिकार ऐन, २०१२ को दफा ३ को कानूनी व्यवस्था प्रस्तुत विवादमा आकृष्ट हुने देखिएको र मुलुकी ऐन, अ.बं. १० नं. अनुसार अदालतले अनुमति प्रदान गरिसकेको विषयमा निवेदकलाई निवेदन पेश गर्ने हकदैया नै नभएकोले निवेदन खारेज होस् भन्ने विपक्षी तर्फको जिकिर र बहस बुँदासँग सहमत हुन सकिएन ।<br>अब, जिल्ला शिक्षा समितिका तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक मानिने हुँदा सोही आधारमा समितिले राहत कोटा वितरण गर्न पाउनु पर्ने हो भनी शिक्षा नियमावली, २०५९ को नियम १९(५) उल्लेख गरी लिखितजवाफ पेश भएको सम्बन्धमा विचार गर्दा प्रस्तुत मुद्दामा जिल्ला शिक्षा समितिको अरु काम, कर्तव्य र अधिकार भन्दा पनि कोटा वितरण प्रक्रियामा विवाद देखिएकोमा सो प्रयोजनको लागि पदेन पदाधिकारीको बैठकले मात्र उक्त अधिकार प्रयोग गर्न पाउने हो, होइन भन्ने कुरा नै विचारणीय देखिन्छ । उक्त नियम १९(५) मा उल्लेख भएको, तत्काल कायम रहेका भन्ने वाक्यांशले समितिमा मनोनीत हुनुपर्ने शिक्षाविद् तथा शिक्षासेवी मनोनयन गर्नै नपर्ने भनी अर्थ गर्न नमिल्ने देखिन्छ । किनभने शिक्षा नियमावलीको नियम २, १८ र १९ मा सदस्यता कायम रहने वा नरहने अवस्थाबारे कुनै कुरा उल्लेख नभएपनि शिक्षा ऐन, २०२८ को दफा ११घ. मा शिक्षा आयोगका सम्बन्धमा भएको कानूनी व्यवस्था अवलोकन गर्दा कुनै सदस्यको पदावधि वा उमेर पूरा भएमा राजिनामा स्वीकृत भएमा वा निजको मृत्यु भएमा सदस्यता कायम नरहने भनी उल्लेख भएको देखिंदा अन्यथा व्यवस्था नभएसम्म जिल्ला शिक्षा समितिमा पनि त्यस्तै कारणलाई सदस्यता कायम रहेको वा नरहेको भनी अर्थ लाग्ने देखियो । यस्तोमा विपक्षीहरूबाट जिल्ला | |

| | | | | |
|---|---|---|---|---|
| | | | शिक्षा समितिमा मनोनित हुनुपर्ने विविध क्षेत्रका सदस्यहरू मनोनित नै नगरी खाली राखेको स्थितिमा सो रिक्त सदस्यहरूलाई तत्काल कायम नरहेको भनी विपरीत अर्थ गर्न नमिल्ने देखिन्छ । त्यसो हुँदा जिल्ला शिक्षा समितिमा मनोनित सदस्यहरू मध्ये उपरोक्त विविध कारण (जस्तैः पदावधि सकिएको, राजिनामा दिएको वा मृत्यु भएको) बाट कुनै सदस्य रिक्त भएको स्थितिमा मात्र नियम अनुसार तत्काल कायम रहेका सदस्य संख्याको गणना हुन सक्ने हुँदा निवेदक रामेश्वप्रसाद यादवले खडा गरेको शिक्षक राहत कोटा वितरण गर्ने अधिकारको सम्बन्धमा विपक्षी पदेन सदस्यहरूलाई मात्र समिति बैठकको गणपूरक संख्या मानी सो विषयमा निर्णय गर्ने काम, कर्तव्य र अधिकार रहे भएको देखिन आएन ।<br>अतः प्रस्तुत निवेदन माग दावीका सम्बन्धमा विपक्षीहरूको लिखित जवाफ कानून संगत नदेखिएकाले उपरोक्त प्रकरणमा उल्लेखित आधार, कारणहरूबाट शिक्षा ऐन, २०२८ को दफा ११(२) अनुसार मनोनित सदस्यहरू मनोनयन गरेपछि मात्र शिक्षक राहत कोटा वितरण गर्नु भनी निवेदन माग बमोजिम जिल्ला शिक्षा समिति, रौतहट लगायतका विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ठहर्छ । | |
| २६. | सम्बत् २०५९ सालको रिट नं. २७५५<br>निवेदक युगेश्वर शाह वि. जिल्ला शिक्षा कार्यालय, कालिकोटसमेत । | २०६२।११।९<br>शिक्षा मन्त्रालय<br>जि.शि.का.कालिकोट | निवेदकलाई प्राकृतिक न्यायको सिद्धान्तको विपरित सफाई पेश गर्ने मौका समेत प्रदान नगरी कानूनमा विभागीय कारवाही गर्न तोकिएको अधिकारीले कारवाही नगरी कानूनमा नतोकिएको अनधिकृत समितिबाट भएको विभागीय कारवाही गरी नोकरीबाट अवकाश दिएको देखिन्छ । त्यस्तो अख्तियारनै नभएको समितिले प्राकृतिक न्यायको मान्य सिद्धान्त समेतको उल्लंघन गरी गरेको कारवाही विरुद्ध ऐनको दफा १८(२) बमोजिम पुनरावेदन गर्नु पर्दछ भन्ने जिकिरसँग सहमत हुन सकिएन । क्षेत्राधिकारविहीन समितिले गरेको कारवाहीका विरुद्धमा निवेदक रिट | फैसला कार्यान्वयनका लागि जिल्ला शिक्षा कार्यालय, कालिकोटलाई लेखी पठाईएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | क्षेत्रमा प्रवेश गर्न पाउने नै देखियो । तसर्थ निवेदकलाई शैक्षिक प्रमाणपत्र छानविन समितिले प्राकृतिक न्यायको सिद्धान्तको विपरित तथा अधिकार नै नभएको समितिले कारवाही गरी नोकरीबाट हटाएको हुनाले अख्तियारविहीन समितिले गरेको निर्णय मान्य नहुने हुँदा शैक्षिक प्रमाणपत्र छानविन समिति, कालिकोटको मिति २०५९।५।२२ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । मिति २०५९।५।२२ को निर्णय बदर हुने ठहरेकोले सो निर्णय बमोजिम यी निवेदकलाई जिल्ला शिक्षा कार्यालय, कालिकोटबाट दिइएको मिति २०५९।५।२३ को अवकाशपत्र समेत बदर गरी दिएको छ । निवेदकको निवेदन व्यहोरा, नियुक्तिपत्रको प्रतिलिपी तथा अवकाशपत्रबाट समेत यी निवेदक स्थायी शिक्षक भएको देखिंदा अवकाश दिइएको पदमा नै पुनरवहाली हुने ठहर्छ । सो ठहर्नाले यी निवेदकलाई अवकाश दिएको मितिदेखि पुनरवहाली भएको मितिसम्मको सेवा शर्त सम्बन्धी कानून बमोजिम पाउने तलब सुविधा समेत दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरी दिएको छ । | |
| २७. | ०१८८(०६८)<br>निवेदक अधिवक्ता सुदर्शन सुवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०६९।४।३०<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र शिक्षा मंत्रालय | **निर्देशनात्मक आदेश जारी गरिएका विषयहरु :**<br>(१) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०५९ को दफा ३ को प्रयोजनका लागि चिकित्साशास्त्रका सर्वमान्य सिद्धान्त र अन्तर्राष्ट्रिय मापदण्ड समेतको आधारमा शारीरिक, मानसिक र बौद्धिक अपाङ्गहरुका गणना गरी तिनीहरुको स्तर निर्धारण एवं वर्गीकरण यथाशिघ्र गर्ने, गराउने,<br>(२) अपाङ्ग घरको निर्माण एवं सञ्चालन गर्ने । यसको लागि आगाामी आर्थिक वर्ष देखिने अपाङ्गको संख्याको आधारमा बढी अपाङ्ग भएको जिल्ला वा क्षेत्रमा योजनावद्ध ढंगले प्रत्येक वर्ष कम्तीमा एक अपाङ्ग घरको निर्माण र सञ्चालन गर्दै जानु पर्ने,<br>(३) ऐन र नियमले अपाङ्गहरुको आवास, | अपाङ्गहरुको शिक्षालाई अझ प्रभावकारी बनाउनका लागि शिक्षा विभागमा फैसला कार्यान्वयनका लागि पत्राचार गरीएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | शिक्षा, स्वास्थ्य, तालिम, रोजगारी र अन्य सुविधाको सम्बन्धमा गरेको व्यवस्थालाई प्रभावकारी ढंगले लागू गर्दै जाने,<br>(४) अपाङ्ग कल्याण र सुरक्षँ सम्बन्धी सरकारी र गैरसरकारी स्तरबाट गरिने कृयाकलाप र गतिविधिको प्रभावकारी अनुगमन गर्ने गराउने उद्देश्यले मत्रिपरिषद् सचिवालयमा र महिला बाल बालिका तथा समाज कल्याण मन्त्रालयमा अधिकृत स्तरको एक-एक अनुगमन अधिकारी नियुक्त गर्ने र तिनीहरुको काम, कर्तव्य र अधिकार पनि परिमार्जित अपाङ्ग, संरक्षण तथा कल्याण ऐनमा निर्धारण गर्ने,<br>(५) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(३) को प्रतिबन्धत्मक खण्ड र संविधानको भाग ४ मा राज्यको दायित्व र राज्यका नीति उल्लेख गरिए अनुसार अपाङ्गहरुका लागि विशेष व्यवस्था र कार्यक्रमको तर्जुमा गरी लागू गर्दै जानु पर्ने,<br>(६) अपाङ्गता अधिकार र अपाङ्ग कल्याणको क्षेत्रमा कार्यरत सरकारी र गैर सरकारी निकायहरुको काम कारवाहीमा आवश्यकतानुसार समन्वय र सहयोगको व्यवस्था मिलाउने,<br>(७) नेपालले आपाङ्गता सम्बन्धी महासन्धि, २००६ अनुमोदन गरी सकेको अवस्था समेतलाई विचार गरी यस क्षेत्रका विशेषज्ञ र सरोकारवालाहरु समेतसँग आवश्यक परामर्श एवम सुझाव लिई अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली, २०५१ मा समयानुकूल संशोधन र परिमार्जन गर्ने वा नयाँ एकीकृत ऐन र सोही अनुरुपको एकीकृत नियमावली निर्माण गर्नु पर्ने । | |
| २८ | २०६७-WO-११८० निवेदक पुण्यप्रसाद खरेल वि. विद्यालय शिक्षक | २०६९।१।१२ शिक्षा मंत्रालय, विद्यालय शिक्षक किताबखाना | यी रिट निवेदक आफू कार्यरत विद्यालयमा २०६७।१०।९ सम्म हाजिर रही अध्यापन गरेको र विद्यालयले पनि अध्यापन गराएको तथ्यमा विवाद देखिएन । यी निवेदक आफू कार्यरत विद्यालयमा हाजिर | आदेश कार्यान्वयनका लागि विद्यालय शिक्षक किताबखानामा लेखि पठाएको । |

| | | | | |
|---|---|---|---|---|
| | किताबखाना समेत | | रही सेवा गर्दै रहेको अवस्थामा निवेदकलाई जिल्ला शिक्षा कार्यालय, झापाको मिति २०६७।११।१५ को निर्णयले २०६७।१०।९ गते देखि लागू हुने गरी माध्यमिक तहको प्रथम श्रेणीको शिक्षक पदबाट अनिवार्य अवकाश सम्बन्धी पत्र बुझाएको देखिन्छ । निवेदकले सेवा प्रवेश गर्दा पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा उल्लेखित जन्म मिति अनुसार निजको अवकाश मिति २०६६।१२।२३ भए पनि निवेदक मिति २०६७।१०।९ सम्म अविछिन्न रुपमा आफू कार्यरत विद्यालयमा रुजु हाजिर भै अध्यापन गरी आएकोले निजले सो अबधिको नियमानुसार पाउने तलब, भत्ता लगायतको अन्य सुबिधा समेत पाउने नै हुन्छ । यसरी विद्यालयमा कार्यरत शिक्षकले काम गरेको अवधिको खाई पाई सकेको तलब, भत्ता एवं संचयकोष कट्टी रकम निवेदकलाई प्राप्त हुने औषधि उपचारको रकमबाट कट्टा गरी असूल गर्ने कार्य कानून सम्मत र न्यायपूर्ण देखिन आएन ।<br>तसर्थ, यी रिट निवेदकले मिति २०६६।१२।२३ देखि २०६७।१०।९ सम्म काम गरेको अबधिको खाई पाई सकेको तलब, भत्ता र अन्य सुविधा निवेदकले नियमानुसार पाउने औषधोपचार रकमबाट कट्टा गर्ने गरी विद्यालय शिक्षक किताबखानाको मिति २०६७।१२।२१ को पत्र एवं सो सम्बन्धी अन्य काम कारवाही समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदकले काँकरभिट्टा उच्च माध्यमिक विद्यालयमा २०६७।१०।९ सम्म रुजु हाजिर भै काम गरेको अबधिको निजले खाईए पाई आएको तलब भत्ता एवं अन्य कुनै पनि सुविधाको रकम कट्टा नगरी निवेदकले पाउने औषधोपचारको सम्पूर्ण रकम भुक्तानी दिनु भनी विपक्षी विद्यालय शिक्षक किताबखाना समेतको नाउँमा परमादेशको आदेश समेत जारी हुने ठहर्छ । | |
| २९. | ०६७–WF-००२० निवेदक रामप्रसाद घिमिरे समेत वि. शिक्षा | २०६८।१२।२<br>शिक्षा मंत्रालय, अर्थ मंत्रालय | अब निवेदकहरुको माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने प्रश्नको सम्बन्धमा विचार गर्दा निवेदकहरुको तलबमान सम्बन्धमा निर्णय | आदेश कार्यान्वयनका लागि जिल्ला शिक्षा कार्यालयमा लेखि पठाएको । |

| | | | | |
|---|---|---|---|---|
| | मंत्रालय समेत | | गर्ने आधिकारिक निकाय नेपाल सरकार मन्त्रिपरिषद् नै भएकोमा विवाद हुन सक्तैन । विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६।४।४ को निर्णयबाट नै निवेदकहरुले प्रा.वि. द्वितीय श्रेणीमा बढुवा पाएपछि पनि निजहरु साविक तुतीय श्रेणीमा कार्यरत हुँदा खाईपाई आएको तलबमान भन्दा कम हुने गरी तलब निर्धारण भएको कारणबाट निजहरुले कम तलब पाइरहेको भन्ने देखिन्छ । यथार्थमा राष्ट्र सेवक कर्मचारी लगायत निवेदक जस्ता शिक्षकहरुको तलबमान निर्धारण गर्ने अन्तिम जिम्मेवारी मन्त्रिपरिषद्कै हुनेमा कुनै द्विविधा हुन सक्तैन । सो अनुरुप तलवमान निर्धारण गर्दा निवेदक शिक्षकहरुको हकमा पनि शिक्षा नियमावली, २०५९ को नियम १०२ ले गरेको व्यवस्थासँग प्रतिकूल हुने खालको तलबमान निर्धारण गर्न सकिने हुँदैन ।<br>निवेदकहरुले तलबमान मिलान गर्नु भनी परमादेश जारी गरिपाऊँ भन्नेसम्म माग राखी रिट निवेदन दिएको अवस्था देखिन्छ । यस्तो अवस्थामा निवेदकहरु बढुवा भएको उक्त प्रा.वि. द्वितीय श्रेणीको तलबमान निजहरुको हकमा साविक तृतीय श्रेणीमा रहँदा निजहरुले खाईपाई आएको तलबमान भन्दा कम रहिरहनु शिक्षा नियमावली, २०४९ को कानूनी व्यवस्था र न्यायको रोहबाट समेत उपयुक्त देखिदैन । तसर्थ नेपाल सरार मन्त्रिपरिषद्को मिति २०६६।४।४ को निर्णयबाट निर्धारित भएको निवेदकहरुको तलबमानमा शिक्षा नियमावली, २०४९ को नियम १०२ को व्यवस्थ अनुरुप मिलान गरी निवेदकहरुले बढुवा पाएको प्रा.वि. द्वितीय श्रेणीको पद अनुकूल बनाउन उपयुक्त र आवश्यक देखिएको छ ।<br>उपर्युक्त विवेचना गरिएका आधार र कारण समेतबाट निवेदकहरुको प्रा.वि. द्वितीय श्रेणीको तलबमान शिक्षा नियमावली, २०५९ को नियम १०२ अनुकूल हुन् गरी हालसम्म नमिलाएको भए मिलाउनु भनी विपक्षी निकायहरुको नाममा परमादेश जारी गर्ने गरी संयुक्त | |

| | | | | |
|---|---|---|---|---|
| | | | इजलासका माननीय न्यायाधीश श्री बलराम के.सी.ले व्यक्त गर्नु भएको राय मनासिब हुँदा सोही राय कायम हुन्छ | |
| ३०. | २०६८-WO-०३५० निवेदक सोभितलाल यादव वि.अ.दु.अ.आ., शिक्षा मंत्रालय समेत | २०६९।३।२६ शिक्षा मंत्रालय | अब निवेदकको सरुवा रद्द गर्ने अधिकार प्रत्यर्थी आयोगलाई रहे नरहेको समबन्धमा विचार गर्दा अख्तियार दुरुपयोग अनुसन्धन आयोग ऐन, २०४८ को दफा १२ख मा "सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम प चलित कानून बमोजिम सच्याउनका लागि आयोगले सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्नेछ" भन्ने उल्लेख छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उक्त कानूनी व्यवस्थको पालना भए नभए तर्फ विचार गर्दा मिसील संलग्न आयोगको मिति २०६८।३।६ को निर्णयको प्रतिलिपिबाट "निवेदक शोभितलाल यादवको सरुवा शिक्षा ऐन, २०२८ को दफा १६ज तथा शिक्षँ नियमावली, २०५९ को नियम ९९ समेतको विपरीत भई कानूनतः मिलेको नदेखिँदा उक्त सरुवा रद्द गर्न लेखी पठाउने"भनी भउका निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धन आयोगले शिक्षा मन्त्रालय र शिक्षा मन्त्रालयले जिल्ला शिक्षँ कार्यालय कालीकोटालाई लेखी पठाएको पत्रअनुसार निवेदको सरुवा बदर भएको देखिन्छ ।<br>शिक्षँ ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ ले शिक्षँ मन्त्रालय, शिक्षँ विभाग एवं सो अन्तर्गतका क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षँ कार्यालय समेतलार्य शिक्षँक शिक्षिँकाको सरुवा गर्ने अधिकार प्रदान ग री तत्सम्बन्धी प्रकृयाका बारेमा उल्लेख गरेको देखिन्छ । निवेदकको सरुवा कानून विपरीत भएको देखिएको अवस्थामा पनि शिक्षा मन्त्रालय शिक्षा विभाग वा सो अन्तर्गत अख्तियारप्राप्त अधिकारीबाट प्रचलित कानून बमोजिम त्स्तो सरुवा बदर गर्नृ सक्ने नै हुन्छ । तर शिक्षँ मन्त्रालय वा शिक्षँ विभागबाट सो बदर भएको नभई अख्तियार दुरुपयोग अनुसन्धन आयोगको पत्रानुसार निवदकको | आदेश कार्यान्वयनका लागि लेखि पठाएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | सरुवा बदर भएको देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा १२ख मा "सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यको दुष्परिणाम प्रचलित कानून बमोजिम सचउनका लागि आयोगले सम्बन्धित अधिकारी व ा निकायलाई लेखी पठाउन सक्न छ" भन्ने व्यवस्थ उल्लेख छ । सो बमोजिम सर्वप्रथम दफा १२क बमोजिम निजको जिल्लान्तर सरुवा गर्ने जिल्ला ि शषँ अधिकारीको निर्णयलाई "अनुचित कार्य" ठहर गर्नुपर्ने हुन्छ । साथै अनुचित कार्य गर्ने पदाधिकारीलायै विधिसम्मत तरीकाबाट स्पष्टीकरण माग्ने र सो स्पष्टीकरणबाट सन्तुष्ट हुने आधार नभए सो कार्यलार्य अनुचित कार्य भनी ठहर गर्नुपर्ने हुन्छ । अनुचित कार्य भए गरेको ठहरेको अवस्थामा मात्र दफा १२ख बमोजिम सोको दुष्परिणाम सच्याउन सम्बन्धित निकायलार्य लेखी पठाउने अवस्थ हुन्छ तर आयोगको निर्णयबाट जिल्लान्तर सरुवा गरेको कार्यलार्य अनुचित कार्य ठहर नै नगरी आफैले सरुवा बदर गर्ने निर्णय गर्ने अधिकार प्रत्यर्थी आयोगलाई उक्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा १२क वा १२ख ले दिदैन । सोको अलावा अ्घितयार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम आयोग कुनै पनि सरकारी निकायको नियमन र नियन्त्रण गर्ने संस्था नभई सो सरकारी निकायबाट भएको "अनुचित कार्य" वा "भ्रष्टाचारजन्य कार्य" भए गरेको देखिएमा अुनसन्धान कारबाही गर्ने निकाय सम्म भएको र स्वयंले कुनै निर्णय गर्न र सजाय गर्ने निकायको रुपमा रहेको देखिदैन । आफ्नो अधिकार वा कार्यक्षेत्र नाघी गरेको कार्यलार्य शक्तिको अधिक प्रयोग गरेको मान्नु पर्ने हुन्छ । प्रतयर्थी आयोगले सरकारी पदाधिकारी जिल्ला शिक्षा अधिकारीले अनुचित कार्य गरेको ठहर नै नगरी अनुचित कार्यको दुष्परिणाम सचयाउन आफैले सरुवा रद्द गर्ने निणृय गरेको र सोको कार्यान्वयन गनै शिक्षँ मन्त्रालयलई लेखी पठाएको भन्ने उक्त मिति २०६८।३।६ को आयोगको निर्णय र | |

| | | | | |
|---|---|---|---|---|
| | | | तत् सम्बन्धी पत्रबाट देखिन्छ । त्यसैले विपक्षी आयोगको उक्त निर्णय र काम कारवाही ऐनको दफा १२ख को कार्यक्षेत्र भन्दा बाहिर गै शक्तिको अधिक प्रयोग (Use of Excessive Power) भएको देखिन गएकोले सो कार्यलाई कानून अनुरुपको कार्य मान्न मिलेन । आफुमा रहेको अधिकार भन्दा बढी अधिकार प्रयोग (Use of Excessive Power) गरेको देखिएमा वा अधिकारको अतिक्रमण गरेको भएमा वा नभएको अधिकार प्रयोग गरेको अवस्थमा सो कार्यबाट कसैको संविधान एवं कानून प्रदत्त हक अधिकारमा आघात परेको देखिन आए त्यस्तो निर्णय वा काम कारवाही बदरयोग्य हुन्छ ।<br>तसर्थ माथि उल्लेखित आधार बुँदाबाट निवेदकको सरुवा रद्द गर्ने गरी भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६८।३।६ को निर्णय एवं सो आधारमा जिल्ला शिक्षा कार्यालय कालीकोटको मिति २०६८।४।३१ को पत्र समेत कानून विपरीतको देखिई सो काम कारवाहीबाट निवेदकको संवैधानिक हकाधिकारमा आघात पुग्न गएको देखिएकोले उक्त निर्णय र पत्रहरु उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ ले तोकेको विधि र प्रकृया अपनाई शिक्षक शिक्षिकाको सरुवा हुनुपर्नेमा कसैको दुइमत हुन सक्दैन । निवेदकको सरुवाको सम्बन्धमा पनि कानूनी प्रकृया नपुगेको भए सो प्रकृया पूरा गरी आधिकारिक निकायबाट सरुवा सम्बन्धी निर्णय र कारवाही हुने नै हुँदा सो नभएसम्म निवेदकलाई हाल कार्यरत रहेकै सिरहा जिल्ला अन्तर्गतको कार्यालयमा यथावत कामकाज गर्न दिनु भनी विपक्षीहरुको नाउँमा परमादेश समेत जारी हुने ठहर्छ । | |
| ३१. | २०६७-WS-००२८ निवेदक ध्रुवप्रसाद चौलागाई वि. शिक्षा मंत्रालय | २०६८।४।२६ शिक्षा मंत्रालय | शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ का उपरोक्त व्यवस्थहरु अध्ययन गरी हेर्दा सामुदायिक विद्यालय, संस्थागत विद्यालय र शैक्षिक गुठी (सार्वजनिक वा निजी) अन्तर्गत सञ्चालित विद्यालय गरी | माध्यमिक विद्यालय तहसम्मको शिक्षा निःशुल्क रुपमा पाउने संविधान प्रदत्त मौलिक हकलाई कार्यान्वयन गर्न प्रत्येक बालबालिकालाई |

| | | | | |
|---|---|---|---|---|
| | समेत | | तीनै प्रकारका विद्यालयहरुले विद्यार्थीसँग लिने विभिन्न किसिमका शुल्कसम्बन्धी प्रावधानहरु समावेश भएको देखिन्छ । शिक्षा ऐन र नियमावलीले व्यवस्थ गरेको तीन प्रकारका विद्यालयहरुमध्ये राज्यद्वारा सञ्चालित सामुदायिक विद्यालयले प्रदान गर्ने माध्यमिक तहसम्मको शिक्षा अन्तरिम संविधान, २०६३ को धारा १७(२) बमोजिम निःशुल्क हुनुपर्नेमा शिक्षा ऐन र नियमावलीका उपरोक्त व्यवस्थाहरुले प्राथमिक तहसम्मको शिक्षालाई मात्र निःशुल्क गरी निम्न माध्यमिक र माध्यमिक तहका लागि शुल्क लिने व्यवस्था गरेकाले शिक्षा ऐन २०२८ र शिक्षा नियमावली, २०५९ का उपरोक्त प्रावधानहरु संविधानसँग बाझिएका छन् भन्ने निवेदकको कथन रहेको छ ।<br>शिक्षा ऐन, २०२८ को दफा १६घ तथा शिक्षा नियमावली, २०५९ को नियम १४७ र १४६ का उपरोक्त प्रावधानहरुले राज्यद्वारा सञ्चालित सामुदायिक विद्यालयद्वारा प्रदान गरिने प्राथमिक तहसम्मको शिक्षालाई निःशुल्क घोषणा गरेको र निम्न माध्यमिक र माध्यमिक तहको शिक्षालाई निःशुल्क नगरी उक्त तहहरुमा सामुदायिक विद्यालयले पनि शुल्क लिन पाउने व्यवस्था गरेको देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७(२) ले माध्यमिक तहसम्मको शिक्षालार्य निःशुल्क घोषणा गरेको सन्दर्भमा सामुदायिक विद्यालयमा प्राथमिक तहसम्मको शिक्षालाई मात्र निःशुल्क गरी निम्न माध्यमिक र माधयमिक तहका लागि शुल्क लिने गरेको शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ का उपरोक्त व्यवस्थहरु संविधानको धारा१७(२) सँगबाँझिएका छन् भन्ने निवेदकको जिकीरका सम्बन्धमा विचार गर्दा, नेपालको अन्तरिम संविधान २०६३ को धारा १७(२) ले प्रदान गरेको निःशुल्क शिक्षाको हक निरपेक्ष रहेको देखिदैन । "कानूनमा व्यवस्थ भएबमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ" भन्ने शब्दावली प्रयोग भएको देखिँदा निःशुल्क शिक्षाको हक राजनैतिक तथा | निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको अधिकार हुनेछ र नेपाल सरकारले सामुदायिक माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई चरणबद्ध रुपमा निःशुल्क शिक्षा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ । तर अपाङ्गता भएका व्यक्तिलाई माध्यमिक शिक्षा समेत निःशुल्क हुनेछ भन्ने सारवान व्यवस्थाहरु प्रस्ताव गरी शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न शिक्षा (आठौ संशोधन)विधेयक, २०६९,व्यवस्थापिका-संसद समक्ष प्रस्तुत भै संविधानसभाको विघटन पस्चात् शिक्षा (आठौ संशोधन) अध्यादेश जारि हुनका लागि नेपाल सरकार मन्त्रिपरिषदबाट सम्मानानिय राष्ट्रपती ज्यू समक्ष प्रस्तुत् भएको र कक्षा १० सम्मको पाठ्यपुस्तक निःशुल्क वितरण गर्ने गरिएको ।<br>उल्लिखित व्यवस्थाबारे विधेयकको प्रति सहित राखी लगतकट्टाका लागि श्री सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयलाई अनुरोध गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | नागरिक हक जस्तो नकारात्मक हक ( negative right) नभई सकारात्मक हक (positive right) को रुपमा संविधानमा प्रत्याभूत भएको देखिन्छ । अर्थात् नागरिकहरुको निःशुल्क शिक्षा पाउने हकले राज्य उपर कुनै नकाात्मक दायित्व (negative restraint) को सिर्जना गर्ने नभई सकारात्मक दायित्व ( positive obligation) को सिर्जना गर्ने भएको हुँदा नागरिकहरुलाई उक्त हकको उपभोग गराउनका लागि राजयका तर्फबाट कुनै सकारात्मक काम र आर्थिक लगानी गर्नुपर्ने कुरामा दुईमत हुन सक्तैन । यसरी उक्त हकको प्रचलन गराउनका लागि राज्यले आर्थिक लगानी गर्नु अत्यावश्यक हुने र देशको आर्थिक स्रोत साधनको परिचालन तथा विनियोजनको प्रश्न समावेश हुने यस्तो राष्ट्रिय महत्वको विषयकमा राष्ट्रिय विधायिकाको स्वीकृति र समर्थन आवश्यक पर्ने हुँदा निःशुल्क शिक्षाप्राप्त गर्ने नागरिकको हकलाई "कानून बमोजिम" भन्ने शब्दावली प्रयोग गरी संविधानले नै शर्तात्मक बनाएको देखिन्छ ।<br>यसरी रायका तर्फबाट सञ्चालित सामुदायिक विद्यालयहरुमा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने नागरिकहरुको हक निरपेक्ष हक नभई सापेक्षिक हक भएको र उक्त हक विधायिकाद्वारा निर्मित कानूनद्वारा सुनिश्चित हुने संवैधानिक प्रावधान रहेको हुँदा विधायिकाबाट सो सम्बनधी कानून बन्नु उक्त हकको उपभोगका लागि पूर्वशर्तको रुपमा सुन्निहित रहेको देखिन आउँछ ।<br>मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २६(१) मा Everyone has the right education education shall be free at least in the elementary and fundamental stages भनी शिक्षालाई निःशुल्क बनाउनु पर्ने कुरामा जोड दिएको पाइन्छ ।<br>त्यस्तै आर्थिक सामाजिक तथा साँस्कृतिक | |

| | | | | |
|---|---|---|---|---|
| | | | अधिकारसम्बन्धि अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा १३(२)(ख) मा Secondary education in its different forms, including technical and vocational secondary education, shall be made generally available and accessible to all by every appropriate means, and in particular by the progressive introduction of free education भनी माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क तुल्याई शिक्षालाई सबैका लागि प्राप्य र पहुँचयोग्य तुल्याउनु पर्ने दायित्व राज्यउपर निर्धारण गरिएको पाइन्छ ।<br>सामुदायिक विद्यालयहरुमा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गनुपर्नेमा शुल्क लिने व्यवस्थ गरेको शिक्षा ऐन, २०२८ को दफा १६(घ) तथा शिक्षा नियमावली २०५९ को नियम १४६ र १४७ का प्रावधानहरु नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७(२) सँग बाझिएको भन्ने निवदेकको दावीरहेको छ । निवेदकले चुनौती दिएका शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली २०५९ का उल्लेखित प्रावधानहरु नेपालको अन्तरिम संविधान २०६३ जारी हुनु पूर्व देखि नै अस्तित्वमा रहेका (pre constitutional laws) देखिन्छन् भने संविधानको धारा १७(२) को प्रावधानबमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षाको हकलाई साकार तुल्याउने कानून विधायिकाबाट बनेकै देखिँदैन । यसरी निवेदकले चुनौती दिएका कानूनी प्रावधानहरु संविधानपूर्व नै जारी भएका र संविधानको धारा १७(२) सँग बाझिएको भन्न मिल्ने अवस्था रहँदैन । तथापि संविधानको धारा १७(२) अनुसार सामुदायिक विद्यालयमा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने नागरिकहरुको मौलिक हकलाई साकार तुल्याउन सो सम्बन्धी कानून बनाउनु पर्ने अपरिहार्यतालाई भने राज्यले नजरअन्दाज | |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्न सक्ने देखिँदैन । <br>उपरोक्त बमोजिम विधायिकाद्वारा कानून निर्माण गर्दा पनि सर्वप्रथम "निःशुल्क शिक्षा" शव्दावलीकै स्पष्ट परिभाषा गर्नु जरुरी हुने देखिन्छ । विद्यालयहरुद्वारा विद्यार्थीहरुका लागि सञ्चालन हुने के कस्ता क्रियाकलापहरु "शिक्षा"अन्तर्गत पर्दछन् र ती मध्ये सबै वा के कस्ता कुराहरु "निःशुल्क" हुने हुन् भन्ने कुराको स्पष्ट उल्लेखन त्यस्तो कानूनमा हुनु वाञ्छनीय देखिन्छ । निःशुल्क शिक्षा अन्तर्गत पढाइ शुल्क (tuition fee) मात्र पर्दछ वा पाठ्यपुस्तक, प्रयोगशाला, पुस्तकालय, मसलन्द, विद्यालय भवन, फर्निचर, मर्मत सम्भार लगायतका भौतिक पूर्वाधारसम्बन्धी शुल्क तथा स्वास्थ्य र खेलकूदजस्ता अतिरिक्त क्रियाकलापसम्बन्धी विषयहरु समेत पर्दछन् भन्ने सम्बन्धमा त्यस्तो कानूनमा स्पष्ट उल्लेख हुनु वाञ्छनीय हुन्छ । <br>अतः माथि विवेचना गरिएअनुसार निवेदकले चुनौति दिएका शिक्षा ऐन, २०२८ को दफा १६घ तथा शिक्षा नियमावली २०५९ को नियम १४७ र १४६ का कानूनी व्यवस्थाहरु नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७(२) सँग बाझिएको भन्ने देखिन नआएकोले अमान्य र बदर घोषित गरिरहन परेन । राज्यले नागरिकहरुलाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क उपलब्ध गराउने संविधानको धारा १७(२) को संवैधानिक प्रतिबद्धता विधायिकाद्वारा सो सम्बन्धी कानून नबनेसम्म साकार हुन नसक्ने देखिएको र सो सम्बन्धी कानून हालसम्म बनेको नदेखिएको हुँदा निःशुल्क शिक्षाको स्पष्ट परिभाषा गरी संविधानको मर्म र भावनाअनुकूल माध्यमिक तहसम्मको शिक्षालाई गुणस्तरीय, सर्वसुलभ, पहुँचयोग्य र निःशुल्क तुल्याउन उपयुक्त कानून निर्माण गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा परमादेश जारी गरिएको छ । | |
| ३२. | ०६७-WO- | २०६९।५।२४ | निर्णयतर्फ विचार गर्दा, विपक्षीहरुबाट | फैसला कार्यान्वयनका लागि |

| | | | | |
|---|---|---|---|---|
| | ०९०२ निवेदक तारानाथ मिश्र वि. शिक्षा मंत्रालय समेत | शिक्षा मंत्रालय | हामी निवेदकको बढुवा नियुक्ति बदर गर्दा सम्वत् २०६२ सालको रिट नं.२४७१ र ३७३३ मा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६३।४।३० मा भएको आदेश तथा शिक्षक सेवा आयोगका तर्फबाट सम्मानित सर्वोच्च अदालतमा गरेको सम्वत् २०६४ सालको पुनरावलोकन निवेदन नं. ०६४-RV-०००२ र ०००३ मा भएको आदेशलाई आधार लिएको पाईयो । तर उपरोक्त यस अदालतको आदेश हेर्दा म्यादभित्र कार्यसम्पादन मूल्याङ्कन फारम नभर्ने शिक्षकहरुलाई पुनः कार्यसम्पादन मूल्याङ्कन फारम भर्न दिने गरी शिक्षक सेवा आयोगबाट मिति २०६१।१।१४ मा भएको निर्णय, तत्सम्वन्धी पत्राचार लगायतका काम कारवाही, पुनः भरिएका कार्यसम्पादन मूल्याङ्कन फारमको आधारमा भएको बढुवा सिफारिसको निर्णय, मिति २०६२।१।२३ को गोरखापत्रमा प्रकाशित उक्त निर्णय सम्वन्धी सूचना, निवेदकहरुको नाम बढुवा सूचीबाट हटाउने गरी शिक्षक सेवा आयोगबाट भएको निर्णय र सो सम्वन्धी गोरखापत्रमा २०६३।२।३१ मा प्रकाशित सूचना समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहराउनुको साथै म्यादभित्र कायसम्पादन मूल्यांकन भर्ने शिक्षकहरुको मात्र बढुवा सम्बन्धी कारवाही गर्नु भनी परमादेश गरी भएको देखिन्छ । अर्थात यस अदालतको फैसलाले नियमित रुपमा कार्यासम्पादन मूल्याङ्कन भर्ने निवदकहरु जस्ता शिक्षकहरुको हकमा गरेको बढुवालाई प्रतिकूल असर पर्ने गरी व्याख्या वा आदेश गरेको नदेखिदा विपक्षीहरुबाट सो फैसलाको अन्यथा अर्थ लागइएको देखिन आयो ।<br>शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २७ मा सम्वन्धित श्रेणीको तहमा पाँच शैक्षिक सत्रको नोकरी अवधि पूरा गरेको स्थायी शिक्षक बढुवाको लागि उम्मेदवार बन्न पाउने प्रावधान रहेको पाइन्छ । उक्त प्रावधान अनुसार मिति २०६२।३।३१ देखि जेष्ठता लागु हुने गरी मिति २०६२।७।१३ मा बढुवा नियुक्ति पाएका निवेदकहरुले सो मिति २०६२।७।१३ पछि हुने पाँचवर्षे बढुवामा उम्मेदवार हुन | शिक्षक सेवा आयोगमा लेखि पठाएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | नपाउने भन्न मिल्ने देखिन आएन । निवेदकहरुले कानूनले प्रदान गरेको बढुवा हुन पाउने अवसर गुमाउनु पर्ने वाध्यताको सृजना हुन जाने देखिन्छ । साथै एक पटक कानून बमोजिम बढुवा पाई अर्को बढुवामा उम्मेदवार हुने समयमा पहिलेको बढुवा बदर गर्नु पर्नाको कारण विपक्षीहरुले खुलाउन सकेको नदेखिदा र त्यस्तो गर्नु न्यायोचित समेत नहुने हुँदा निवेदकहरुले पाएको २०६२ सालको बढुवा कानून सम्मत् तै मान्नु पर्ने देखिन आयो ।<br>कुनै पनि राष्ट्रसेवक कर्मचारी वा शिक्षकको लागि बढुवाको अवसर आफैमा महत्वपूर्ण मानिन्छ । बढुवाको कर्मचारी वा शिक्षकको लागि बढुवाको अवसर आफैमा महत्वपूर्ण मानिन्छ । बढुवाको निश्चित शर्त र प्रक्रिया कानूनले निर्धारण गरेको हुन्छ । सोही कानूनी परिधी र सीमाअनुरुप बढुवा हुन पाउनु निवेदकहरुको अधिकार हो । निवेदकहरुको लागि बढुवा हुनको लागि आवश्यक पर्ने मूल्याङ्कनको नम्बरमा जेष्ठतालाई सबैभन्दा बढी नम्वर दिईने व्यवस्थ शिक्षक सेवा नियमावली, २०५७ को नियम २८ तथा २९ ले गरेको देखिन्छ । निवेदकहरुले मिति २०६।३।३१ देखि जेष्ठता कायम हुने गरी मिति २०६२।७।१३ र २०६२।८।२७ मा पाएको बढुवा नियुक्तिलाई रद्ध गरी मिति २०६७।७।१९ देखि मात्र बढुवा हुने गरी दिएको मिति २०६७।१०।१९ को पत्र तथा तत्सम्बन्धी भएका काम कारवाहीलाई मान्यता दिने हो भने निवेदकहरु बढुवामा पाँच वर्ष पछाडी पर्ने र निजहरु भन्दा पछि नियुक्ति हुनेहरुले पहिले बढुवा पाउनुपर्ने अवस्थाको सुजना हुन आउँछ । जुन कुरालाई सुनियोजित मान्न नसकिने हुँदा निवेदकहरुका विरुद्धमा भएका विपक्षीहरुका सम्पूर्ण काम कारवाहीहर कानून सम्मत् मान्न मिल्ने देखिएन ।<br>तसर्थ माथि उल्लेखित आधार र कारणबाट निवेदकहरुले मिति २०६२।३।३१ देखि जेष्ठता कायम हुने गरी लखिमाया ब्लोन बाहेकको निवेदकहरुले पाएको मिति २०६२।७।१३ को बढुवा र निवेदक लखीमाया ब्लोनले पाएको मिति | |

| | | | | |
|---|---|---|---|---|
| | | | २०६२।८।२७ को बढुवा नियुक्ति पत्रलाई रद्ध गर्नेगरी विपक्षी शिक्षक सेवा आयोगबाट मिति २०६७।९।३० मा भएको सिफारिस पत्र, विपक्षी जिल्ला शिक्षा कार्यालय धनकुटाको मिति २०६७।१०।१२ को निर्णय र सोही कार्यालयको २०६७।१०।१९ को पत्र, विपक्षी शिक्षक सेवा आयोग सानोठिमी भक्तपुरको मिति २०६७।६।१५ मा प्रकाशित सूचना लगायत निवेदकहरुको हक हितमा प्रतिकूल असर पर्ने गरी विपक्षीहरुबाट यस सम्वन्धमा भए गरेका सम्पूर्ण निर्णय, सिफारिस तथा पत्राचारहरु उत्प्रषणको आदेशद्वारा बदर गरिदिएको छ ।<br>अव निवेदकहरुलाई २०६२।३।३१ को निर्णयअनुसार दिइएको मिति २०६२।७।१३ को बढुवा नियुक्ति र निवेदक मध्येकी लखीमाया ब्लोनलाई दिएको मिति २०६२।८।१७ को बढुवा नियुक्ति यथावत सदर कायम गरिदिनु र अब हुने नियमित बढुवा प्रकृयामा समेत सामेल गराइ दिनु भनी विपक्षीहरुको नाउँमा परमादेशको आदेश समेत जारी हुनेठहर्छ । | |
| ३३. | रिट नं. ०६६-WO-०५७६ निवेदक बोधराज घिमीरे वि. म. प. तथा मन्त्रिपरिषद समेत | २०६९।४।२३ अर्थ मंत्रालय, शिक्षा मंत्रालय | अब निवदेन माँग अनुसारको आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा विपक्षी नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०६६।४।४ को निर्णयबाट नै निवेदनहरुको प्रा.वि. तृतीय श्रेणीमा कार्यरत हुँदा खाइपाई आएको तलबमान भन्दा कम हुने गरी तलबमान निर्धारण भएको कारणबाट निवेदकहरुले शिक्षा नियमावली, २०५९ को नियम १०२ ले व्यवस्थ गरेको तलबमान कायम नगरेबाट सो अनुरुपको सुविधा प्राप्त गर्न बाट वञ्चित हुन पुगेको देखिन आयो । यस्तो अवस्थामा निवेदकहरु बढुवा भएको उक्त प्रा.वि. द्धितीय श्रेणीको तलबमान निजहरुको हकमा साबिक तृतीय श्रेणीमा कार्यरत हुँदा खाईपाई आएको तलबमान भन्दा कम रही रहनु शिक्षा नियमावली, २०५९ को कानूनी व्यवस्था र न्यायको रोहबाट समेत उपयुक्त देखिँदैन । तसर्थ नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६।४।४ को निर्णय बाट निर्धारण भएको निवेदकहरको तलबमानमा शिक्षा | आदेश कार्यान्वयनका लागि जिल्ला शिक्षा कार्यालयहरुमा पत्राचार गरीएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | नियमावली, २०५९ को नियम १०२ को व्यवस्था अनुरुप मिलान गरी निवेदकहरु बढुवा भएको प्रा.वि. द्वितीय श्रेणीको पद अनुकुल बनाउन उपयुक्त र आवश्यक देखिन आयो ।<br>अत :उपर्युक्त अनुसार विवेचना गरिएका आधार र कारणहरु तथा प्रतिपादित नजीर समेतका आधारमा निवेदकहरुको प्रा.वि द्वितीय श्रेणीमा तलबमान शिक्षा नियमावली, २०५९ को नियम १०२ को व्यवस्था अनुकुल हुनेगरी तलबमान हाल सम्म मिलान नभएको भए सो व्यवस्था अनुकुल हुने गरी मिलान गर्नु गराउनु भनी विपक्षीहरुका नाममा परमादेशको आदेश जारी गरिदिएको छ । | |
| ३४. | सम्वत २०६२ सालको रिट नं.२७६७ निवेदक शिव प्रसाद न्यौपाने वि. शिक्षक सेवा आयोग समेत | २०६६।२।१९ शिक्षक सेवा आयोग | निवेदकले माथि उल्लेखित बढुवाका आधारहरुमा छुट्याएको अंक भार बमोजिम कुन शिर्षक अन्तरगत के कति अंक प्राप्त गरेका छन् भन्ने सम्बन्धमा हेर्दा नोकरीको जेष्ठता वापत ३० अंक, शैक्षिक योग्यता वापत ८ अंक तालिम वापत १२ अंक गरी जम्मा ५० अंक प्राप्त गरेको भन्ने कुरा निवेदकको निवेदन भनाई रहनुका साथै मिसिल संलग्न रहेको बढुवाको सबै उम्मेदवारहरुले प्राप्त गरेको अंक जोड तालिकाबाट देखिन्छ । निवेदकको कार्यसम्पादन मूल्याङ्कन वापत प्राप्त गरेको अंक विपक्षी मध्येका पदम बहादुर बस्नेतको लिखित जवाफमा निवेदक शिव प्रसाद न्यौपानेले शैक्षिक सत्र २०५९ को कार्य सम्पादन मूल्याङ्कन नभरेको शैक्षिक सत्रको कार्य सम्पादन मूल्याङ्कन वापतमा अंक दिएकै आधारमा भूलले बढुवा भएको भनी परेको उजुरीको आधारमा निवेदकको नाम बढुवा नामावलीबाट हटाईएको भन्ने देखिएको अवस्थामा निवेदन शिव प्रसाद न्यौपानेले शैक्षिक सत्र, २०५९ मा कार्यसम्पादन मूल्याङ्कनफाराम भरेका छन् वा छैनन भन्ने सम्बन्धमा, शिक्षक सेवा आयोगले सिन्धुपाल्चोक जिल्लाको माध्यामिक शिक्षक द्वितीयश्रेणीको २ पदको लागि प्रकाशित वि.नं. ००५।०६४।६५ मा यी निवेदकलाई शैक्षिक वर्ष २०५९ सालमा कार्य सम्पादन मूल्याङ्कन वापत ४० अंक दिएको मिसिल संलग्न नम्बर | आदेश कार्यान्वयनका लागि शिक्षक सेवा आयोगमा पत्राचार गरीएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | टेवुलेशन फाराम र शिव प्रसाद न्यौपानेले भरेको शैक्षिक सत्र २०५९ को कार्यसम्पादन मूल्याङ्कन फारामबाट देखि रहेको अवस्थामा शिक्षक सेवा आयोगबाट निजलाई शैक्षिक वर्ष २०५९ सालको कार्य सम्पादन मूल्याङ्कन फाराम नभरेको भनी निजले कार्यसम्पादन मूल्याङ्कन वापत प्राप्त गरेको अंक घटाउन मिल्ने अवस्था देखिन आएन । शिक्षक सेवा आयोग, क्षेत्रीय समिति मध्यमाञ्चाल काठमाडौंको निर्णय मिति २०६१।११।१८ को निर्णय बमोजिम २०६१।११।२१ मा गोरखापत्रमा प्रकाशित बढुवाको सिफारिस सूचना बमोजिम १४ औं स्थानमा न्यूनतम अंक ७७.६९ प्राप्त गर्ने राधाकृष्ण श्रेष्ठको नाम शिक्षक सेवा आयोगको २०६२।५।१७ को संशोधित बढुवा सिफारिस सूचनामा समावेशै रहेको अवस्थामा यि निवेदकको वि.नं. २८६/०६० मिति २०६१।११।२१ मा प्रकाशित सूचनामा क्रमसंख्या ६ मा बढुवाको लागि नाम सिफारिस भएका यी निवेदकको शैक्षिक सत्र, २०५९ सालका कार्य सम्पादन मूल्याङ्कन फाराम भरी ४० अंक प्राप्त गरी सकेको भन्ने कुरा देखिन आएको अवस्थामा निजको शैक्षिक सत्र २०५९ सालको कार्यसम्पादन मूल्याङ्कन वापतको अंक समावेश गरी गणना गर्दा शिक्षक सेवा आयोगको मिति २०६२।५।१७ को संशोधित बढुवा सिफारिस नामावलीमा निजको नाम समावेश हुन सक्ने अवस्था देखिन आयो ।<br>निवेदक शिव प्रसाद न्यौपाने शिक्षक सेवा आयोगको वि. न. २८६/०६० माध्यामिक शिक्षक द्वितीयश्रेणीको पदमा वढुवा हुन सक्ने देखिएतापनि निज शिक्षक सेवा आयोग भक्तपुरबाट सिन्धुपाल्चोक जिल्लाको लागि माध्यामिक शिक्षक द्वितीयश्रेणीको २ पदको लागि प्रकाशित वि.नं. ००५।०६४।६५ मा उक्त आयोगबाट निज २०६५।६।२ को निर्णय बमोजिम माध्यामिक शिक्षक द्वितीयश्रेणीको शिक्षक पदको वढुवाको लागि सिफारिश भै २०६५।७।८ देखि जेष्ठता कायम हुने गरी वढुवा नियुक्त लिई सकेको अवस्थामा निवेदकलाई सोही पदमा वढुवा गरी रहन | |

| | | | | |
|---|---|---|---|---|
| | | | पर्ने अवस्था देखिन आएन । निवेदक शिव प्रसाद न्यौपानेले वि. न. २८६/०६० माध्यामिक शिक्षक द्वितीयश्रेणीको पदमा वढुवा हुन आवस्यक न्यूनतम अंक भन्दा बढी अंक प्राप्त गरी वढुवा हुन सक्ने नै अवस्था देखिएको हुँदा निजलाई वि. न. २८६/०६० का अन्य उम्मेदवारहरुको जेष्ठता कायम भएको मिति २०६२।५।१७ देखि जेष्ठता कायम गरी दिनु भनी विपक्षीहरुका नाममा परमादेशको आदेश जारी गरिदिएको छ । | |

## ५. श्री सर्वोच्च अदालतबाट भएको शिक्षा मन्त्रालयसंग सम्बन्धित फैसला तथा निर्देशनात्मक आदेश कार्यान्वयन भै सकेकाले लगत कट्टा हुनुपर्ने विवरण :

| क्र.सं | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र कार्यान्वयनका लागि जिम्मेवार निकायहरु | आदेशको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | ०२८३<br>(०६३)<br>प्रकाशमणि शर्मा समेत वि.<br>प्र.मं.तथा मं.प.कार्यालय समेत | २०६५।१।४ मा प्र.म.तथाम.प./ शिक्षा मंत्रालयका नाममा जारि । | अपाङ्गका शैक्षिक हकको व्यवस्थाको आवश्यकताको पृष्ठभूमिमा खास गरेर निवेदनमा उल्लेखित विषयमा माथि उल्लेख भए बमोजिम खास कार्ययोजना तर्जुमा गरी अविलम्ब लागु गर्नु पर्ने हुनाले सो व्यवस्थ ागर्न पर्ने कुरामा ध्यानाकर्षण गराउँदै निवेदकहरु मध्ये तत्कालै देखि विद्यालय वा महाविद्यालयमा शिक्षा प्राप्त गर्न चाहने वहिरोपनको असर परेको व्यक्तिहरुको आवश्यकतालाई सम्बोधन गर्न चालु शैक्षिक सत्र भित्र सांकेतिक भाषाको माध्यमद्वारा शिक्षामा अवसर पाउने विद्यालय वा महाविद्यालय किटान गरी उक्त भाषामा प्रशिक्षित दोभाषे वा शिक्षकहरुको व्यवस्था गर्नु, त्यहा प्रयोग हुने पाठ्यसामग्रीहरु सांकेतिक भाषामा अनुवाद गर्ने प्रकृया शुरु गरी त्यहाँका विद्यार्थीहरुलाई आवश्यक पाठ्य सामाग्री यथाशिघ्र उपलब्ध गराउनु, | उक्त फैसला कार्यान्वयन भै लगत कट्टाका लागि लेखि पठाईएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | सांकेतिक भाषामा शिक्षण गर्न सक्ने जनशक्तिको तालिमको व्यवस्थ अविलम्ब शुरु गर्नु भनी विपक्षीहरु प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र शिक्षा तथा खेलकूद मन्त्रालय समेतका नाउँमा परमादेशको आदेश जारी गरी दिएको छ । | |
| २. | ३५८६ (२०५७) सुदर्शन सुवेदी वि. मन्त्रिपरिषद् सचिवालय | २०६०।७।२८ मा प्र.म.तथाम.प./ शिक्षा मंत्रालयका नाममा जारि । | अन्धा, अपाङ्ग, बहिरा तथा सुस्त मनस्थिति भएका व्यक्तिहरुलाई नेपाल अधिराज्य भरीका सम्पूर्ण सार्वजनिक विद्यालय, विश्वविद्यालय तथा तालिम केन्द्रहरुमा नि:शुल्क भर्ना गरी गराई निजहरुबाट भर्ना भएपछि कुनै पनि किसिमको सेवा शुल्क नलिनु, लिन नलगाउनु भन्ने विपक्षिहरुका नाउँमा निर्देशात्मक आदेश जारी भएको । | सम्मानित अदालतको आदेश कार्यान्वयन भइसकेको हुँदा लगत कट्टा गर्नका लागि अनुरोध । |
| ३. | ५७ (२०६१) देवेन्द्र आले वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०६१।९।२२ महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र शिक्षा मन्त्रालय | बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ७ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेखित बाबु,आमा,परिवारका सदस्य,संरक्षक वा शिक्षकले बालकको हितको लागि हप्काएको वा सामान्य पिटाई गरेकोमा यस दफाको उल्लंघन गरेको मानिने छैन भनी उल्लेख गरेको प्रावधान मध्ये .......वा सामान्य पिटाई गरेको .....” अंश अनुचित एवं नेपाल अधिराज्यको संविधान,२०४७ को धारा १४(४) र २५(८) को भावना प्रतिकुल हुंदा सो अंश आजका मितिदेखि लागु हुने गरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम अमान्य र बदर घोषित गरिदिएको छ । बालबालिका माथि भइरहेका र हुनसक्ने शारीरिक सजांय एवं क्रुर,अमानवीय वा अपमानजनक व्यवहार वा सजांय वा दुर्व्यवहार रोक्न उपयुक्त र प्रभावकारी उपाय अवलम्बन गर्नु भनी | शिक्षा नियमावली, २०५९मा मिति २०६७।१०।९ मा भएको छैटौं संशोधनबाट सो नियमावली को नियम १३३को उपनियम (२) को खण्ड (ट) मा “विध्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने ” भन्ने व्यवस्था थप गरी फैसलाको लगत कट्टाका लागि लेखि पठाईएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी । | |
| ४. | ३२१५<br>(२०६१)<br>सोमप्रसाद पनेरु समेत<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६३।५।२५<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय<br>शिक्षा मन्त्रालय | कमलरी प्रथाले नेपालले हस्ताक्षर गरेको CRC को धारा ९, १४, १५, १६, १८, १९, २८, २९, ३१ र ३२ समेतका धाराहरुले प्रदान गरेको अधिकारहरुको समेत हनन् हुने हुंदा कमैया श्रम (निषेध गर्ने) सम्वन्धी ऐन, २०५८ को प्रभावकारी कार्यान्वयनको लागि विपक्षी नेपाल सरकारको नाममा परमादेशको आदेश जारी एवं नेपालले हस्ताक्षर गरी अनुमोदन गरेका मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु खासगरी CRC, ICCPR, र ICESCR जस्ता मानव जीवनका सवै अवस्थालाई समेटने अत्यावश्यकीय Convention हरु वालवालिकाको पाठ्यक्रममा नै समावेश गर्न उपयुक्त हुनेतर्फ विपक्षी मन्त्रिपरिषद् र शिक्षा मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी । | विध्यालय शिक्षाको पाठ्यपुस्तकहरुमा बाल अधिकार, मानव अधिकार, नागरिक अधिकार जस्ता विषय समावेश गरिएकोले उक्त पत्रको प्रतिलिपि संलग्न राखी लगत कट्टा गरिदिनु हुन अनुरोध गरीएको । |
| ५. | ४४<br>(२०६२)<br>डिलबहादुर विश्वकर्मा<br>वि.<br>मन्त्रिपरिषद् सचिवालय | २०६२।१०।६ मा महेन्द्र संस्कृत विश्व विद्यालयको नाममा निर्देशनात्मक आदेश जारी | तीनधारा संस्कृत छात्रावास सम्बन्धी विनियम २०४८ को विनियम १४.८.६ को खण्ड (ख) मा उक्त छात्रावासप्रवेश गर्नका लागि व्रतवन्ध गरेको र २४ वर्ष नाघेको वटुक हुनु पर्ने व्यवस्था नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ११ तथा महेन्द्र संस्कृत विश्व विद्यालयको ऐन२०४३ को दफा १२ संग समेत बाझिएको देखिएकोले तीनधारा संस्कृत छात्रावास सम्बन्धी विनियम २०४८ को विवादित विनियम १४.८.६ को (ख)को व्यवस्था संविधानको धारा ८८ को | उक्त फैसलाको कार्यान्वयन भै लगत कट्टा गरि दिनकालागि लेखिपठाइएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | उपधारा १ अनुसार आजका मितिले अमान्य घोषित गरिएको छ । साथै तीनधारा संस्कृत छात्रावासमा प्रवेशका लागि नेपाल अधिराज्य को संविधान,२०४७ को धारा ११ को उपधारा २ मा व्यवस्थित समानताको हक सम्बन्धी व्यवस्थाको प्रतिकुल नहुने गरी आवश्यक कानूनी व्यवस्था गर्नु भनि विपक्षी महेन्द्र संस्कृत विश्वविद्यालयको नाममा निर्देशनात्मक आदेश जारी । | |
| ६. | सम्वत् २०६२ सालको रिट नं. ३२६१ वृषबहादुर राई वि. शि.म.समेत | २०६७।३।१५ शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय खोटाङ | निवेदकले कर्तव्य ज्यान जस्तो फौजदारी कसूरमा अदालतबाट सजाय पाएको देखिएको अवस्थामा सो सजाय भुक्तान गरी सके पश्चात् सो सजायलाई नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको भनी आत्मगत रुपमा व्याख्या गरी निजलाई शिक्षा ऐन २०२८ को दफा १६ङ. को उपदफा (५) को खण्ड (ङ.) बमोजिम शिक्षक पदबाट बर्खास्त गरेको तथा सो गर्दा शिक्षा नियमावली, २०५९ को नियम १४० बमोजिमको कार्यविधि पूरा नगरी सफाइको मौका नदिई शैक्षिक सेवाबाट बर्खास्त गर्ने गरेको देखिएकोले क्षेत्रीय शिक्षा निर्देशक धनकुटाको मिति २०६२।५।१४ को निर्णय र तत्सम्बन्धी काम कारवाही उक्त कानूनी व्यवस्था प्रतिकूल रहेकोले सो काम कारवाहीहरु उत्प्रेषणको आदेश जारी गरी बदर हुने ठहर्छ । अव निवेदकाई पूर्ववत प्रा.शि. पदमा बहाल गरी कामकाज लगाउनु भनी विपक्षीहरुका नाममा परमादेश समेत जारी गरिदिएको छ । | जिल्ला शिक्षा कार्यालय खोटाङको मिति २०६९।३।२४ च.नं.३२०२ को पत्रानुसार फैसलाको कार्यान्वयन भैसकेको । |
| ७. | सम्वत् २०६३ सालको WO०९०३ | शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय खोटाङ | निवेदक नियुक्ती पाइ काम काज गरीरहेकै अवस्थामा जिल्लान्तर काज सरुवा गराउन भनी जिल्ला | जिल्ला शिक्षा कार्यालय खोटाङको मिति २०६९।३।२४ च.नं.३२०२ को पत्रानुसार |

| | | | | |
|---|---|---|---|---|
| | अब्दुल हफिज वि. शि.म.समेत | | शिक्षा कार्यालय खोटाङबाट सहमती लिई सिराहा जिल्लामा काज सरुवा गराउन प्रयासरत रहिरकेको र निजले सोही अवधिमा विद्यालयमा उपस्थित हुन नसक्नुका कारण दर्शाइ निवेदनद्वारा जानकारी गराई विदासमेत माग गरी निवेदन दिइरहेको अवस्थाले निजको कार्यालयसँगको सम्बन्ध टुटेको अवस्था नभई निरन्तरता रहेकोमा परीक्षणकालमा काम सन्तोषजनक नभएको भन्ने आधारमा विभागीय प्रकृतिको भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी सफाइ पेश गर्ने मौका समेत प्रदान नगरी अधिकारविहीन निमित्त जिल्ला शिक्षा अधिकारीले पदबाट हटाएको मिति २०६२।११।२९ को निर्णय र सो निर्णयानुसार दिइएको च.नं. १३७० मिति २०६२।११।२९ को पत्र लगायतका सोसँग सम्बन्धित सम्पूर्ण निर्णय तथा पत्राचारहरु शिक्षा ऐन नियमावलीका साथै कानूनका मान्य सिद्धान्त समेत बिपरीत भई त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकलाई पूर्ववत सेवामा वहाली गर्नु गराउनु भनी विपक्षीहरु जिल्ला शिक्षा कार्यालय खोटाङ समेतका नाउँमा परामादेश जारी हुने ठहर्छ । | फैसलाको कार्यान्वयन भैसकेको । |
| ८. | २०६५-WO-०६९५ सुरेन्द्र प्र. कानू वि.शिक्षा मन्त्रालय समेत | २०६७।१०।२३ शिक्षा मन्त्रालय | तसर्थ माथि उल्लेखित आधार कारणका आधारमा निवेदन दावी बमोजिम रिट जारी हुन सक्ने नदेखिंदा रिट निवेदन खारेज हुने ठहर्छ । उक्त प्रतिवेदनमा उल्लेखित कानून सम्मत कुरा मात्र कार्यान्वयन गर्नु, कानून प्रतिकूल कुनै प्रावधान भए सोले मान्यता नपाउने हुँदा कार्यान्वयन नगर्नु भन्ने शिक्षा मन्त्रालयको | प्रतिवेदनमा उल्लेखित कानून सम्मत कुराहरु कार्यान्वयन भएकोले लगत कट्टा हुनुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | | नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ । आदेशको कार्यान्वयनको लागि प्रतिलिपी सहित शिक्षा मन्त्रालयमा महान्याधिवक्ताको कार्यालय मार्फत लेखी पठाई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु । | |
| ९. | ०६२ सालको २८३० रामजी राय वि. शिक्षा मन्त्रालय समेत | २०६७।८।१४ शिक्षा मन्त्रालय | अतः उल्लिखित विवेचनाबाट आफ्नो व्यक्तिगत कारणले नभई विद्यालय व्यवस्थापन समितिको निर्णय र खटाइएको विद्यालयमा हाजिर गर्न नदिएको कारणबाट यी निवेदकले हाजिर गर्न नपाएको देखिएसमेतबाट निवेदन माग बमोजिमको निवेदकलाई अवकाश दिने गरी भएको मिति २०५४।२।३१ को निर्णयदेखि पदस्थापन भएको २०६०।९।१५ सम्मको अवधिको तलब निवेदकले पाउन सक्ने नै देखिंदा सो अवधिको तलबभत्ता नदिने भनी गरेको अर्थ मन्त्रालयको पत्र र सोको आधारमा शिक्षा तथा खेलकुद मन्त्रालयले लेखेको मिति २०६२।३।२२ को पत्र र सो पत्रको आधारमा पञ्चावती मा.वि.ले सो अवधिको तलब भत्ता नपाउने भनी लेखेको पत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदन मागबमोजिमको मिति २०५४।२।३१ देखि २०६०।९।१५ को तलबभत्ता निवेदकले नपाउने गरी भएको निर्णय र पत्र उत्प्रेषणको आदेशले बदर भएकाले निज निवेदकले विद्यालयमा हाजिर भई काम गर्न नदिएको अवधिको मागबमोजिमको तलबभत्ता समेत तत्काल प्रचलित कानूनी व्यवस्था अनुसार निज निवेदकलाई भुक्तानी दिनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ठहर्छ | उक्त आदेश कार्यान्वयनका लागि पत्राचार भइ सो आदेश कार्यान्वया भइसकेको । |

| | | | | |
|---|---|---|---|---|
| | | | । | |
| १०. | सम्बत् २०६० रिट नं. ३३४८ | २०६७1१0।२३ शिक्षा मन्त्रालय | अतः उपरोक्त उल्लेखित आधार प्रमाणबाट यी रिट निवेदकलाई निजामती सेवा ऐन २०४९ को दफा ६१(१)(च) को कसूरमा सोही ऐनको दफा ५९(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाइएको शिक्षा तथा खेलकुद मन्त्रालयको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी प्रशासकीय अदालतबाट भएको निर्णयमा कुनै कानूनी त्रुटी विध्यमान भएको पाइएन, साथै न्यायको सिद्धान्त समेतको त्रुटी पनि देखिएन । अधिकार प्राप्त अधिकारीबाट आफ्नो अधिकार क्षेत्र भित्र रही कार्य गरेको देखिनुका अतिरिक्त ऐन नियमले दिएको अधिकार प्रयोग गरी गरिएको निर्णय निवेदकको दावी अनुरूप स्वेच्छाचारी, पूर्वाग्रही, प्राकृतिक न्यायको सिद्धान्त एवं कानून र न्यायको मान्य सिद्धान्त विपरीत भएको हो भन्न सकिने अवस्था र स्थिति नभएबाट निवेदकको माग बमोजिम आदेश जारी गरिरहनु परेन । रिट निवेदन खारेज हुने ठहर्छ । | श्री सर्वोच्च अदालतबाट रिट निवेदन खारेज हुने आदेश भएको । |

## ६. श्री सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयबाट लगत कट्टा भएको फैसला तथा आदेशहरुको विवरण :

| क्र.सं | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र कार्यान्वयनका लागि जिम्मेवार निकायहरु | आदेशको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | ०६३-WO-०९६६<br>डिल्लिराज खड्गी<br>वि.शिक्षा मन्त्रालय | २०६७1१0!&<br>विद्यालय व्यवस्थापन समिति लेबोरोटरी | अब विद्यालयको भौतिक अचल सम्पत्ति देखाई विभिन्न बैंकमा धितो राखी विभिन्न व्यक्तिका | श्री सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं. ४५० मिति |

| | | | | |
|---|---|---|---|---|
| | समेत | उ.मा.वि.किर्तिपुर | नाउँबाट कर्जा लिएको भन्ने निवेदन दावीका सम्बन्धमा विचार गर्दा लेवोरेटरी उच्च मा.वि., कीर्तिपुर सार्वजनिक शैक्षिक गुठीमा दर्ता हुने गरी यसको विधान क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमाञ्चलमा मिति २०६२।९।१७ मा दर्ता भएको देखिन्छ । यो सार्वजनिक शैक्षिक गुठीमा सञ्चालित लेवोरेटरी उच्च मा.वि. एक स्वशासित स्वायत्त संगठित संस्था हो । यस्तो संगठित संस्थाले कानूनी व्यक्तित्वको मान्यता प्राप्त गर्दछ । यस्तो कानूनी व्यक्तिले आफ्नो नाममा ऋण लिने, ऋण दिने, आफ्नो नामबाट अड्डा अदालतमा फिराद गर्ने तथा प्रतिवाद गर्ने सम्मको कार्य गर्न पाउँछ । यसरी विद्यालयकै नाउँबाट ऋण लिने तथा ऋण दिन पाउने कानूनी व्यवस्था हुँदा हुँदै विद्यालयको लागि भनी विद्यालयकै सम्पत्ति धितोमा राखी विद्यालय सञ्चालक वा सार्वजनिक गुठीका गुठीयारा मध्ये वा कुनै व्यक्ति विशेषका नाउँमा ऋण लिन वा ऋण दिन कानूनत मिल्दैन । यदि विद्यालयको सम्पत्ति धितोमा राखी विद्यालयका नाउँमा कुनै व्यक्ति विशेषले ऋण लिन्छ, दिन्छ भने त्यो गैह्र कानूनी हुन्छ । त्यस्तो ऋणको दायित्व विद्यालयले व्यहोर्न पर्दैन । त्यस्तो ऋणको दायित्व ऋण लिने र दिनेले नै व्यहोर्नु पर्दछ । तसर्थ विद्यालय एक स्वशासित संगठित संस्था हुने र त्यस्तो संस्थाले विद्यालयको हितको लागि विद्यालय सञ्चालनको अधिकार र कर्तव्य भएको निकायबाट निर्णय गरी विभिन्न वित्तीय संस्थाबाट ऋण लिन सक्ने भएकोले विद्यालयको हित र विकासका लागि ऋण लिनपर्दा विद्यालयका | २०७०।१।९ को पत्रानुसार ०६३ सालको रिट नं.WO-०९६६ निवेदक डिल्लिराज खड्गी भएको उत्प्रेषणयुक्त परमादेश को रिटमा मिति २०६७।१०।१७ मा भएको आदेश कार्यान्वयन भइसकेको देखि मिति २०६९।१२।१५ मा लगत कट्टा भएको जानकारीप्राप्त भएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | नाउँमा लिने ऋण कुनै व्यक्ति विशेषका नाउँमा नभई विद्यालय सञ्चालक समितिले निर्णय गरी नेपाल सरकारको सहमती लिएर मात्र विद्यालयकै नाउँमा ऋण लिने व्यवस्था गर्न भनी लेवोरेटरी उच्च मा.वि. कीर्तिपुरको व्यवस्थापन समितिका नाउँमा निर्देशनात्मक आदेश समेत जारी गरिएको छ । | |
| २. | सम्वत् २०६३ सालको रि. नं. wo-०२८२ निवेदक राजाराम श्रेष्ठ वि. शिक्षक सेवा आयोग समेत | २०६७।११।२९ शिक्षक सेवा आयोग | | मिति २०६९।१२।१६ मा लगत कट्टा भएको । |

## ७. श्री पुनरावेदन अदालत, प्रशासकीय अदालत तथा आयोगबाट भएका शिक्षा मन्त्रालयसंग सम्बन्धित अन्य फैसला वा आदेश र सो को कार्यान्वयन अवस्थाको विवरण तालिका :

**श्री पुनरावेदन अदालत इलाम**

| क्र.सं | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र कार्यान्वयनका लागि जिम्मेवार निकायहरु | आदेशको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | सम्बत् २०६९ सालको रिट नं. ३२ कोड नं. ०२-०६९-००२३९ ०६९-WS-००१८ निवेदक तारानाथ रिजाल वि. जि.शि.का. समेत | २०६९।११।९ जि.शि.का. झापा | अब निवेदकको माग बमोजिमको रिट आदेश जारी हुनुपर्ने हो होइन भन्ने प्रश्नमा निर्णय गर्नु पर्ने भई निर्णयतर्फ विचार गर्दा निमित्त प्रधानअध्यापक पदमा हाल कार्यरत लेखनाथ सुबेदीले लामोकालसम्म प्रधानअध्यापक पदमा बसी काम गर्दै आएको र त्यसलाई निवेदकले स्वीकार गरेकाले निवेदनको औचित्य नरहेको साथै हाल कार्यरत लेखनाथ सुवेदीको पालामा विद्यालयले राम्रो प्रगति गरेकोले निज विद्यालयको लागि अनिवार्य आवश्यकता रहेको भन्ने विपक्षीको कथनको हकमा विध्यालयद्धारा बाध्यात्मक रुपमा अनुसरण गर्नुं पर्ने कुराको | आदेश कार्यान्वयनको प्रकृयामा रहेको । |

| | | | | |
|---|---|---|---|---|
| | | | निरोपण कानून बमोजिम नै हुनुपर्छ । शिक्षा नियमावलीको नियम ९४ को खण्ड (क) देखि खण्ड (ष) सम्मका प्रधानाध्यापकका प्रशासनिक समेतका ३१ वटा काम कर्तव्य र अधिकारको प्रकृति हेर्दा सो काम कर्तव्य र अधिकार अस्थायी, निकायबाट सम्पादन भएमा कानूनको scheme नै भताभुङ्ग हुने देखिन्छ । शिक्षा नियमावली, २०५९ नियम ९३ (१२) मा सामुदायिक विध्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभए सम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये वरिष्ठतम स्थयी शिक्षकले निमित्त प्रधानध्यापक भई काम गर्नेछ भनी र सो को प्रतिबन्धात्मक वाक्यांशमा तर कुनै विद्यालयमा एक भन्दा बढी तह भएमा माथिल्लो वरिष्ठतम शिक्षकले निमित्त भई काम गर्नेछ भनी उल्लेख भएको देखिन्छ । आफू स्थायी शिक्षक भएको वा अस्थायी नै भएपनि माथिल्लो तहको वरिष्ठतम शिक्षक भएका भनी विपक्षी लेखनाथ सुवेदीले भन्न सकेको पाइदैन ।<br>जहाँसम्म विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक नियुक्तिको प्रक्रिया नचलाएसम्म निवेदकको निवेदनमा विचार गर्न नमिल्ने भन्ने कथन छ उक्त नियम ९३ मा स्पष्ट रुपमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक नभए सम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि भनी दैनिक | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्य संचानको लागि समेत कानूनले नै निमित्त, प्रधान अध्यापकको व्यवस्था गरेको पाईदा विपक्षीहरुको जिकिरसँग सहमत हुन सकिएन । निमित्त प्रधानाध्यापक भनेको लामो कालसम्म कायम रहने पद यस्तो पदमा योग्यता पुगेकालाई समेत लामो कालसम्म राखी रहनु वाञ्छनिय हुँदैन । विपक्षी लेखनाथको हकमा कानूनले तोकेको योग्यता पुगेको अवस्था समेत देखिदैन । यस्ता कानून वमोजिम हुनु पर्ने कुरामा लामो कालदेखि कार्यरत रहेको र निवेदकले पनि विपक्षी लेखनाथको स्वीकार गरेको जस्ता विवन्धन वा समर्पणको कुरा उठाउनु उपयुक्त हुँदैन । आफू सो पदका लागि योग्य भएको भन्ने समेतको निवेदकको जिकिर देखिन्छ । यस स्थितिमा उल्लिखित ऐन कानूनको बर्खिलाफ गरी विपक्षी लेखनाथ सुवेदीलाई निमित्त प्रधानाध्यापक पदमा काम गर्न दिएको समयको विपक्षी जनता उच्च माध्यमिक विद्यालयको व्यवस्थपन समितिको मिति २०६९।५।४ को निर्णय नं १ तथा २०६९।५।१० को निर्णय नं १ उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । अब शिक्षा नियमावली, २०५९ को नियम ९३ (१२) अनुसार प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि योग्यता पुगेकालाई निमित्त प्रधानाध्यापकको पदमा कामकाज गर्न दिनु भनी विपक्षी विद्यालय व्यवस्थापन समिति तथा सोको अध्यक्ष एवं विपक्षी विद्यालयको नाममा समेत परमादेशको आदेश जारी गर्ने ठहर्छ । प्रस्तुत आदेश उपर चित्त नबुझे ३५ दिनभित्र श्री सवोच्च अदालतमा पुनरावेदन गर्न भनी विपक्षीहरुलाई | |

| | | | | |
|---|---|---|---|---|
| | | | पुनरावेदनको म्याद दिनु । | |
| २. | कोड नम्वर :०२-०६६-०००९८ सम्वत २०६६-सालको रिट.नं. ५४ निवेदक हेमलता भट्टराई वि. जि.शि.का. झापा समेत | २०६६।११।१८ जि.शि.का. झापा | निर्णयतर्फ विचार गर्दा यसमा श्री जनता उच्च माध्यमिक विद्यालयको प्रा.शि. तृतीय श्रेणीको रिक्त शिक्षक पद-१ को लागि प्रकाशित विज्ञापन अनुसार निवेदकले दर्खास्त दिई लिखित परीक्षामा सामेल भई सो परीक्षाबाट प्रयोगात्मक तथा मौखिक अन्तर्वाताको लागि निवेदक समेत छनौट भएको भन्ने मिति २०६६।६।७ मा जनता उच्च मा.वि.ले प्रकाशित गरेको सूचना तथा विपक्षीहरुको लिखित जवाफको व्यहोरा समेतबाट देखिन आयो । यसरी विद्यालयले लिखित परीक्षाको नतिजा प्रकाशित गरी निवेदक समेत प्रयोगात्मक तथा मौखिक अन्तर्वार्ताका लागि छनौट भएकोमा सो बाँकी परीक्षा स्थगत गरिएको भन्ने समेत मिसिलसाथ संलग्न २०६६।६।८ को उक्त विद्यालयद्वारा प्रकाशित सूचनाबाट देखिन आयो । रिक्र पद पूर्तिका लागि विज्ञापन गरी लिखित परीक्षाको नतिजा समेत प्रकाशित भैसकेपछि बाँकी प्रयोगात्मक र मौखिक परीक्षा लामो अवधिसम्म स्थगित गरी २०६६।९।२१ मा उक्त परीक्षा संचालन गर्ने निर्णय भएको भन्ने विपक्षी जनता उच्च मा.वि. व्यस्थापन समिति समेतका तर्फबाट मिति २०६६।९।२० मा परेको लिखित जवाफबाट देखिए पनि उक्त विद्यालयको मिति २०६६।११।२ को पत्रबाट उक्त मितिमा समेत सो बाँकी कार्य पूरा गरेको देखिन आएन । यसरी विद्यालयको पठनपाठनमा प्रत्यक्ष असर पार्न सक्ने शिक्षक नियुक्ति जस्तो महत्वपूर्ण कार्यमा विद्यालयका तर्फबाट आवश्यक तदारुकता देखाएको भन्ने नदेखिँदा विपक्षी | कार्यान्वयनका लागि लेखि पठाईएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | विद्यालय व्यवस्थापन समिति समेतका तर्फबाट पर्न आएको लिखित जवाफमा विद्यालयको आम हितका लागि पूर्ण सचेत र जिम्मेवार रहेको भन्दै जतिसुकै सफाई दिन खोजिएको देखिए पनि निजहरुको गतिविधि र क्रियाकलाप कानूनको रोहमा समेत जायज र स्वीकार योग्य देखिन आएन । यसर्थ विद्यालयको विज्ञापन बमोजिम निवेखक लिखित परीक्षँमा सामेल भै सो परीक्षँमा उत्तिण समेत भैसकेको भन्ने देखिँदा अब प्रयोगात्मक र मौखिक परीक्षाको बाँकी प्रक्रिया नरोक्नु कानूनी प्रक्रिया पूरा गरी नियमानुसार गर्नु भनी विपक्षी विद्यालय व्यवस्थपन समिति एवं सो समितिका अध्यक्ष र प्रधानाध्यापक तथा शिक्षक छनौट समितिका सदस्य सचिव बुद्धिमान कार्की समेतका नाउँमा परमादेश जारी हुने ठहर्छ । | |

## श्री पुनरावेदन अदालत धनकुटा

| क्र.सं | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र कार्यान्वयनका लागि जिम्मेवार निकायहरु | आदेशको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | २०६७सालको निवेदन नं. १<br>प्रकाश सापकोटा<br>विरुद्ध<br>जिल्ला शिक्षा कार्यालय धनकुटा समेत | २०६७।१२।२४<br>शिक्षा मन्त्रालय<br>जिल्ला शिक्षा कार्यालय, धनकुटा | निवेदकलाई नियुक्ति नदिई तेसै अल्मल्याएको विपक्षीहरुको काम कारबाही न्यायोचित नभएको र यसबाट निवेदकको उल्लिखित हकहरु कुण्ठित हुन गएको अवस्था हुँदा निवेदकको माग बमोजिम निजलाई विपक्षी विद्यालयको प्रा.वि. शिक्षक पदमा नियुक्त गरी सो विद्यालयमा हाजिर गराई काममा लगाउनु होला भनी विपक्षी व्यवस्थापन समिति समेतका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । लिखित जवाफ पेश नगर्ने विपक्षी जिल्ला शिक्षा कार्यालयका | जिल्ला शिक्षा कार्यालय, धनकुटाको च.नं. १३७१ मिति २०६८।११।१७ को पत्र र शिक्षा विभागको च.नं.६६१ मिति २०६८।९।३ को पत्रअनुसार फैसला कार्यान्वयन भएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रमुख उपर पुनरावेदन नियमावली, २०४८ को नियम ६५ बमोजिम विभागीय कारबाही हुनका लागि यो आदेशको प्रतिलिपि संलग्न गरी सम्बन्धित अख्तियारवाला समक्ष विभागमा पठाई दिने समेत ठहर्छ । यो आदेशमा चित्त नबुझे ३५ दिन भित्र पुनरावेदन गर्न जानु भनी विपक्षीहरुलाई पुनरावेदनको म्याद दिई दायरीको लगत कट्टा गरी प्रस्तुत मिसिल अभिलेख शाखामा बुझाइ दिनु । | |

## श्री पुनरावेदन अदालत राजविराज

| क.सं | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र कार्यान्वयनका लागि जिम्मेवार निकायहरु | आदेशको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | ०५-०६८ -००४५१/WO- ००९७<br>निवेदक जिवछी कुमारी साह वि. जि. शि. का. | २०६८।११।२८<br>जि. शि. का. सप्तरी | तर्सथ जिल्ला शिक्षा कार्यलय सप्तरीबाट च.नं. १०५६ मिति २०६५।१०।१० गतेमा प्राप्त गरेको राहत महिला दरबन्दी १ पदपुर्ति गर्नको लागी ०१-०६७०६८ नं को बिज्ञापन मिति ०६७६।१ गते प्रकाशित गरी रितपुर्बकको दरखास्त समेत लिई मिति ०६७७२२ गते परीक्षा लिने जानकारी समेत गराई कारणबस परीक्षा लिन नसकिएको र मिति ०६७८।२४ मा परीक्षा लिने भनी बिशेषज्ञ रामेन्द नाथ यादब लाई तथा बिद्यालय व्यबस्थापन समितिको रोहबरमा ०६७८।२७ गते जम्मा ६ जना उम्मेदवार मध्ये ३ जना उम्मेदबारले परीक्षामा उपस्थित भई लिखित तथा मौखिक परीक्षा समेत लिई दिई नतिजा समेत प्रकाशित गरी राहत शिक्षक अनुदान कोटामा शिक्षक सरस्वति बिश्वकर्मालाई | कार्यान्वयनको लागि लेखि पठाएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | शिक्षा ऐन तथा नियमावली तथा शिक्षा बिभागको परीपत्र समेतको परिधी भित्र रही नियुक्ति दिएको कुरा प्रतिबादीको लिखित जवाफबाट देखिएको र निबेदीकाको निबेदन माग दाबी अनुसारको काम कुरानै भै सकेको अबस्थमा निजको मौलिक हक हनन् हुने गरी कुठाराघात भयो भन्ने अबस्था समेत नदेखिएको हुदा र यस्तो काम कुरा भैसकेको अबस्थामा निषेधाज्ञाको आदेश जारी हुने अबस्था पनि नहुने हुदा यसमा शिक्षिका सरस्वतीले नियुक्ति नै पाई सकेको देखिदा निबेदकको माग बमोजिम निषेधज्ञाको आदेश जारी हुने भएन निबेदकको निबेदन खारेज हुने ठर्हछ । | |

## श्री पुनरावेदन अदालत जनकपुर

| क.सं | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र कार्यान्वयनका लागि जिम्मेवार निकायहरु | आदेशको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १ | २०६७ सालको रिट नं. ०६–०६७–०५५३४<br>निवेदक रामलखन मण्डल वि. जि.शि.का. | २०६७।१२।१५<br>जि.शि.का. | प्रस्तुत मुद्दामा निबेदकको माग बमोजिम आदेश जारी हुनुपर्ने हो होईन के हो भनि हेर्दा बिपक्षी जिल्ला शिक्षा कार्यलय तथा जिल्ला शिक्षा अधिकारी धनुषाबाट लिखित जवाफ पेश हुन आएको देखिएन । निबेदक रामलखन मण्डल रा प्रा बि खतवेटोल बघाचौढा स्थित श्री रा प्रा बि खतवेटोल बघाचौडा बिद्यालय ब्यबस्थापन समितिको अध्यक्ष चयन भएको देखियो । तत् सम्बन्धमा ब्य. स. का अध्यक्ष रामलखन र प्र अ.कामेश्वर राउतको खाता | कार्यान्वयनको लागि लेखि पठाएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | सञ्चालन हुनको लागी जि. शि. का. धनुषालाई पत्राचार भएको भन्ने देखिन आएको हुदा तत् सम्बन्धमा सधिकार निकायले कानुन बमोजिम गर्नुपर्ने कार्य गर्नुपर्ने हुदा जब आफ्नो कार्यलयमा सो कुराको लागी लेखि आएकोले सो कार्य कानुन बमोजिम गर्नुपर्ने हो होईन स्पस्ट निर्णय गरी दायित्वबाट बिमुख हुन नहुने स्पष्ट रहेको छ । अत यो मुद्दामा निबेदकको माग बमोजिम खाता सञ्चालन गर्न दिन मिल्ने नमिल्ने के हो हेरि कानुन बमोजिम गर्नु भनि बिपक्षीहरुका नाउँमा परमादेशको आदेश जारी हुने ठर्हछ । | |

## श्री पुनरावेदन अदालत तुलसीपुर, दाङ

| क्र.सं | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र कार्यान्वयनका लागि जिम्मेवार निकायहरु | आदेशको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | सम्वत् २०६७ सालको वि.दे.पु. नं.१९८/६९<br>प्रेम बूढामगर वि. असोक वि.जि.शि.का.प्युठानसमेत | २०६८।१।२७<br>जि.शि.का.प्युठान<br>जिल्ला प्रशासन कार्यालय | निर्णय तर्फ विचार गर्दा निवेदकहरुले विपक्षी विद्यालयलाई तिर्नु वुझाउनु पर्ने मासिक भाडा रु. ६००।- नियमित रुपमा बुझाउँदै आई निवेदकहरु उक्त जग्गामा निरन्तर वसोवास गरी आफ्नो पेशा व्यवसाय गर्दै आई रहेको अवस्थामा विपक्षी विद्यालयले एक्कासी मिति २०६५।९।२१ गते जग्गा खाली गरी दिने भनी पत्र पठाएकोले पछि निवेदकहरु र विपक्षीहरु समेत रहेको सर्वदलीय सर्वपक्षीय वैठकमा छलफल गरी कि.नं ३९५ र किन.नं ४२७ को जग्गामा निरन्तर रुपमा | रिट निवेदन खारेज हुने गरी आदेश भएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | वसोवास गर्न दिने र सो वापतको मात्र रकम लिने भनी मौखिक सहमती भएकोमा मिति २०६७।२।३ गते विद्यालयको सक्रियतामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा वैठक बसी हामी निवेदकहरुले बनाएका घर टहराहरु आजका मितिबाट ४० दिन भित्र हटाई उक्त जग्गा खाली गरी दिने भनी निर्णय गरेकाले हामीहरुलाई मर्का पर्ने गरी गरेको गैर कानूनी कार्य रोकी पाउँ भनी निवेदन गरेको भएता पनि निवेदकहरुले विपक्षीहरुसँग गरेको सम्झौता वमोजिमको काम नगरी विपक्षी विद्यालयको हक भोगको जग्गा आफ्नो हक भोगमा ल्याउने नियतले उक्त निवेदन दायर गरेका हन भनी लिखित जवाफ प्रस्तुतकर्ताहरुको भनाई रहेको पाइन्छ । यी निवेदकहरुले विवादित घर टहराहरु भएको जग्गा भवानिश्वरी प्राथमिक विद्यालयको नाउँमा दर्ता भै विद्यालयको हकाधिकार रहे भएको कुरामा विवाद देखिदैन । मिति २०५४।९।१० मा विपक्षी विद्यालयको जग्गा छाड्नु पर्ने भएमा अटेर गर्ने छैनौं भनी भवानीश्वरी प्रा.वि.का प्र.अ. मोतिलाल पौडेल समक्ष कवुलियत गरी दिएको देखिन्छ भने यी पक्ष र विपक्षी विद्यालय वीच मिति २०६७।२।३ मा सम्झौता हुँदा, उक्त जग्गा व्यवस्थापन गर्दा निवेदकहरुलाई नै वस्ने प्राथमिकता दिने भनी उल्लेख भएको देखिएको समेतबाट यी निवेदकको कानून प्रदत्त हकाधिकारमा आघात पर्ने अवस्था विद्यमान रहे भएको नदेखिँदा निवेदन माग | |

| | | | | |
|---|---|---|---|---|
| | | | वमोजिमको आदेश जारी गरी रहनु परेन, रिट निवेदन खारेज हुने ठहर्छ । | |

## श्री पुनरावेदन अदालत हेटौंडा,मकवानपुर

| क्र.सं | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र कार्यान्वयनका लागि जिम्मेवार निकायहरु | आदेशको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | सम्वत २०६७ सालको WO- ०१७५<br>मुद्दा रजिष्ट्रेशन नम्बर ०८-०६७-०१३०५<br>असोक कुमार शाह<br>वि..जि.शि.का.पर्सासमेत | २०६८।३।१५<br>जि.शि.का.पर्सा | निर्णयतर्फ विचार गर्दा यसमा, निवेदकलाई अस्थायी रुपमा मिति २०६६।५।२४ देखी लागू हुने गरी नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, सबैयाटारी प्रा.वि. राहतको शिक्षक अस्थायी पदमा नियुक्त गरेको मिति २०६६।५।२४ को पत्रको प्रतिलिपीबाट देखियो । प्रत्यर्थीहरुकोतर्फबाट कुनै किसिमको प्रतिवाद गरी लिखितजवाफ लगाएको देखिएन ।<br>निवेदकलाई मिति २०६६।५।२४ देखी लागू हुने गरी बढीमा ६ महिनाको लागि नियुक्त गरेको देखियो । त्यसपछि म्याद थप गरी अर्को नियुक्तिपत्र दिएको वा काम गरेको प्रमाणित लिखत रहेको देखिएन । मिति २०६६।५।२४ को नियुक्तिपत्र अनुसार निवेदक विद्यालयमा हाजिर भै कामकाज गरे नगरेको त्यहीको अभिलेखबाट देखिने विषय हो ।<br>तसर्थ उल्लेखित अवधिमा निवेदक विद्यालयमा हाजिर भै अध्यापन सम्बन्धी कार्य गरे भएको भए निजले पाउनु पर्ने पारिश्रमिक उपलब्ध गराई दिनुपर्ने देखिएको हुँदा अभिलेख हेरी सो अवधिको पारिश्रमिक उपलब्ध गराई दिन कारवाही | फैसला कार्यान्वयनका लागि लेखि पठाएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्नु र उपलब्ध गराई दिनु भनी विपक्षीका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । | |
| २. | सम्वत् २०६७ सालको WO-०१९५<br>रजिष्ट्रेशन नम्वर ०८-०६७-०१३६६<br>अरविन्द<br>वि.जि.शि.का.पर्सासमेत | २०६८।३।२२<br>जि.शि.का.पर्सा | निवेदन साथ पेश भएको विद्यालय व्यवस्थापन समितिको मिति २०६६।३।१६ को निर्णयबाट सतीषचन्द्र झा र यी निवेदकको शैक्षिक योग्यता, शिक्षण अनुभव, तालीम, कार्य सम्पादन मूल्याङ्कन, विद्यालय सुधार योजना तथा नेतृत्व लिन सक्ने क्षमता समेतका विषयमा अंक प्रदान गरी यी निवेदकले ८१ अङ्क पाउने यी निवेदकलाई नियुक्तिका लागि सिफारिस गर्ने कुरा समेत उल्लेख भएको देखिएको छ । यसको अतिरिक्त यी शतिषचन्द्र झाले सो सिफारिस भएको मिति २०६६।३।१६ मा र जिल्ला शिक्षा कार्यालय, पर्साको मिति २०६६।५।१७ को क्षेत्रीय शिक्षा निर्देशनालयलाई लेखेको पत्र समेतबाट मिति २०६६।५।७ मा समेत निज सतिषचन्द्र झाले स्नातकोत्तर गरेको भन्ने नदेखिइ मिति २०६७।११।१९ मा मात्र स्नातकोत्तर गरेको भन्ने लिखितजवाफको व्यहोरा समेतबाट देखिएकाले उच्च माध्यमिक शिक्षा परिषद्सँग सम्बन्धन समेत रहेको देखिएको विद्यालयको अवस्था समेतलाई दृष्टिगत गरी मिति २०६६।३।१६ को विद्यालय व्यवस्थापन समितिको प्र.अ. को नियुक्ती सम्बन्धी सिफारिस गर्ने निर्णय समेतका आधारमा सो महानन्द प्रसाद उपाध्याय उच्च माध्यमिक विद्यालयको प्रधानाध्यापक पदमा नियुक्ती गर्ने विषयमा अविलम्ब आवश्यक कारवाही गर्नु भनी | फैसला कार्यान्वयनका लागि लेखि पठाएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | बिपक्षी शिक्षा कार्यालय पर्सा समेतका नाउँमा परामादेशको आदेश जारी हुने ठहर्छ । | |
| ३. | २०६६ सालको नि.द.नं.३७ शम्भु यादव वि.जि.शि.का.पर्सासमेत | २०६७।३।३० जि.शि.का.पर्सा | जिल्ला प्रशासन कार्यालय पर्साको च.नं. २६९५ मिति ०६६।१०।२७ को पत्रसाथ विपक्षी जिल्ला शिक्षा कार्यालय पर्सामा पठाइएको निवेदकको मिति ०६६।१०।२७ को उजुरी निवेदन सम्बन्धमा यथाशीघ्र आवश्यक कारवाही गरी कारवाहीको नतिजा निवेदकलाई समेत जानकारी गराई दिनुहोला भनी विपक्षी जिल्ला शिक्षा कार्यालय पर्साको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । | फैसला कार्यान्वयनका लागि लेखि पठाएको । |
| ४. | ०८-०६६ संजयकुमार यादव | २०६२।११।९ जिल्ला शिक्षा कार्यालय, | ८. अब निवेदन माग बमोजिम परमादेशको आदेश जारी हुने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने भै त्यसतर्फ विचार गर्दा राहत कोटाका शिक्षकहरूको नियुक्ति गैर कानूनी तवरले भएकाले सो नियुक्ति कानून बमोजिम भए नभएको छानवीन गरी निर्णय गर्ने अधिकार शिक्षा नियमावली, ०५९ बमोजिम जिल्ला शिक्षा अधिकारीलाई भएको देखिन्छ । निवेदकले मिति ०६६।४।१८ मा राहत कोटाको शिक्षक नियुक्ति गैर कानूनी तवरले भएकाले आवश्यक कारवाही गरी पाउँ भनी निवेदन दिएको होइनन् भनी विपक्षीले | फैसला कार्यान्वयनका लागि लेखि पठाएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | उल्लेख गर्न सकेको नदेखिनुका साथै सो सम्बन्धमा कारवाही भए गरेको भए के कस्तो कारवाही भए गरेको छ भन्ने खुलाउन सक्नुपर्नेमा सो समेत विपक्षी जिल्ला शिक्षा कार्यालय गौर, रौतहटबाट खुलाएको नदेखिएको स्थिति हुँदा निवेदकको उक्त निवेदन थन्काई राखेको भन्ने देखिन्छ ।<br>९. यसबाट विपक्षीले कानूनले गर्नुपर्ने कार्य नगरी रहेको भन्ने देखिन्छ । कानूनले गर्नु पर्ने कार्य नगरेमा वा गर्न नहुने कार्य गरेमा सम्बन्धित निकायलाई कानून बमोजिम गर्न परमादेशको आदेश जारी गर्नु पर्ने हुन्छ ।<br>१०. तसर्थ निवेदकले मिति ०६६।४।१८ मा दिएको उजुरी निवेदनको सम्बन्धमा शिक्षा नियमावली, २०५९ बमोजिम अविलम्ब आवश्यक कारवाी गर्नु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । यो आदेश उपर चित्त नबुझे ३५ दिन भित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विपक्षीलाई पुनरावेदनको म्याद दिई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा | |

| | | | | |
|---|---|---|---|---|
| | | | गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु । | |

## श्री पुनरावेदन अदालत बुटवल

| क्र.सं | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र कार्यान्वयनका लागि जिम्मेवार निकायहरु | आदेशको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | मुद्दा नं. ०६७-WO-००७३<br>इन्द्रकुमारी जि.सी वि.<br>जि.शि.का.नवलपरासी | २०६८।७।२<br>जि.शि.का.नवलपरासी | जिल्ला शिक्षा समितिबाट अनुमोदन गराउने गरी निवेदकलाई २०६६।८।११ मा थप भएको राहत कोटाको शिक्षक पदमा नियुक्ती गरिएकोमा २०६७।३।१९ को जिल्ला शिक्षा समितिको निर्णयबाट उक्त विद्यालयको राहत कोटा अनुमोदन नभएकोले निवेदकलाई अवकास दिएको भन्ने जिल्ला शिक्षा कार्यालयको लिखितजवाफबाट देखिदा राहत कोटा नै कटौती भएको अवस्थामा निवेदन माग बमोजिमको आदेश जारी हुन सक्ने अवस्था नदेखिदा रिट निवेदन खारेज हुने ठहर्छ । | फैसला कार्यान्वयनका लागि लेखि पठाएको । |

## श्री प्रशासकीय अदालत, काठमाण्डौ

| क्र.सं | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र कार्यान्वयनका लागि जिम्मेवार निकायहरु | आदेशको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | सम्वत २०६८ सालको पु.वे.नं. २३ पुनरावेदक | २०६८।१२।३०<br>शिक्षा मंत्रालय | यी पुनरावेदकलाई शिक्षा मन्त्रालयका सचिवले मिति | फैसलाको कार्यान्वयन भइसकेको । |

| | | | | |
|---|---|---|---|---|
| | महेन्द्रकुमार बोहोरा<br>वि. शिक्षा मंत्रालय | | २०६८।४।३ मा गरेको विभागीय सजायको निर्णय आदेश कानूनसम्मत छ , छैन ? र सो निर्णय वदर गर्नुपर्ने हो, होइन ? भन्ने प्रश्नतर्फ विचार गर्दा यी पुनरावेदक जिल्ला शिक्षा कार्यालय रुकुमको तत्कालीन निमित्त जिल्ला शिक्षा अधिकारी हुँदा मिति २०६२।८।२६ मा शिक्षा मन्त्रालयको मिति २०५५।५।२५ को परिपत्र विपरीत बालमन्दिर प्रा.वि. मुसीकोट रुकुममा प्राथमिक शिक्षक पदमा कार्यरत शिक्षिका मायाकुमारी शर्मालाई दुई तह माथि वि.एड. अध्ययन गर्न अध्ययन विदा स्वीकृत गरेको अधियोगमा निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) को उपखण्ड (१) बमोजिम शिक्षा मन्त्रालयका सचिवले मिति २०६८।४।३ मा नसिहत दिने विभागीय सजायको निर्णय गरेको देखियो । शिक्षा मन्त्रालयले गरिएको भनिएको सो परिपत्र जिल्ला शिक्षा कार्यालय रुकुममा नपुगेको र सो परिपत्रका वारेमा आफूलाई थाहा जानकारी नभएको अवस्थामा शिक्षा नियमावली, २०५९ को नियम १०६ (९) बमोजिम योग्यता पुगेका शिक्षकहरु मध्ये सम्बन्धित विद्यालय व्यवस्थपन समितिको सिफारिसमा सोही नियमावलीको नियम १०७ को उपनियम (२) बमोजिम जिल्ला शिक्षँ अधिकारीको हैसियतले गरेको निर्णय कानूनसम्मत नै भएको, परिपत्रको अवज्ञा गर्ने अभिप्राय नरहेको, निज शिक्षिकाको शैक्षिक योग्यता आइ.एड नभई आइ.ए.मात्र भएकोले शिक्षक सिकाई | |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्बन्धी ज्ञानको लागि वि.एड पढ्न पठाई दुर्गम जिल्लमा दक्ष जनशक्ति तयार गर्ने उद्देश्यले पठाएको भन्ने समेत व्यहोरा उल्लेख गरी यी पुनरावेदकले मिति २०६८।२।२२ मा शिक्षा मन्त्रालयका सचिव समक्ष स्पष्टीकरण पेश गरेको देखियो । शिक्षा नियमावली, २०४९ खारेज भई नयाँ जारीभएको शिक्षा नियमावली, २०५९ को नियम १०६ को उपनियम (९) ले स्थायी सेवा ५ वर्ष पुगेको शिक्षकलाई अध्यापन सम्बन्धी विषयमा उच्च अध्ययनका लागि अध्ययन विदा दिन सकिने व्यवस्था गरेको र सो नियमको १०६ को उपनियम (१) को खण्ड (ट) मा अध्ययन विदा दिन नोकरीको तमाम अवधिमा बढीमा ३ वर्ष सम्म दिन सकिने भन्ने व्यवस्था र सोही नियमावलीको १०७ को उपनियम (२) मा शिक्षकको अध्ययन विदा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा जिल्ला शिक्षा अधिकारीले दिन सक्ने भन्ने रहेको देखिन्छ । जिल्ला शिक्षा अधिकारीले शिक्षकको अध्ययन विदा स्वीकृत गर्न त्यस्तो शिक्षकको स्थायी सेवा ५ वर्ष पुगेको हुनुपर्ने र व्यवस्थपन समितिले सिफारिस गरेको स्थितिमा नोकरीको तमाम अवधिमा ३ वर्ष भन्दा बढी नबढ्ने गरी अध्ययन विदा दिन सक्ने अवस्था शिक्षकको अध्ययन विदा स्वीकृतीका सम्बन्धमा पूर्वशर्तहरु नियमावलीमा तोकेको देखिन्छ । एक आर्थिक वर्षमा कति जना शिक्षकहरुलाई कुन तहको अध्ययनको लागि अध्ययन विदा दिन सकिने भन्ने सम्बन्धमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | सो नियमावलीमा स्पष्ट कुनै व्यवस्थ रहे भएको देखिन्न । विदा स्वीकृत गर्ने सम्बन्धमा जिल्ला शिक्षा अधिकारीलाई भएको अधिकार निजले सोहीनियमावलीको नियम १०६ र १०७ को मापदण्डभित्र रही गर्नुपर्ने आधारहरु तोकिएको छ । शिक्षकको अध्ययन विदाका सम्बन्धमा नियमावलीमा तोकिएको मापदण्ड भन्दा अन्य अतिरिक्त मापदण्डहरु पनि तोक्नुपर्ने अवस्था भएमा सो नियमावलीले स्पष्ट अधिकार प्रदान गरी सम्बन्धित मन्तालय वा विभागले अन्य मापदण्ड तोक्न सक्ने भन्ने व्यवस्था गरेको हुनपर्नेमा सो समेतको कुनै व्यवस्था नियमावलीमा रहे भएको देखिदैन । शिक्षा नियमावली, २०४९ लाई २०४९ अन्तर्गत शिक्षकको अध्ययन विदामा एकरुपता गर्ने सम्बन्धमा जारी गरेको पूर्व परिपत्रमा उल्लेखित मापदण्डलाई नयाँ नियममा समावेश पनि नगरेको र पूर्व परिपत्रलाई निरन्तरता दिने गरी कुनै कानूनी व्यवस्थ समेत गरेको देखिदै । पुरानो नियममा कुनै स्पष्ट व्यवस्था नभएको अवस्थामा त्यस्तो अभावलाई पूर्ति गर्न जारी गरिएको परिपत्र नयाँ नियम जारी भईसक्दा पनि पुरानै परिपत्र कायम नै रहन्छ भनी अर्थ गर्नु स्वयममा स्वास्थकर अध्यास र कानूनी राज्यको मान्य सिद्धन्तसंगत हुन्छ भन्न सकिन्न । प्रशासकीय शक्ति (Administrative power) को प्रयोग गरी मन्त्रालय वा विभागले जारी गर्ने परिपत्रहरुको स्थितिका | |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्बन्धमा यस फैसलाको विभिन्न प्रकरणहरुमा व्याख्या र विवेचना गरि सकिएको हुँदा प्रस्तुत मुद्दाका सन्दर्भमा यी पुनरावेदकले शिक्षा नियमावली, २०५९ को नियम १०६ (९) को योग्यता पुगेको शिक्षकहरुमध्ये सोही नियमावलीको नियम १०७ को उपनियम (२) बमोजिम सम्बन्धित व्यवस्थापन समितिको सिफारिमा दुर्गम जिल्लामा दक्ष जनशक्ति निर्माण गर्ने, तयसमा पनि महिला शिक्षिकालाई प्रोत्साहन गर्ने नीति र उद्देश्य अनुरुप अध्यापन सम्बन्धी विषयमा वि.एड. पढ्न अध्ययन विदा स्वीकृत गरेको भन्ने देखिएको अवस्थामा सजाय गर्नु न्यायसंगत नदेखिदा यी पुनरावेदकलाई शिक्षा मन्त्रालयका सचिवले मिति २०६८।४।३ मा नसिहत दिने गरी गरेको विभागीय सजायको निर्णय वदर हुने ठहर्छ ।<br><br>परिपत्र कानून जस्तो राजपत्रमा प्रकाशित नहुने कारण परिपत्र जारी भएको लामो अन्तरालसम्म पनि कानून सरह सबैले जानकारी राखेकै हुनु पर्छ भन्नु पनि व्यवहारिक हुन सक्ने देखिदैन । त्यसैले मन्त्रालय वा विभागबाट आफ्नो मातहतका कार्यालय वा पदाधिकारीलाई समय समयमा जारी गरिने निर्देशन वा परिपत्र विधायिकी शक्ति (Legislative power ) वा प्रशासकीय शक्ति (Administrative power) के कुन स्रोतबाट जारी गरिएको हो, त्यसमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्पष्ट भई परिपत्रहरु प्रकाशनका् प्रवन्ध गर्ने सम्बन्धमा उपयुक्त व्यवस्थ गर्न र कसैको हक अधिकारमा असर गर्ने आधारभूत कुराहरु परिपत्रबाट निर्देशित गरी प्रशासन सञ्चालन गर्नु कानूनी राज्यको मान्यता अनुकूल पनि नहुने हुँदा विषयवस्तुको गाम्भिर्यतालाई हेरी महत्वपूर्ण विषयहरु नियम कानूनमा नै समावेश गरी लागू गर्ने गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न शिक्षा मन्त्रालयका सचिवको नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ । यो फैसलाको प्रमाणिात प्रतिलिपि जानकारीका लागि शिक्षा मन्त्रालयका सचिव तथा नेपाल सरकारको जानकारीको निम्ति मुख्य सचिव समक्ष प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनू | |

## राष्ट्रिय सूचना आयोग

| क्र.सं | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र कार्यान्वयनका लागि जिम्मेवार निकायहरु | आदेशको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | अशेष न्यौपाने, सूर्योदय ज्योति माध्यामिक विद्यालय, घट्टेकुलो, काठमाडौं १ निवेदक<br>विरुद्ध<br>परीक्षा नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपु | २०६८।५।६<br>शिक्षा मन्त्रालय | उपरोक्त विवरण भएको प्रस्तुत विवादमा निर्णयतर्फ विचार गर्दा, यसअघि विजय अर्याल पुनरावेदक र त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय प्रत्यर्थी भएको सूचनाको हकसम्बन्धी ऐन अन्तगृत उत्तरपुस्तिकाको प्रतिलिपि माग भएको सम्बन्धमा मिति ०६६ भदौ २९ गते यस आयोगबाट परीक्षकको नामनोसी नखुल्ने गरी त्यस्तो उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि | "माध्यामिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०६८" मा आदेशानुसारको प्रावधान समावेश गरिसकिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | मागकर्तालाई दिनु पर्ने ठहर गरी निर्णय भै सकेको र त्यस निर्णयका विरुद्ध त्रि.वि. का रजिष्टार एवं त्रि.वि. केन्द्रिय परीक्षा संचालक समितिका अध्यक्ष प्रा. भीमराज अधिकारीले सम्मानित सर्वोच्च अदालतमा रिट दायर गरेकोमा सर्वोच्च अदालतबाट "संविधानको धारा २७ अन्तर्गत आफ्नो उत्तरपुस्तिकाको प्रतिलिपि माग गर्ने र उत्तरपुस्तिकाको प्रतिलिपि पाउने प्रत्येक परीक्षार्थीको हक भएको" भनी मिति २०६८।२।४ गते आदेश भै सिद्धान्त प्रतिपादन भइसकेको छ । प्रस्तुत विवादमा पनि निवेदक अशेष न्यौपानेले निजको २०६७ सालको एस.एल.सी. परीक्षाको उल्लेखित विषयहरुका उत्तपुस्तिकाहरुको प्रमाणित प्रतिलिपि माग गरेको हुँदा मुद्दाको प्रकृति उही एउटै प्रकृतिको देखिएकोले प्रस्तुत विवादमा थप विवेचना गरिरहनु परेन । अतः निवेदक अशेष न्यौपानेले मिति २०६८।४।५ मा माग गरेबमोजिम तपसिलका उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि परीक्षक तथा सम्परीक्षकको नाम नामेसी नखुल्ने गरी निजलाई उपलब्ध गराउन आदेश जारी गरिएको छ । | |